# स्थायी संस्थापन सम्बन्धी निर्देशिका, २०७७

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौं।

प्रकाशकः आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं।
फोनः ४४१५८०२, ४४१५८०३, ४४१२२४७, ४४१९७१९, ४४३९७८९
फ्याक्सः ४४११७८८
e-mail : policyird@ird.gov.np
website : www.ird.gov.np

सर्वाधिकारः : आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं।

प्रकाशन मितिः २०७७, पौष।

# भूमिका

खुला अर्थतन्त्र र विश्वव्यापीकरण सँग-सँगै पुँजी, प्रविधि, श्रमको स्वतन्त्र प्रवाह र बहुराष्ट्रिय कम्पनीहरूको उपस्थितले गर्दा व्यापार तथा लगानी विश्वभर फैलिएको र निरन्तर रूपमा बढ्दै गएको छ। विश्वव्यापीकरणले गर्दा पुँजी, प्रविधि र श्रम कुनै एक राष्ट्रको मात्र सम्पत्ति नभई विश्वको सीमाविहीन सामूहिक सम्पत्ति बन्न पुगेको छ। नेपालले आर्थिक उदारीकरणको नीति अवलम्बन गरे पश्चात् विभिन्न अन्तराष्ट्रिय कम्पनीहरू विभिन्न स्वरुप र ढाँचामा नेपालमा आई विभिन्न उद्योग,व्यवसाय, सेवा स्थापना, सञ्चालन तथा लगानी विस्तार गरिरहेका छन्। यस्ता अन्तराष्ट्रिय कम्पनीहरू एक देशको बासिन्दा व्यक्ति हुने तर अर्को देशमा स्थायी संस्थापनको माध्यमबाट व्यवसाय सञ्चालन गरिरहेका हुन्छन्। यसरी बढ्दो विश्वव्यापीकरणको कारण सीमाविहीन बनेको व्यवसायको प्रभावले एक देशको बासिन्दा व्यक्तिले अर्को देशमा यस किसिमको स्थायी संस्थापनको माध्यमबाट आर्थिक गतिविधि सञ्चालन गर्ने अवधारणा सामान्य हुँदै आएको छ।

विश्वव्यापी पुँजी, प्रविधि, श्रम र उद्यमशीलताको प्रयोग गरी विभिन्न स्वरुप र ढाँचामा हुने लगानी, व्यवसाय र सेवा सञ्चालन गरी कुनै पनि देशबाट प्राप्त गरेको आयमा सो देशको कर लगाउन सक्ने अधिकार हुने विश्वव्यापी मान्यता रहेको छ।आयको स्रोत भएको मुलुकमा कर लाग्ने सम्बन्धमा प्रत्येक मुलुकले आफ्नो कर कानून बमोजिम कर लाग्ने व्यवस्था गरी कराधार (Tax Base) को संरक्षण गर्ने गरेको पाइन्छ।नेपालमा पनि विदेशी व्यक्ति, कम्पनी वा निकायले विभिन्न माध्यमबाट लगानी, व्यवसाय र सेवा सञ्चालन गरिरहेका छन्। यसरी नेपालमा व्यवसाय सञ्चालन गरी प्राप्त गरेको आयमा नेपालको कर कानूनले नेपालमा कर लगाउन सक्ने कानूनी व्यवस्थाको सुनिश्चितता प्रदान गरेको भएता पनि विभिन्न स्वरुप र ढाँचामा हुने विदेशी व्यक्तिको व्यवसायको आयको पहिचान गरी सोमा करारोपण गर्ने सम्बन्धमा स्पष्ट व्याख्या सहितको एकीकृत निर्देशिका नभएको हुँदा कर प्रशासनमा अन्यौलता र कर व्यहारमा विविधता हुन गएको सन्दर्भमा स्थायी संस्थापन सम्बन्धी निर्देशिका बनाई लागू गर्नु अपरिहार्य हुन गएको छ।

नेपालको कर कानूनमा कर लगाउने सम्बन्धमा व्यक्तिलाई बासिन्दा व्यक्ति र गैर बासिन्दा व्यक्ति वर्गीकरण गरी कर व्यवहार गर्ने गरिएको छ। आयकर ऐन, २०५८ ले **कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमा व्यवसाय सञ्चालन गर्ने स्थानकोरूपमा "स्थायी संस्थापन"** लाई परिभाषित गरेको छ। साथै के-कुन अवस्थाहरूमा नेपालमा व्यवसाय सञ्चालन गर्ने स्थान स्थायी संस्थापन हुने भन्ने विषय समेत उक्त परिभाषामा समावेश गरिएको छ। गैरबासिन्दा व्यक्तिको नेपालमा रहेको स्थायी संस्थापन बासिन्दा व्यक्ति हुने व्यवस्था पनि आयकर ऐन, २०५८ ले गरेको छ। यस बमोजिम स्थायी

संस्थापनले नेपालमा सञ्चालन गरेको व्यवसायबाट प्राप्त आयमा आयकर ऐन, २०५८ बमोजिम बासिन्दा व्यक्ति सरह नेपालमा कर तिर्नुपर्दछ। नेपालमा स्थायी संस्थापनहरूलाई कर लाग्ने विषयमा आयकर ऐन, २०५८ मा स्पष्ट व्यवस्था भए तापनि स्थायी संस्थापनको समग्र करारोपणको विषय जटिल भएको र विगतमा विभिन्न विज्ञहरूले दिएका प्रतिवेदनहरूमा समेत स्थायी संस्थापन सम्बन्धी निर्देशिका जारी गर्नुपर्ने आवश्यक्तालाई औंल्याउँदै आएको सन्दर्भमा आयकर ऐन, २०५८ ले गरेको व्यवस्थाको अधिनमा रही जारी भएको स्थायी संस्थापन सम्बन्धी प्रस्तुत निर्देशिकाले स्थायी संस्थापनहरूको पहिचान तथा निर्धारणमा स्पष्टता प्रदान गरी समग्र कर प्रशासनलाई यस विषयमा स्पष्टता र कर व्यवहारमा स्थिरता प्रदान गर्ने अपेक्षा गरेको छु।

कुनै एक देशको बासिन्दा व्यक्तिलाई अर्को देशमा कर लाग्ने विषयलाई अन्तर्राष्ट्रिय कर कानूनले समेट्दछ। यसरी गैरबासिन्दा व्यक्तिलाई कर लगाउने विषय प्रत्येक देशपिच्छे फरक फरक हुने र प्रत्येक देशको कर कानून नै प्रधान हुन्छ। स्थायी संस्थापनको अवधारणा स्रोत मुलुकलाई कर लगाउने क्षेत्राधिकारको विषयको रूपमा मात्र महत्वपूर्ण नभई गैर बासिन्दा व्यक्तिको कुनै देशमा स्थायी संस्थापनमार्फत् व्यवसाय सञ्चालन गर्दा त्यस्तो संस्थापनले कर कसरी तिर्ने, आय विवरण कहाँ दाखिला गर्ने भन्ने विषय पनि उत्तिकै महत्वपूर्ण हुन्छ। यसर्थ, यस स्थायी संस्थापन सम्बन्धी निर्देशिकाले स्थायी संस्थापनमार्फत् व्यवसाय गर्ने व्यक्तिलाई नेपालमा स्थायी संस्थापनको दर्तादेखि बन्द गर्दाको अवस्थासम्मका प्रक्रिया तथा कर परिपालनाको समग्र व्यवस्थाका सम्बन्धमा थप स्पष्टता प्रदान गर्ने अपेक्षा समेत लिएको छु।

यस निर्देशिकाले स्थायी संस्थापन सम्बन्धमा आयकर ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरूलाई सरलीकृत गरी करसम्बन्धी द्विविधाहरू निराकरण गर्ने, राष्ट्रिय कराधारको संरक्षण गर्दै अन्तराष्ट्रिय लगानी अभिवृद्धिमा समेत महत्वपूर्ण योगदान दिनेछ भन्ने अपेक्षा गरेको छु। साथै नेपालमा कारोबार गरेर पनि पहिचान नभई स्थायी संस्थापनकोरूपमा करको दायरामा नआएका व्यक्तिहरूलाई करको दायरामा ल्याउन तथा करको नयाँ आधार विस्तार गरी राजस्व अभिवृद्धि गर्न यो निर्देशिका कोशेढुङ्गा सावित हुने आशा गरेको छु।

यस स्थायी संस्थापन सम्बन्धी निर्देशिका तर्जुमाको लागि विज्ञ परामर्शदाताको व्यवस्थापन गरी निर्देशिकाको मस्यौदा तयारी गर्न सहयोग गर्नुहुने German Development Cooperation, Revenue Administration Support Project (RAS) का चिफ टेक्निकल डाइरेक्टर श्री डेभिड डेभिड्सन तथा टेक्निकल एड्भाइजर ट्याक्सेसन श्री षडानन्द गुरूङ्गलाई विभागको तर्फबाट धन्यवाद दिन चाहन्छु। यो निर्देशिकाको मस्यौदा तयार गर्नुहुने परामर्शदाता एफ.सि.ए. श्री भवनाथ दाहालप्रति विभागको तर्फबाट विशेष धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु। विज्ञ परामर्शदाताबाट प्राप्त मस्यौदालाई

राय/सुझावसहित अन्तिम रूप दिई निर्देशिका तर्जुमाका लागि गठित कार्यटोलीका संयोजक तत्कालीन उप-महानिर्देशक श्री थानेश्वर गौतम, हाल संयोजक उप-महानिर्देशक श्री गजेन्द्र कुमार ठाकुर, मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर प्रशासक श्री अर्जुन प्रसाद भट्टराई, विभागका निर्देशकहरू श्री पदम कुमार श्रेष्ठ, श्री महाराज कोइराला, श्री अर्जुन ढकाल, श्री लाल प्रसाद शर्मा पङ्गेनी, ठूला करदाता कार्यालयका प्रमुख कर अधिकृतहरू श्री जगदिश बसेल, श्री केदारनाथ शर्मा, आन्तरिक राजस्व कार्यालय, दाङ्गका प्रमुख कर अधिकृत श्री गोपीकृष्ण कोइराला, आन्तरिक राजस्व कार्यालय, ललितपुर-१ का प्रमुख कर अधिकृत श्री जीवन कुमार घिमिरे, आन्तरिक राजस्व कार्यालय, सुर्खेतका प्रमुख कर अधिकृत श्री राम प्रसाद मैनाली, अर्थ मन्त्रालयका उपसचिवद्धय श्री शरद निरौला र श्री विश्वबन्धु पौडेललाई पनि विशेष धन्यवाद दिन चाहन्छु। यस निर्देशिका तर्जुमाको लागि सदैव महत्वपूर्ण सुझाव र सल्लाह प्रदान गर्नुहुने विभागका उप-महानिर्देशकहरू श्री मुक्ति प्रसाद पाण्डे, श्री शिवादेवी दाहाल, सूचना प्रविधि विज्ञ श्री रमेश पौडेल र निर्देशक श्री मदन दहालप्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यस निर्देशिका तयार पार्ने क्रममा खटिनु हुने आन्तरिक राजस्व कार्यालय, जुम्लाका कर अधिकृत श्री युवराज बस्नेत, विभागका शाखा अधिकृतद्धय श्री अम्विका प्रसाद फयल र श्री रुपेश जँग थापा मगरलाई पनि म विशेष धन्यवाद दिन चाहन्छु।

यो निर्देशिकाको निर्माण र प्रकाशनका लागि सदैव उत्प्रेरणा, मार्गदर्शन र पृष्ठपोषण प्रदान गर्नुहुने माननीय अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेलज्यू, अर्थसचिव श्री शिशिर कुमार ढुङ्गानाज्यू, राजस्व सचिव श्री रामशरण पुडासैनीज्यू र राजस्व व्यवस्थापन महाशाखाका सह-सचिव श्री रामेश्वर दंगालज्यू प्रति यस विभाग हार्दिक आभार व्यक्त गर्दछ।

अन्त्यमा, यस निर्देशिकाले स्थायी संस्थापनको करारोपणको सम्बन्धमा स्पष्ट दिशानिर्देश गर्ने अपेक्षा गरेको छु। साथै यस निर्देशिकाले समेट्न नसकेका र प्रष्ट्याउन नसकेका विषयहरूको सम्बन्धमा कुनै रचनात्मक सुझावहरू भएमा त्यसलाई समेत ग्रहण गरी आगामी संस्करणमा सुधार गर्दै लैजाने प्रतिवद्धता पनि व्यक्त गर्न चाहन्छु।

**बिनोद बहादुर कुँवर**
**महानिर्देशक**

**२०७७, पौष**

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| परिच्छेद-१ | परिचय (**Introduction**) | १-३ |
| परिच्छेद-२ | परिभाषा (**Definition**) | ४-१० |
| परिच्छेद-३ | स्थायी संस्थापन निर्धारणका आधारहरू | ११-१८ |
| परिच्छेद-४ | व्यवसाय गर्ने स्थान संस्थापन निर्धारण गर्ने तरिका | १९-३० |
| परिच्छेद-५ | एजेन्सी संस्थापन निर्धारण गर्ने तरिका | ३१-३८ |
| परिच्छेद-६ | निर्माण संस्थापन निर्धारण गर्ने तरिका | ३९-४६ |
| परिच्छेद-७ | सेवा संस्थापन निर्धारण गर्ने तरिका | ४७-४९ |
| परिच्छेद-८ | अन्य सान्दर्भिक विषयहरूमा स्थायी संस्थापन निर्धारण गर्ने तरिका | ५०-५३ |
| परिच्छेद-९ | दोहोरो कर मुक्ति सम्झौता र स्थायी संस्थापन | ५४-६१ |
| परिच्छेद-१० | स्थायी संस्थापन दर्ता तथा अन्य व्यवस्थाहरू | ६२-६५ |
| परिच्छेद-११ | स्थायी संस्थापनमा कर | ६६-८१ |
| | अनुसूचीहरू | ८२-८६ |

<u>उदाहरणहरूको सूची</u>

पेज नं.


**Figure 1** **Domestic business representation of foreign entity is PE** .......... १२
**Figure 2** **Business for the purpose of PE** .......... १४
**Figure 3** **Factory is business irrespective of place of purchase or sale or use** .......... १५
**Figure 4** **PE incidences in purchase, conversion and sales** .......... १६
**Figure 5** **Sales activity in Nepal is business** .......... १७
**Figure 6** **Sales to Nepali importer is not business in Nepal** .......... १७
**Figure 7** **Nepal to Nepal supply is business in Nepal** .......... १८
**Figure 8** **Business and fixed-place both in Nepal is a PE** .......... २०
**Figure 9** **Business and Fixed base** .......... २१
**Figure 10** **Figures of fixed-base** .......... २२
**Figure 11** **Fixed base may be moving base too.** .......... २४
**Figure 12** **Instances of warehouse or storage as PE** .......... २६
**Figure 13** **Storage for the conversion by third party is not a PE** .......... २७
**Figure 14** **Purchase only is not a business nor a PE** .......... २७
**Figure 15** **Marketing or advertisement or own business is not PE** .......... २८
**Figure 16** **Information gathering or data collection issues** .......... ३०
**Figure 17** **Preparatory work of own business is not a PE** .......... ३१
**Figure 18** **Agency is in-between supplier and buyer** .......... ३४
**Figure 19** **Instances of dependent agent** .......... ३५
**Figure 20** **Foreign supply by Nepali agent is not a PE** .......... ३६
**Figure 21** **Subsidiary working for head office is Agency PE** .......... ३७
**Figure 22** **Independent import as Agency - PE** .......... ३८
**Figure 23** **Sales or delivery is Agency PE** .......... ३९
**Figure 24** **Individual site to be considered for PE** .......... ४२
**Figure 25** **Sub-contract may be separate Site - PE** .......... ४६
**Figure 26** **Domestic sub-contractor needs to counted for the period** .......... ४७
**Figure 27** **More than one income year for Site - PE** .......... ४८
**Figure 28** **More than one income year for Site - PE** .......... ५१
**Figure 29** **Multiple PEs and non-PEs** .......... ५५
**Figure 30** **Period issue on PE** .......... ६७

# परिच्छेद-१
## परिचय (Introduction)

१.१ मुलुकको समृद्धिको आधार सुदृढ अर्थतन्त्र हो। विकसित अर्थतन्त्र भएका मुलुकहरूको व्यापार विस्तार भई आज विश्वभर फैलिएको देख्न सकिन्छ। खुला बजार अर्थतन्त्र र बढ्दो विश्वव्यापीकरणले गर्दा विभिन्न मुलुकहरूकोबीच हुने सीमाविहिन (Boundaryless) व्यापार तथा लगानीमा अभिवृद्धि भई विश्व नै एउटा सिंगो गाउँ (Global Village) को रूपमा परिणत भएको छ। पुँजी, प्रविधि र श्रम कुनै भौगोलिक सीमाभित्रको सम्पत्ति नभई विश्वको साझा सम्पत्तिको रूपमा स्थापित हुन पुगेको छ। सूचना प्रविधिमा भएको आमूल परिवर्तनले कुनै भौतिक उपस्थितिवेगर विश्व व्यापार सम्भव भएको छ। यसर्थ, विश्वका ठूला अर्थतन्त्र भएका मुलुक तथा बहुराष्ट्रिय कम्पनीहरूले आफ्नो व्यापार विस्तारका लागि मुलुकभन्दा बाहिर आफ्नो लगानी विस्तार समेत गर्दै गइरहेको देखिन्छ।

प्रायः सबै विकासशिल एवम् उदीयमान अर्थतन्त्र भएका मुलुकहरूले आफ्नो मुलुकको आर्थिक विकासलाई तीव्रता दिन विभिन्न सुविधाहरू दिई वैदेशिक लगानी एवम् प्रविधिलाई आकर्षित गरिरहेको परिप्रेक्ष्यमा नेपालले पनि वैदेशिक लगानी तथा प्रविधि आकर्षित गरी आर्थिक विकासलाई तीव्रता दिने नीति अवलम्बन गरेको छ। यस क्रममा नेपालमा समेत विभिन्न गैर बासिन्दा निकायहरूले विभिन्न माध्यमबाट नेपालमा व्यापार व्यवसाय तथा लगानी विस्तार गर्दै आएका छन्। अन्तर्राष्ट्रिय आर्थिक कारोवारको सन्दर्भमा मुख्यतः गैर बासिन्दा निकायहरूले नेपालमा दुई किसिमका सीमापार (Cross-border) कारोबारहरू गर्दै आएको पाइन्छ।

पहिलो, आफू बासिन्दा रहेको मुलुक (Home Country) बाट अर्को मुलुक (Host Country) मा प्रत्यक्ष उपस्थितिवेगर कुनै वस्तु वा सेवा वा कुनै वस्तु तथा सेवा मिश्रित सेवाहरूको आपूर्ति गर्ने। दोस्रो, आफू बासिन्दा रहेको मुलुक (Home Country) भन्दा बाहिर अन्य मुलुक (Host Country) मा प्रत्यक्ष उपस्थिति भई वा कुनै एजेन्ट वा कर्मचारीको माध्यमबाट भौतिक संरचनाको निर्माण गर्ने वा कुनै वस्तु वा सेवा वा कुनै वस्तु तथा सेवा मिश्रित सेवाहरूको आपूर्ति गर्ने। पहिलो अवस्थामा उक्त विदेशी कम्पनीले नेपालमा प्रत्यक्षरूपमा उपस्थिति नजनाउने, आफू बासिन्दा भएको मुलुकमा नै रही नेपालको क्रेतालाई वस्तु बिक्री गर्ने हुँदा प्रस्तुत आयको स्रोत नेपाल नभई निज बासिन्दा रहेको मुलुकमा नै हुने हुँदा यस्तो कारोबारमा नेपालमा कर लाग्दैन। तर दोस्रो अवस्थामा भएको सीमापार कारोबारमा उक्त विदेशी कम्पनी बासिन्दा रहेको मुलुकमा (Home Country) र नेपालमा (Host Country) दुवै

ठाउँमा कर लाग्ने/नलाग्ने, नेपालमा कर लगाउन मिल्ने वा नमिल्ने, यदि लगाउँदा के कति दरले लगाउने, गैर बासिन्दा निकायको आफ्नो मुलुकमा नेपालमा तिरेको कर मिलान गर्न पाउने वा नपाउने भन्ने विषयहरू समेत विद्यमान रहने हुँदा यस्तो कारोबारको करारोपण केही जटिल हुने देखिन्छ।

यसरी गैर बासिन्दा व्यक्तिबाट हुने सीमापार (Cross-border) कारोबारको आयको न्यायोचित करारोपण (Right Taxation) को लागि अन्तर्राष्ट्रियरूपमा स्थापित स्थायी संस्थापन (Permanent Establishment) सम्बन्धी अवधारणालाई समेत विचार गर्नुपर्दछ। यसबाट गैर बासिन्दा व्यक्तिको नेपालमा रहेको स्थायी संस्थापनलाई कर लाग्ने/नलाग्ने वा निजको मुनाफामा के कति कर लाग्ने भन्ने विषयमा स्पष्ट हुन सकिन्छ। यसका साथै स्थायी संस्थापन सम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्तको अवलम्वन तथा कार्यान्वयनबाट नेपालमा दर्ता भई कारोबार गर्ने स्थायी संस्थापनहरूको व्यावसायिक कारोबारमा पारदर्शिता कायम भई नेपालले प्राप्त गर्नुपर्ने करको निष्पक्ष अंश (Fair Share of Tax) प्राप्त गर्न सकिन्छ। यस सम्बन्धमा करका विविध पक्षहरूको अध्ययन गरी सो सम्बन्धी निर्देशिका/नियम (Guidelines) जारी गर्ने कार्यमा संलग्न रहने मुख्य दुई अन्तर्राष्ट्रिय संस्थाहरू आर्थिक विकास तथा सहयोग संगठन (Organization of Economic Cooperation and Development- OECD) र संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक मामिला विभाग (United Nations Department of Economic and Social Affairs) ले स्थायी संस्थापन सम्बन्धी निर्देशिका/नियम (Guidelines) जारी गरेका छन्। यी दुवै संस्थाबाट जारी भएका निर्देशिका/नियमहरू (Guidelines) यस स्थायी संस्थापन निर्देशिका तर्जुमाको महत्वपूर्ण आधारको रूपमा रहेका छन्।

बदलिँदो विश्व परिवेशले व्यवसायका प्रकृति, किसिम तथा तरिकाहरूमा पनि बदलाव आएका छन्। विशेषतः नेपालमा गैर बासिन्दा निकायहरूबाट विभिन्न प्रकृतिका व्यवसायहरू सञ्चालन भईरहेको सन्दर्भमा ती स्थायी संस्थापनहरूको पहिचान, निर्धारण र प्रशासनका साथै विद्यमान कानूनमा भएका व्यवस्थाहरूलाई विभिन्न उदाहरणहरूको माध्यमबाट सरलीकृत गर्ने प्रयास यस निर्देशिकामा गरिएको छ। प्रस्तुत निर्देशिकाबाट स्थायी संस्थापन सम्बन्धमा आयकर ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरूमा समेत थप स्पष्टता कायम हुने हुँदा कर प्रशासनबाट अन्तर्राष्ट्रिय करको प्रभावकारी अभ्यास र स्थायी संस्थापनबाट नेपालमा हुने कारोबारको न्यायोचित करारोपण हुने अपेक्षा गर्न सकिन्छ।

यस निर्देशिकामा परिभाषालाई वर्णानुक्रम अनुसार राखिएको छ। परिभाषाको शीर्षक र ऐनका दफाहरू उल्लेख गर्दा **गाढा अक्षर (Bold Letters)** र नियमलाई ***छड्के गाढा अक्षर (Bold***

***Italic Letters***) प्रयोग गरिएको छ। साथै निर्देशिकामा ऐन, नियमको व्याख्या गर्दा आर्थिक ऐन, २०७७ ले आयकर ऐन, २०५८(सं.स.) मा संशोधन गरी कायम गरेका व्यवस्थाहरूलाई समेत आधार लिई बनाइएको छ। आयकर ऐन, २०५८, आयकर नियमावली, २०५९ र आयकर निर्देशिका, २०६६ (सं.स.) को प्रयोग, प्रचलन र व्याख्याको क्रममा यस निर्देशिकाको प्रयोग गरिनुपर्दछ। स्थायी संस्थापनको आयकर सन्दर्भमा आयकर ऐन, २०५८ (सं.स.), आयकर नियमावली, २०५९ (सं.स.) तथा आयकर निर्देशिका, २०६६ (सं.स.) पछि यसको स्थान हुनेछ।

## १.२ संक्षिप्त नाम, विस्तार र प्रारम्भः

क. यस निर्देशिकाको नाम **"स्थायी संस्थापन सम्बन्धी निर्देशिका, २०७७"** रहेको छ।

ख. यो निर्देशिका नेपालभर लागू हुनेछ।

ग. यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

घ. यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ मा भएका व्यवस्थाहरू सोही बमोजिम हुनेछन्। यी ऐन नियमहरूमा स्पष्ट नभएका व्यवस्थाहरू यो निर्देशिकाले व्याख्या गरे बमोजिम हुनेछ।

# परिच्छेद-२
## परिभाषा (Definition)

२.१ आयकर ऐन, २०५८ को दफा २ को खण्ड (क) देखि खण्ड (कव) सम्म ऐनमा प्रयोग भएका मुख्य शब्दावलीहरूलाई परिभाषित गरिएको छ। त्यस्तै "स्थायी संस्थापन" सम्बन्धमा आकर्षित हुने ऐनको दफा २ अन्तर्गत विभिन्न खण्डहरूमा उल्लिखित परिभाषाहरूको व्याख्या यस परिच्छेदमा गरिएको छ।

### २.२ परिभाषा एवम् व्याख्या

**(क) निकाय (इन्टिटी)**

आयकर ऐन, २०५८ को दफा २ को खण्ड (भ) को उपखण्ड (५) मा स्थायी संस्थापनलाई निकायको रूपमा परिभाषित गरिएको छ।

**(भ) "निकाय (इन्टिटी)" भन्नाले देहायका संस्था वा सङ्गठन सम्झनु पर्छः–**

**(५) आफू बासिन्दा भएको मुलुकमा अवस्थित नरहेको उपखण्ड (१), (२), (३) र (४) मा उल्लेख भएको संस्था वा सङ्गठनको स्थायी संस्थापन।**

**(ख) बासिन्दा व्यक्ति**

आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कङ) को उपखण्ड (८) मा स्थायी संस्थापनलाई बासिन्दा व्यक्तिको रूपमा परिभाषित गरिएको छ।

**(कङ) "बासिन्दा व्यक्ति" भन्नाले कुनै आय वर्षका सम्बन्धमा देहायका व्यक्ति सम्झनु पर्छः–**

**(८) गैर बासिन्दा व्यक्तिको नेपालमा रहेको विदेशी स्थायी संस्थापन।**

गैर बासिन्दा व्यक्तिको नेपालमा रहेको विदेशी स्थायी संस्थापनलाई नेपालको बासिन्दा मानिन्छ। स्थायी संस्थापन भन्नाले ऐनको दफा २ को खण्ड (कद) बमोजिम कुनै व्यक्तिले पूर्ण वा आंशिकरूपमा व्यवसाय सञ्चालन गर्ने स्थानलाई बुझाउँछ। उदाहरणको लागि, विदेशमा दर्ता भएका निर्माण कम्पनीले नेपालमा कुनै परियोजना सञ्चालन गर्ने उद्देश्यले स्थापना गरेको नेपालस्थित कार्यालय।

**(ग) गैर बासिन्दा व्यक्ति**

आयकर ऐन, २०५८ को दफा २ को खण्ड (थ) मा गैर बासिन्दा व्यक्तिलाई देहाय बमोजिम परिभाषित गरिएको छ।

**(थ) "गैर बासिन्दा व्यक्ति" भन्नाले बासिन्दा व्यक्ति बाहेकको व्यक्ति सम्झनुपर्छ।**

**(घ) रोयल्टी**

**(कक) "रोयल्टी" भन्नाले अमूर्त सम्पत्तिको पट्टा अन्तर्गत गरिएको कुनै भुक्तानी सम्झनु पर्छ र सो शब्दले देहायका उद्देश्यका लागि गरिने कुनै भुक्तानी समेतलाई जनाउँछः–**

**(१) प्रतिलिपि अधिकार, पेटेन्ट, डिजाइन, मोडेल, योजना, गोप्य सूत्र वा प्रक्रिया वा ट्रेडमार्कको प्रयोग वा प्रयोग गर्ने अधिकार राख्ने,**

**(२) प्रविधिको ज्ञान प्रदान गर्ने,**

**(३) चलचित्रजन्य फिल्म, भिडियो टेप, ध्वनी रेकर्डिङ वा कुनै अन्य यस्तै माध्यमको प्रयोग वा प्रयोग गर्ने अधिकार र औद्योगिक, व्यापारिक वा वैज्ञानिक अनुभव प्रयोग गर्ने वा प्रदान गर्ने,**

**(४) उपखण्ड (१), (२) वा (३) बमोजिमका कुरामा सहायक हुने किसिमले कुनै सहयोग प्रदान गर्ने, वा**

**(५) उपखण्ड (१), (२), (३) वा (४) बमोजिमका कुराका सम्बन्धमा पूर्ण वा आंशिक बन्देज मान्ने।**

**तर यस शब्दले प्राकृतिक स्रोत बापतको भुक्तानीलाई जनाउने छैन।**

रोयल्टी शब्दले अमूर्त सम्पत्तिको पट्टा अन्तर्गतका भुक्तानी वा अमूर्त सम्पत्तिको उपयोग बापतका भुक्तानीलाई बुझाउँछ।

**(ङ) विदेशी स्थायी संस्थापन**

आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कण) मा स्थायी संस्थापनलाई विदेशी स्थायी संस्थापनको रूपमा परिभाषित गरिएको छ।

**(कण) "विदेशी स्थायी संस्थापन" भन्नाले खण्ड (भ) को उपखण्ड (५) बमोजिमको निकाय सम्झनु पर्छ।**

विदेशी स्थायी संस्थापन भन्नाले आफू बासिन्दा भएको मुलुकमा अवस्थित नरहेको निकायलाई बुझाउँछ। जस्तै, American Life Insurance Company को नेपालस्थित शाखा कार्यालय विदेशी स्थायी संस्थापन हो।

## (च) विदेश पठाएको आय

आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कड) मा विदेशी स्थायी संस्थापनले विदेशमा पठाएको आयलाई देहाय बमोजिम परिभाषित गरिएको छ।

**(कड) "विदेश पठाएको आय" भन्नाले गैर बासिन्दा व्यक्तिको नेपालस्थित दफा ६८ बमोजिमको विदेशी स्थायी संस्थापनले विदेश पठाउनु पर्ने आय बैङ्क मार्फत विदेश पठाएको वा अन्य कुनै पनि तरिकाले भुक्तानी गरेको रकम सम्झनु पर्छ।**

व्यवसाय वा लगानीका सन्दर्भमा गैर बासिन्दा व्यक्तिको नेपालमा स्थायी संस्थापन हुन सक्दछन्। गैर बासिन्दा व्यक्तिको नेपालस्थित कुनै विदेशी स्थायी संस्थापनको आयमा लाग्ने कर दाखिला गर्ने जिम्मेवारी सोही संस्थापनको हुनेछ। यस्ता विदेशी स्थायी संस्थापन नेपालको प्रचलित कानुन बमोजिम स्वतन्त्र निकाय हुने भए तापनि आफैले स्वतन्त्ररूपमा मुनाफा आदि वितरण गर्न सक्दैनन् र आफूले कमाएको मुनाफा सम्बन्धित Parent Company (गैरबासिन्दा) मा पठाउने गर्छन्। त्यस्तो रकमलाई विदेश पठाएको आय मानिन्छ। गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले कुनै आय वर्षमा विदेश पठाएको आय सो विदेशी स्थायी संस्थापनले सो वर्षमा वितरण गरेको लाभांश रकम बराबर हुनेछ।

## (छ) स्थायी संस्थापन

आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कद) मा स्थायी संस्थापनलाई देहाय बमोजिम परिभाषित गरिएको छ।

**(कद) "स्थायी संस्थापन" भन्नाले कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमा व्यवसाय सञ्चालन गर्ने स्थान सम्झनु पर्छ र सो शब्दले देहायका स्थान समेतलाई जनाउँछः–**

**(१) व्यवसाय सञ्चालन गर्ने सामान्य क्रममा स्वतन्त्र हैसियतले कार्य गर्ने साधारण एजेण्ट बाहेक कुनै एजेण्ट मार्फत कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमा व्यवसाय गर्ने स्थान,**

**(२) कुनै व्यक्तिको मुख्य उपकरण वा मुख्य मेशिनरी रहेको वा प्रयोग गरेको वा जडान गरेको स्थान,**

**(३) कुनै बाह्र महिनाको अवधिमा एकै पटक वा पटक पटक गरी नब्बे दिनभन्दा बढी कुनै व्यक्तिले कर्मचारी मार्फत वा अन्य प्रकारले प्राविधिक, व्यावसायिक वा परामर्श सेवा प्रदान गरेको कुनै देशको एक वा एक भन्दा बढी स्थान, वा**

**(४) कुनै व्यक्तिले नब्बे दिन वा सोभन्दा बढी समयसम्म निर्माण गर्ने, जडान गर्ने वा स्थापना गर्ने आयोजनामा संलग्न रहेको स्थान तथा सो आयोजनाको सुपरिवेक्षण सम्बन्धी क्रियाकलापहरू सञ्चालन गरेको स्थान।**

ऐनको उपर्युक्त परिभाषा बमोजिम "स्थायी संस्थापन" मा चारवटा तत्वहरू रहेका हुन्छन्ः

१. गैर बासिन्दा निकाय [Non-resident entity as owner]

२. सो गैर बासिन्दा निकायको व्यवसाय [Business of that non-resident entity]

३. त्यस्तो व्यवसायको पूरै वा आंशिक भाग [Whole or part of business]

४. त्यस्तो व्यवसायको सञ्चालन स्थान नेपाल [Business activities in Nepal]

"स्थायी संस्थापन" को परिभाषामा उपर्युक्त चार तत्वहरू किटान भए तापनि ती चार तत्वहरूमध्येको चौथो बुँदा/तत्व '**त्यस्तो व्यवसायको सञ्चालन स्थान**' मा समावेश हुने विषयहरूको विस्तारित स्वरूप देहायमा उल्लेख गरिएको छः

**(१) त्यस्तो व्यवसायको सञ्चालन स्थान नेपालमा रहेको एजेन्टमार्फत गरिएको [Business place using through agent]**

**एजेन्सी स्थायी संस्थापन (Agency PE)-** व्यवसाय सञ्चालन गर्ने सामान्य क्रममा स्वतन्त्र हैसियतले कार्य गर्ने साधारण एजेण्ट बाहेक कुनै एजेण्टमार्फत कुनै व्यक्तिको पूर्ण वा आंशिक रूपमा व्यवसाय गर्ने स्थान नेपालमा भएमा सो एजेन्टमार्फत गरिएको कामको स्थान स्थायी संस्थापन हो। स्वतन्त्र एजेन्टले गरेको काम भने स्थायी संस्थापन मानिंदैन। अन्तर्राष्ट्रिय व्यवसायमा सो विदेशीले कुनै करार गर्न अधिकार दिएको स्थानीय एजेन्टले सो अधिकार सामान्य स्वरूपमा नै आफ्नो Principal को नाममा करार गरी प्रयोग गर्ने गरेको अवस्थामा त्यस्तो एजेन्सी स्वतन्त्र हैसियत बाहेकको एजेन्ट (Dependent Agent) मानिन्छ।

**उदाहरण २.२.१-** मानौं, American Sports Inc. ले आफ्नो सामान नेपालमा बिक्री वितरण गर्ने उद्देश्यले नेपालको बासिन्दा Amco Sports Pvt. Ltd. लाई वितरक नियुक्त गरेको रहेछ र Amco Sports Pvt. Ltd. ले आफ्नो सामान सो अमेरिकी कम्पनीबाट आयात गरी आफ्नै

जोखिम र दर विश्लेषणमा आफै दर निर्धारण गरी सामान बिक्री गर्ने गरेको छ। बिक्रीका लागि नेपालमा आयात गरिएको सो सामानमा अमेरिकी कम्पनीको स्वामित्व, बिक्री मूल्य वा सम्भाव्य ग्राहकका सम्बन्धमा कुनै प्रतिबन्ध वा विशेष सहयोग हुँदैन, केवल सो अमेरिकी कम्पनीले नेपालमा सामान पठाउँदा Amco Sports Pvt. Ltd. मार्फत पठाइदिन्छ। यस्तो अवस्थामा Amco Sports Pvt. Ltd. को व्यवसायमा अमेरिकी कम्पनीको सहयोग देखिए तापनि आफ्नो कारोबार सञ्चालनमा पूर्णरूपमा स्वतन्त्र भएकाले सामान्य आयातकर्ता मात्र हो। यस अवस्थामा Amco Sports Pvt. Ltd. अमेरिकी कम्पनीको नेपाली स्थायी संस्थापन होइन।

सोही उदाहरणमा Amco Sports Pvt. Ltd. ले गर्ने बिक्रीको दर अमेरिकी कम्पनीले तोक्ने र नाफा घाटा अमेरिकी कम्पनीले व्यहोर्ने गरी कारोबार गर्ने एजेन्सी Dependent Agent को रूपमा स्थायी संस्थापन मानिन्छ। Dependent Agent हुन घोषणा वा कागजातभन्दा पनि व्यवहार प्रधान हुन्छ। Dependent Agent ले आफ्नो मूल कम्पनीको स्थायी संस्थापनको कारोबार र सो कारोबारबाट आफूले पाउने कमिशन वा अन्य प्रकारको प्रतिफल सहितको आफ्नो कारोबारको बेग्लाबेग्लै आय विवरण बुझाउनु पर्दछ।

### (२) त्यस्तो व्यवसायको सञ्चालन स्थान नेपालमा रहेको कारखाना वा अन्य स्थलमा भएको [Business place as fixed-place]

**व्यवसाय गर्ने स्थान (Fixed Place)-** व्यक्तिले आफ्नो व्यवसाय सञ्चालन गर्ने स्थान (Fixed Place) लाई स्थायी संस्थापन (Permanent Establishment) भनिन्छ। स्थायी संस्थापनको कर व्यवहारका लागि विदेशी स्थायी संस्थापनको रूपमा हेरिनु पर्दछ। गैर बासिन्दाले नेपालमा व्यवसाय सञ्चालन गर्ने गरी जुनसुकै प्रकारले स्थापना गरेको संरचना स्थायी संस्थापन हो। यस्तो संरचनामा शाखा, फ्याक्ट्री, वर्कसप, व्यवस्थापन स्थल, तेल कुवा, खानी, ग्याँस कुवा, कृषि वा वनस्पती फार्म, आदि पर्दछन्। गैर बासिन्दाको नेपालमा रहेको व्यवसाय गर्ने स्थान (Fixed Place) बाट गरिएको व्यवसाय स्थायी संस्थापन हुन्छ र यस सम्बन्धमा उसको बसाई अवधि गणना गर्नुपर्दैन।

**उदाहरण २.२.२-** मानौं, American Sports Inc. ले आफ्नो सामान नेपालमा बिक्री वितरण गर्ने उद्देश्यले दरवारमार्गमा शाखा कार्यालय खोलेको रहेछ। आयकर ऐन, २०५८ मा निकाय वा प्राकृतिक व्यक्तिलाई कर लाग्ने व्यवस्था गरिए तापनि गैर बासिन्दाको शाखामात्र भएपनि स्थायी संस्थापनको रूपमा कर लाग्दछ। स्थान प्रधान रहेको अवस्थामा सो संरचना कति दिन नेपालमा प्रभावकारी रह्यो गणना गरिरहन पर्दैन।

**(३) त्यस्तो व्यवसायको सञ्चालन स्थान नेपालमा गरिएको निर्माणस्थल भएको [Business place as construction site]**

**निर्माण र जडान सम्बन्धी स्थायी संस्थापन (Construction PE)-** गैर बासिन्दा व्यक्तिले नेपालमा कुनै निर्माण, जडान वा स्थापना गर्ने सम्बन्धी काम गरेको वा सोसँग अनुसांगिक सेवा प्रदान गरेको अवस्थामा सो निर्माण, जडान वा स्थापना गर्ने स्थानमा सो गैर बासिन्दाको उपस्थिति निरन्तर ९० दिन वा सोभन्दा बढी भएमा उक्त निर्माण, जडान वा स्थापना स्थान नै स्थायी संस्थापन हुन्छ।

**उदाहरण २.२.३-** मानौं, Singapore Construction Company ले मेलम्ची आयोजनाको टनेलको लेदो सुकाउने कार्यका लागि १०० दिनको कार्यदिश पाएछ। उक्त कम्पनीले आफ्नो कार्य सम्पादन गर्न ५ जना कर्मचारी पठाएको रहेछ र ती कर्मचारीहरूले तोकिएको कार्य ९५ दिनभित्र सम्पन्न गरेका रहेछन्। यस अवस्थामा Singapore Construction Company ले नेपालमा लगातार ९० दिनभन्दा बढी संलग्न रही कार्य सम्पादन गरेकोले स्थायी संस्थापन मानिन्छ।

**(४) त्यस्तो व्यवसायको सञ्चालन स्थान नेपालमा गरिएका सेवाप्रवाह स्थल भएको [Business place as service place]**

**सेवा प्रदान गर्ने स्थायी संस्थापन (Service PE)-** गैर बासिन्दा व्यक्तिले नेपालमा सेवा प्रदान गर्ने गरेकोमा आय वर्षको केही अवधि आफ्ना कर्मचारी पठाई वा अन्य प्रतिनिधिद्वारा सेवा प्रदान गरेको हुन सक्तछ। कर्मचारी वा प्रतिनिधि पठाएको अवस्थामा सामान बिक्री वा उत्पादन जस्तो तोकिएको एकै आधार खडा भई व्यवसाय सञ्चालन भएको पनि देखिदैंन। तर गैर बासिन्दाले आफ्नै कर्मचारी पठाई वा अन्य प्रतिनिधित्वको तरिकाबाट नेपालमा सेवा व्यवसाय (प्राविधिक, व्यावसायिक वा परामर्श सेवा वा त्यस्तै प्रकारका सेवा) गरेको अवस्थामा निज कर्मचारी वा प्रतिनिधिको बसाई जम्मा अवधि हरेक बसाई रहेको दिनको विगत १२ महिनाको अवधिको ९० दिन (90 days stay in moving 365 days) पुगेमा सो बसाईको आधारमा सेवा प्रदान गर्ने व्यक्ति स्थायी संस्थापन हुन्छ।

**उदाहरण २.२.४-** मानौं, American Sport Inc. ले नेपालमा खेलकुदको अन्तर्राष्ट्रिय अवसर सम्बन्धी अनुसन्धानको काम पाएको रहेछ। उसले सो काम सम्पन्न गर्न २ कर्मचारी पठाई जनवरी १ देखि ३५ दिन काम गरेछन्। बाँकी काम सम्पन्न गर्न जुलाईमा ३० दिन र

डिसेम्बरमा ६० दिन २ जना कर्मचारी नेपालमा बसी काम गरेका रहेछन्। American Sport Inc. को कर्मचारीहरूले काम सम्पन्न गर्न नेपाल बसाई विगत १२ महिनाको अवधिको ९० दिन (90 days stay in moving 365 days) पुगेकाले सो American Sport Inc. स्थायी संस्थापन भएको मानिन्छ।

## (ज) व्यवसाय

आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कज) मा व्यवसायलाई देहाय बमोजिम परिभाषित गरिएको छ।

**(कज) "व्यवसाय" भन्नाले कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार सम्झनु पर्छ र सो शब्दले त्यस्तै प्रकारका विगत, वर्तमान वा भावी व्यवसायहरुलाई समेत जनाउँछ।**

**तर यस शब्दले रोजगारीलाई जनाउँने छैन।**

रोजगारीका सम्बन्धमा सामान्यतयाः श्रमको उपभोग हुन्छ। त्यस्तै व्यवसाय तथा लगानीमा श्रम तथा पुँजी उपभोग हुन्छ। लगानीमा सामान्यतया सम्पत्ति धारण गर्ने तथा आयआर्जन गर्ने सन्दर्भमा सो व्यक्तिको सक्रिय सहभागिता (Active Engagement) हुँदैन। व्यवसायको सन्दर्भमा भने सो व्यक्तिको आयआर्जन गर्ने कार्यमा सक्रिय सहभागिता (Active Engagement) हुन्छ। कुनै सम्पत्ति धारण गरी सक्रिय सहभागी नभई भाडामात्र आर्जन गर्ने कार्यलाई लगानी मानिन्छ भने सो व्यक्ति सक्रिय सहभागी भई सम्पत्ति एवम् बहाल आयलाई व्यवस्थापन गर्ने गरेको रहेछ भने सोलाई व्यवसाय मानिन्छ। व्यवसाय अन्तर्गत उद्योग (Industry) अर्थात कुनै वस्तु उत्पादन गरी बिक्री गर्ने, व्यापार (Trading) अर्थात कुनै Tangible वा Intangible वस्तुको खरीद बिक्री गर्ने, पेशा (Profession) वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार पर्दछन्।

# परिच्छेद-३
# स्थायी संस्थापन निर्धारणका आधारहरू
## (Bases for Determination of Permanent Establishment)

## ३.१ स्थायी संस्थापन निर्धारणका आधारहरु

आयकर कानून अनुसार कर व्यक्तिलाई लाग्दछ। व्यक्तिको परिभाषाभित्र कम्पनी, फर्म जस्ता निकाय पनि पर्दछन्। कुनै गैर बासिन्दा निकायको नेपालमा कुनै व्यावसायिक क्रियाकलाप भएमा कर लगाउँदा पूरै व्यक्ति (Whole Entity) को रूपमा आय गणना गर्दा आइपर्ने प्रशासनिक झण्झटलाई कम गरी कर निर्धारण प्रक्रियालाई सरलीकृत गर्न स्थायी संस्थापन (Permanent Establishment, PE) को अवधारणा महत्वपूर्ण हुन्छ।

गैर बासिन्दा व्यक्तिले नेपालमा गर्ने कारोबारहरूको सम्बन्धमा कस्तो प्रकृतिका व्यवसायहरू स्थायी संस्थापन हुने र यिनीहरूको निर्धारण कसरी गर्ने भन्ने सम्बन्धमा देहायका विषयहरूलाई आधार लिनुपर्दछ।

### क. आपूर्तिको कार्यले मात्र स्थायी संस्थापन सिर्जना नहुने

आपूर्ति (Supply) र व्यवसाय (Business) दुवै कुरा व्यावसायिक कार्य नै भए तापनि कर प्रयोजनमा फरक व्यवहार हुन्छ। आपूर्तिका कारण गैर बासिन्दा निकायको नेपालमा व्यावसायिक कार्य हुदैमा स्थायी संस्थापन सिर्जना हँदैन। आयकर कानूनमा कस्तो अवस्थामा त्यस्ता व्यावसायिक कार्यहरू व्यवसाय (Business) हुन्छन् भन्ने आधारमा स्थायी संस्थापन सिर्जना हुने अवस्था तोकिएको हुन्छ।

### ख. प्राकृतिक व्यक्ति स्थायी संस्थापन नहुने

आयकर कानूनले प्राकृतिक व्यक्ति (Individuals) र निकाय (Entity) दुई थरिका व्यक्तिको व्यवस्था गरेको छ। स्थायी संस्थापन निकायको समूहमा पर्दछ, प्राकृतिक व्यक्तिमा पर्दैन। प्राकृतिक व्यक्तिको नेपाल स्रोतको आय भएमा सोही प्राकृतिक व्यक्तिलाई कर लाग्ने हुनाले स्थायी संस्थापन हुँदैन।

### ग. स्थायी संस्थापन हुन गैर बासिन्दा निकायको नेपालमा संस्थापन नै हुनुपर्ने

स्थायी संस्थापन हुन गैर बासिन्दा निकायको नेपालमा रहेको संस्थापन (Establishment) नै हुनु पर्दछ। त्यसकारण विदेशमा दर्ता भएका कम्पनी, साझेदारी, सिमित साझेदारी, सरकारी निकाय, विश्वविद्यालय, सामुहिक कोष (युनिट ट्रस्ट), पारिवारिक समूह वा जुनसुकै खालका संस्थागत निकाय (Corporate Body) को नेपालमा स्थायी संस्थापन हुन्छ।

## घ. विदेशमा दर्ता नभएका संरचनाको नेपालमा व्यवस्थापन भए तापनि स्थायी संस्थापन नहुने

विदेशी व्यक्तिहरूबाट संस्थागत भए तापनि विदेशमा दर्ता नभएका संरचना (Unregistered body of individuals) को नेपालमा व्यवस्थापन भएमा भने त्यो संरचना स्थायी संस्थापन नभएर आयकर कानून अनुसारको कम्पनी सरहको निकाय हुन्छ। आयकर ऐन, २०५८ को दफा २ को खण्ड (भ) मा स्थायी संस्थापनलाई निकाय मान्ने गरी देहायको व्यवस्था गरिएको छः

**(भ) "निकाय (इन्टिटी)" भन्नाले देहायका संस्था वा सङ्गठन सम्झनु पर्छः–**

**(५) आफू बासिन्दा भएको मुलुकमा अवस्थित नरहेको उपखण्ड (१), (२), (३) र (४) मा उल्लेख भएको संस्था वा सङ्गठनको स्थायी संस्थापन।**





***Figure 1 Domestic business representation of foreign entity is PE***

## ङ. गैर बासिन्दा निकायको व्यवसाय र त्यस्तो व्यवसायको सञ्चालन अनिवार्य हुने

स्थायी संस्थापन हुनका लागि गैर बासिन्दा निकायको व्यवसाय र त्यस्तो व्यवसायको सञ्चालन अनिवार्य हुन्छ। व्यवसायको परिभाषाका सम्बन्धमा आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कज) मा देहायको व्यवस्था गरिएको छः

(कज) “व्यवसाय” भन्नाले कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार सम्झनु पर्छ र सो शब्दले त्यस्तै प्रकारका विगत, वर्तमान वा भावी व्यवसायहरुलाई समेत जनाउँछ।
तर यस शब्दले रोजगारीलाई जनाउने छैन।

## ३.२ व्यवसायको प्रकृति र स्थायी संस्थापन

व्यवसायमा उद्योग (Conversion of goods), व्यापार (Trading of goods) र पेशा (Rendering services) गरी तीन थरी विषय समावेश हुन्छन्। उद्योग, व्यापार वा पेशासँग सम्बन्धित तयारीजन्य कार्यहरू मात्रै व्यवसाय हुँदैनन्। आपूर्ति (Supply) मात्र हुनु पनि व्यवसाय हुँदैन। व्यवसाय (Business) मा कम्तीमा केही हदसम्मको निरन्तरता रहेको (Ongoing) वा सामान्य अवस्थाको कारोबार (Habitual) दुवै हुन सक्दछ। तर कुनै सामान आयातकर्ताको कार्यालयमा आएर गरिदिने जडान वा सञ्चालन गर्न दिइने तालिम जस्ता एक पटक हुने कारोबार (One time service) वा कसैको सामानको कहिलेकाँही हुने मर्मत (Occasional repair service) यस प्रयोजनका लागि निरन्तरता रहेको व्यवसाय मानिदैन। अर्कोतिर मुख्य कार्यहरूमध्ये जडान नै एक प्रमुख काम भएमा वा परेका बखत मर्मत गरिदिने कार्य भने व्यवसायमा वर्गीकरण हुन्छ।





***Figure2 Business for the purpose of PE***

## ३.३ व्यवसायमा खरीद, रूपान्तरण र बिक्रीः

व्यवसायको प्रकार अनुसार बेग्लाबेग्लै नामाकरण हुनसक्ने भए तापनि व्यवसाय (business) मा मुख्य रूपमा खरीद (Purchase), रूपान्तरण (Conversion) वा बिक्री (Sales) तीन अवस्था रहन्छन्।

(१) खरीद (Purchase) मा स्थानीय खरीद वा आयात दुवै क्रियाकलाप पर्दछन्। खरीदमात्रै भएको रूपान्तर (Conversion) वा बिक्री (Sales) नभएको क्रियाकलाप व्यवसाय होइन।

**उदाहरण ३.३.१-** मानौं, बेलायत कम्युनिटी इन्टेरेस्ट कम्पनी (United Kingdom CIC) ले नेपालबाट कच्चा पदार्थ खरीद गरी बेलायतमा रहेको कारखानामा तयारी माल उत्पादन गर्दो रहेछ। नेपालमा खरीद गरिएका सामानमध्ये केही नेपाली उत्पादन र केही तिब्बती सामान हुने गरेका रहेछन्। नेपालमा खरीद गरेको नेपाली सामान आफ्नो मूख्य कम्पनीमा पठाइ सो मूख्य कम्पनी मार्फत बेलायती र युरोपीय बजारमा बिक्री गर्ने गरेको पनि रहेछ।

बेलायत कम्युनिटी इन्टेरेस्ट कम्पनी (United Kingdom CIC) ले नेपालमा खरीद कार्यमात्र गर्ने गरेकाले त्यो खरीद क्रियाकलाप स्थायी संस्थापन प्रयोजनका लागि नेपालमा गरिएको व्यवसाय मानिदैन। नेपालमा खरीद शाखा नै भए तापनि सो सामान खरीद गरेकै भरमा सो कम्पनीको स्थायी संस्थापन रहेको मानीदैंन।

(२) रूपान्तरण (Conversion) भन्नाले सामानको स्वरूप परिवर्तन गर्ने कारखाना वा उद्योगलाई जनाउँछ। खरीद कार्य नेपालमा गरे वा नगरे पनि रूपान्तरणको कार्य (Manufacturing or Conversion) नेपालमा गरेमा त्यसको बिक्री नेपालभित्र गरे वा नगरेमा पनि वा आफैले उत्पादन गरी मूख्य कम्पनी वा कुनै सम्वद्ध निकायमा सो सामान हस्तान्तरण गरेमा वा उपयोग गरेमा त्यो व्यवसाय हुन्छ।

**उदाहरण ३.३.२-** मानौं, अमेरिका कम्पनी (USA LLC) को नेपालमा कारखाना रहेछ। उक्त कारखानाले आफूलाई चाहिने कच्चा पदार्थ र सहायक कच्चा पदार्थ नेपालमा नै खरीद गर्ने गरेको रहेछ। सो कम्पनीले उक्त कच्चा पदार्थ नेपालमा किने वा नकिने जेसुकै गरे तापनि स्थायी उत्पादनको क्रियाकलाप नेपालमा भएकाले सो नेपालमा रहेको व्यावसायिक क्रियाकलाप हुन्छ। उत्पादनको स्थान नेपाल भएकाले उत्पादित सामान नेपालमा बिक्री हुनु वा नहुनु वा विदेशमा बिक्री हुनु वा नहुनुले नेपालको व्यावसायिक क्रियाकलाप र स्थायी संस्थापन पहिचानमा फरक पर्दैन।





***Figure 3*** ***Factory is business irrespective of place of purchase or sale or use***

(३) नेपालभित्र वा बाहिर जहाँसुकै गरिएको बिक्री (Sales) व्यवसाय हो। बिक्री (Sales) मा देहायका कुनै पनि क्रियाकलाप पर्दछन्:

- उत्पादन गरिएका सामानको बिक्री (Sales of manufactured goods – sales from factory)
- खरीद गरिएका सामानको बिक्री (Trading of goods)
- उत्पादन गरिएका सामानको स्थानान्तरण (Transfer of manufactured goods)
- पेशागत सेवा बिक्री (Professional services)
- सेवा बिक्री (Sale of services)





***Figure 4*** ***PE incidences in purchase, conversion and sales***

(४) खरीद वा उत्पादन जहाँसुकै भए तापनि बिक्रीको कार्य नेपालमा भएमा त्यो व्यवसाय हुन्छ।

**उदाहरण ३.३.३-** मानौं, इन्डिया लिमिटेड (India Ltd.) ले नेपालमा देहाय अनुसारका व्यवसायहरू मध्ये कुनै एक खालको व्यवसाय गर्ने इच्छा गरेको रहेछः

- नेपालमै खरीद गरेको सामान नेपालमा बेच्ने,
- नेपालमा उत्पादन गरेको सामान नेपालमा बेच्ने,
- विदेशमा खरीद गरेको सामान नेपालमा बेच्ने,
- विदेशमा रहेको कम्पनीकै कारखानामा उत्पादित सामान नेपालमा बेच्ने।

नेपालमा सामान बिक्री हुने हुनाले इन्डिया लिमिटेड (India Ltd.) को जुनसुकै खालको व्यवसाय पनि स्थायी संस्थापन प्रयोजनका लागि व्यावसायिक कार्य हुन्छ।





***Figure 5 Sales activity in Nepal is business***

(५) नेपाली आयातकर्तालाई बिक्री गरेकै आधारमा बिक्रीको कार्य नेपालमा भएको मानिंदैन, त्यसैले त्यो नेपालको व्यवसाय हुँदैन।

**उदाहरण ३.३.४-** मानौं, नेपालमा दर्ता रहेको लयँ प्रा. लि. ले श्रीलङ्का लिमिटेड (Sri Lanka Ltd.) बाट केही सामान आयात गरेको रहेछ। श्रीलङ्का लिमिटेडले आफ्नो उत्पादन निर्यात गरेको वा अन्य कसैको उत्पादनको व्यापार गरेको जे भए तापनि नेपाली आयातकर्ताले आयात गरेकै भरमा सो लिमिटेडको नेपालमा व्यवसाय सञ्चालन भएको मानिंदैन।





***Figure 6 Sales to Nepali importer is not business in Nepal***

(६) नेपालमै रहेको गोदाम वा नेपालभित्र अन्य व्यक्ति समक्ष राखिएको सामानको बिक्री वा नेपालमा खरीद गरेको सामान नेपाली आयातकर्तालाई नेपालमै उपलब्ध गराएमा त्यो नेपालमा गरिएको बिक्री कारोबार हो, नेपालमा सञ्चालित व्यवसाय हो।

**उदाहरण ३.३.५-** मानौं, नेपालमा दर्ता रहेको लयें प्रा. लि. ले फ्रान्स कम्पनी (France SARL) बाट केही सामान आयात गर्न खरीद सम्झौता गरेको रहेछ। फ्रान्स कम्पनी (France SARL) ले आफ्नो कारखानामा उत्पादन भएको सामान नेपालमा गोदाम गरी राख्ने गरेको रहेछ। उक्त कम्पनीले लयें प्रा. लि. लाई सोही गोदामबाट नेपालमै स्टोर गरेको सामान उपलब्ध गराएछ। नेपालमा बिक्री कार्य भएकाले सो बिक्री फ्रान्स कम्पनी (France SARL) को नेपालमा सञ्चालित व्यवसाय हुन्छ।

फ्रान्स कम्पनी (France SARL) ले आफ्नो गोदामबाट नदिई नेपालमै खरीद गरेको सामान आपूर्ति गरेको भए तापनि नेपालमै बिक्री गरिएकाले त्यो पनि नेपालमा सञ्चालित व्यवसाय मानीन्थ्यो।





***Figure 7 Nepal to Nepal supply is business in Nepal***

## ३.४ लगानी, रोजगारी वा विशेष व्यवसायको सन्दर्भमा स्थायी संस्थापनः

(१) स्थायी संस्थापन हुनका लागि व्यवसाय अनिवार्य हुनु पर्छ। गैर बासिन्दा निकायको नेपालमा कुनै प्रकारको लगानी रहेको अवस्थामा सो लगानीकै आधारमा स्थायी संस्थापन सिर्जना हुनु हुँदैन।

- ऋण लगानी भएकै आधारमा सो ऋणबाट प्राप्त ब्याजले स्थायी संस्थापन बनाउँदैन। तर, स्थायी संस्थापनको ब्याज आय भने स्थायी संस्थापनको व्यावसायिक आय हुन्छ।
- सुरक्षण (Securities) वा स्थिर सम्पत्ति (Immovable Assets) मा गरिएको लगानी भएकै आधारमा सो सुरक्षणबाट प्राप्त प्रतिफलले स्थायी संस्थापन बनाउँदैन। तर, स्थायी संस्थापनको प्रतिफल आय सोही स्थायी संस्थापनको व्यावसायिक आय हुन्छ।
- ऋणपत्र, सुरक्षण (Securities) वा स्थिर सम्पत्ति (Immovable assets) बिक्रीको लाभका आधारले स्थायी संस्थापन बनाउँदैन। तर, स्थायी संस्थापनले पाएको लाभ आय सोही स्थायी संस्थापनको व्यावसायिक आय हुन्छ।

(२) स्थायी संस्थापन निकायको मात्र हुने हुनाले कुनै विदेशी प्राकृतिक व्यक्तिको रोजगारी वा व्यवसायले निजको नाममा कुनै स्थायी संस्थापन सिर्जना हुँदैन।

(३) आयकर कानून वा नेपालपक्ष भएका कर सन्धिमा बेग्लै आधारमा कर लाग्ने व्यवस्था गरिएका व्यावसायिक क्रियाकलापका आधारमा स्थायी संस्थापन सिर्जना हुँदैन। त्यस्ता विशेष व्यवसायका मूल लगानी बिक्री हुँदा प्राप्त हुने लाभमा पनि कानून वा कर सन्धिमा भएको व्यवस्था बमोजिम मात्र करारोपण हुन्छ।

- आयकर ऐन, २०५८ को दफा ६७ र दफा ७० तथा कर सन्धिहरूका धारा ८ अनुसार अन्तर्राष्ट्रिय उडान गर्ने हवाइजहाजको उडान आय स्थायी संस्थापनको आय हुँदैन।
- आयकर ऐन, २०५८ को दफा ६७ र दफा ७० अनुसार नेपालमा स्थापित सञ्चार उपकरणले गरेको व्यावसायिक क्रियाकलापको आय स्थायी संस्थापनको आय हुँदैन। नेपालमा हुने रोमिङ्ग सेवामा नेपाली दूरसञ्चार सञ्चालककै उपकरण प्रयोग हुने हुनाले रोमिङ्ग सेवाका कारण पनि स्थायी संस्थापन सिर्जना हुँदैन।
- आयकर ऐन, २०५८ को दफा २ को उपदफा (कक) वा कर सन्धिहरूका धारा १२ बमोजिम रोयल्टी आय प्राप्त गरेकै आधारमा स्थायी संस्थापन सिर्जना हुँदैन। तर स्थायी संस्थापनले आर्जन गर्ने रोयल्टी आय भने सोही स्थायी संस्थापनको व्यवसायको आय हुन्छ।

# परिच्छेद-४
# व्यवसाय गर्ने स्थानको स्थायी संस्थापन निर्धारण गर्ने तरिका
# (Method of Determination of Fixed Place of Business PE)

## ४.१ व्यवसाय र स्थानको परिभाषा

कुनै गैर बासिन्दा निकायको व्यवसाय गर्ने स्थान नेपालमा रहेको र सो स्थानबाट व्यवसाय सञ्चालन गरेको अवस्थामा त्यो व्यावसायिक उपस्थिति स्थायी संस्थापन हुन्छ। यसका लागि व्यवसाय (Business) र नेपालमा उपस्थितिको स्थान (Fixed-place) दुवै विषय हुनु अनिवार्य हुन्छ। अर्थात, त्यस्तो व्यवसाय सोही उपस्थितिको स्थानबाट गरिएको हुनुपर्दछ। सो गैर बासिन्दा व्यक्तिको नेपालमा रहेको व्यवसाय पूर्ण वा आंशिक जे भए पनि स्थायी संस्थापन सिर्जना हुनु कुनै फरक पर्दैन।





***Figure 8 Business and fixed-place both in Nepal is a PE***

**नेपालमा उपस्थितिको स्थान (Fixed-place)** भन्नाले सो व्यवसाय गर्न सो गैर बासिन्दा निकायको नेपालभित्र उपस्थिति हुनुपर्दछ। यस सन्दर्भमा स्थान भन्नाले देहायका कुनै अवस्था पनि हुन सक्दछः

- कुनै प्रकारको ठाउँ, सुविधा, उपस्थिति, वा उपकरण (Premises, facilities, installation, equipment)
- निकायले प्रयोग गर्न मिल्ने आफ्नै, भाडाको वा अन्य कुनै अवस्थाको स्थान (Owned, rented, or otherwise in the disposal of enterprise)
- आफैं अन्यसँग मिलेर प्रयोग गर्नका लागि उपलब्ध भएको वा नभएको (Exclusive use to the enterprise or not)

- कर्मचारीको उपस्थिति भएको वा स्व-चालित स्वरूप भएको (Human presence or not as automated machine)

**उपस्थितिको स्थान** व्यवसायको प्रकृति अनुसारको स्थायी हुनुपर्दछ। उदाहरणका लागि गैर बासिन्दा निकायसँग सम्बन्धित (सो निकायकै, सम्बद्ध निकायका, असम्बद्ध विदेशी वा स्वदेशी निकायका) कर्मचारीहरू काम गर्ने स्थान कार्यालय (Office) को स्वरूप स्थायी मानिन्छ। कारखाना (Factory), कार्यशाला (Workshop), गोदाम (Warehouse), वा वनजन्य व्यवसाय (Plantation) वा कृषिजन्य कार्य (Agriculture Farm) जस्ता व्यावसायिक कामहरू पनि आ-आफ्ना स्रोत अनुसार स्थायी प्रकृतिको हुन्छ।





***Figure9 Business and Fixed base***

## ४.२ व्यवसाय गर्ने स्थानको आधारमा स्थायी संस्थापन

### (१) स्थायी संरचनामा कर्मचारीको माध्यमबाट हुने व्यावसायिक कार्य स्थायी संस्थापन हुने

सम्बन्धित कर्मचारीको आवास वा आवास सरहका स्वरूपबाट गरिने व्यावसायिक क्रियाकलाप, अर्काको व्यावसायिक स्थानमा नै गई काम गर्ने वा स्थानीय कर्मचारीबाट नै काम गराएमा पनि त्यो संरचना स्थायी संरचना हुन्छ।





***Figure 10 Figures of fixed-base***

१.१ कर्मचारीबाट हुने व्यावसायिक कार्य स्थायी संस्थापन हुन्छ। कतिपय अवस्थामा गैर बासिन्दा निकायको पूर्वकर्मचारीबाट भएको व्यावसायिक कार्य पनि सो निकायको स्थायी संस्थापन हुन्छ। खासगरी, बहुराष्ट्रिय कम्पनीमा मूल कम्पनीले आफ्ना र सम्बद्ध निकायका कर्मचारीहरूको सञ्चालन गर्ने हुनाले एउटा निकायमा कार्यरत कर्मचारी अर्को कानूनी निकायमा पठाएर तत्कालका लागि कानूनी रूपमा पूर्वकर्मचारी देखिन सक्दछ। यस्ता अवस्थाका कर्मचारीले गरेको व्यावसायिक कार्य पनि सम्बन्धित निकायकै काम हुन्छ र उसको मूल कम्पनीको स्थायी संस्थापन हुन्छ।

१.२ अस्थायी कर्मचारीबाट गरिएको कार्य स्थायी संस्थापन प्रयोजनका लागि सामान्य कर्मचारी सरह नै मानिन्छ।

१.३ गैर बासिन्दा निकायको नेपालको व्यवसाय नेपालकै सेवाप्रदायक वा नेपाली वा विदेशी सहव्यवसायी (Sub-contractor) बाट पूरा गरेको अवस्थामा स्थायी संस्थापन हुन्छ। अवस्था अनुसार गैर बासिन्दा सहव्यवसायी (Sub-contractor) पनि स्थायी संस्थापन हुन सक्दछ।

१.४ व्यवसायको प्रकृति अनुसार मानवीय उपस्थिति नहुने स्वचालित उपकरणको सञ्चालन पनि व्यवसाय र सो व्यवसायको नेपालमा उपस्थिति हुने हुनाले स्थायी संस्थापन हुन्छ।

**उदाहरण ४.२.१-** मानौं, चीन कम्पनी (China YG) ले नेपालको सडक निर्माणको काम गर्न शाखा कार्यालय दर्ता गरेको रहेछ। कम्पनीले आफुले पाएको कार्य नेपाली कम्पनीलाई सहठेक्काको रूपमा दिने गरेको रहेछ।

नेपालमा व्यावसायिक कार्य चीन कम्पनी (China YG) ले गरेको हो सो काम वास्तवमै उसैका स्थायी कर्मचारी आएर गरे गरेनन् भन्ने कुरा स्थायी संस्थापन प्रयोजनका लागि मतलव हुँदैन। कम्पनीले गर्ने काम सो कम्पनीका लागि जसले गरिदिए पनि नेपालको निर्माणको काम चीन कम्पनी (China YG) ले नै गरेको मानिन्छ। शाखा कार्यालय त सोझै स्थायी संस्थापन हुन्छ।

**(२) स्थायी उपस्थितिको अवधि र उपलब्ध स्थानको आधारमा स्थायी संस्थापन हुने**

स्थायी उपस्थिति (Fixed-base) का लागि उपस्थितिको अवधि जतिसुकै लामो वा छोटो हुन सक्दछ र उपलब्ध स्थान पनि जतिसुकै सानो वा ठूलो हुन सक्दछ। उपलब्ध रहेको स्थानमा उसको कानूनी अधिकार वा भाडा सम्झौता भएको वैधानिक स्वरूपको वा अवैधानिक कब्जा पनि स्थायी संस्थापन निर्धारणका लागि एक समान हुन्छ।

**उदाहरण ४.२.२-** मानौं, रुस कम्पनी (Russian OOO) नेपालमा व्यापार गर्दो रहेछ। उसले सो व्यापारका लागि आवश्यक पर्ने पसल कबल, गोदाम वा यस्तै संरचना भाडामा लिएको वा नलिएको वा सार्वजनिक स्थानमा बसेर व्यापार गरेको भए तापनि सो व्यापार नेपालमा भएको मानिन्छ।

**उदाहरण ४.२.३-** मानौं, रुस सूचिकृत कम्पनी (Russian PAO) ले आफ्ना विभिन्न मुलुकका सेवाग्राहीका लागि सफ्टवेयर विकास र मर्मत गर्दो रहेछ। विश्वभरका ग्राहकबाट कम्पनीले पाएको काममध्ये सफ्टवेयरका केही भागको उत्पादन गर्न वा उसका ग्राहकका गुनासा अनुसार सफ्टवेयर मर्मत (Remote Repair) गर्न उसले नेपालमा एक नेपालीको सहयोगमा उत्पादन इकाई खोलेको रहेछ।

उत्पादन वा मर्मतको काम नेपालीको सहयोगमा गरिएकाले त्यो सहयोग व्यवस्थापकीय क्रियाकलाप (Managerial Activities) मानिन्छ। सो इकाईका क्रियाकलापहरू (सफ्टवेयर उत्पादन भएमा अन्य क्रियाकलाप समेत) नेपालमा भएकाले त्यो नेपालमा रहेको उपस्थिति भएको व्यावसायिक क्रियाकलाप हुन्छ र स्थायी संस्थापन हुन्छ।

## (३) व्यवसायको कुनै खास स्थिर स्थान नभए तापनि स्थायी संस्थापन हुने

व्यावसायिक प्रकृति अनुसार सवारी साधन, सडक व्यापार वा त्यस्तै चालु रहने खालका व्यवसायमा कुनै खास स्थिर स्थान नभए तापनि त्यो स्थायी संस्थापन नै हुन्छ।

**उदाहरण ४.२.४-** मानौं, जापान कम्पनी (Japan KK) नेपालमा ढुवानी व्यवसाय गर्दो रहेछ। कम्पनीका केही ट्रकहरू नेपाली सडकमा सामान ओसारपसारमा संलग्न रहेछन्। ती ट्रकहरू ग्राहककहाँ बाहेक अन्त कतै स्टोर गर्ने गरिएको रहेनछ।

ट्रकबाट सामान ढुवानीको कार्य स्वयंमा चलायमान व्यवसाय हो। नेपालमा त्यो चलायमान व्यवसाय भएकाले जापान कम्पनी (Japan KK) को स्थायी व्यावसायिक स्थल नेपालमा मानिन्छ। स्थायी व्यावसायिक स्थल नेपालमा भएकाले त्यो ढुवानी व्यवसायले जापान कम्पनी (Japan KK) को स्थायी संस्थापन सिर्जना गर्दछ।


Running Vehicle


Painter


Moving sales outlet

***Figure 11 Fixed base may be moving base too.***

## (४) आफ्नो संरचना अरू कसैलाई गोदामको रूपमा प्रयोग गर्न दिएमा स्थायी संस्थापन हुने

नेपालमा स्थायी उपस्थित भई, सोही स्थानबाट व्यावसायिक जस्तो देखिने क्रियाकलाप गरे तापनि केही अवस्थामा सो कार्यकै आधारमा नेपालमा स्थायी संस्थापन रहेको मानिंदैन। गैर बासिन्दा निकायले नेपालमा रहेको कुनै व्यक्तिको कुनै संरचनालाई आफ्नो मुलुकमा उत्पादन भएको सामान राख्ने गोदामको रूपमा प्रयोग गरेमा (Storage or Warehouse or Godown of own goods in the premises of third party) वा सोरूम, प्रदर्शनी, वा सूचनागृह (Showroom, Exhibition or Display) भएको अवस्थामा स्थायी संस्थापन मानीदैंन। तर, आफ्नो संरचना अरू कसैलाई गोदामको रूपमा प्रयोग गर्न दिएमा वा अरूका सामान राख्ने गरेमा त्यो

संरचनामा भएको कारोबारले व्यावसायिक क्रियाकलाप सिर्जना गर्ने हुनाले त्यो स्थायी संस्थापन हुन्छ।

**उदाहरण ४.२.५-** मानौं, स्विट्जरल्यान्ड कम्पनी (Switzerland AG) का केही सामान नेपालमा रहेछन्। ती सामान कम्पनीका उत्पादनको प्रदर्शनी गर्न नेपाल ल्याइएका रहेछन्। सामानको प्रदर्शनी गरिने भए तापनि स्विट्जरल्यान्ड कम्पनी (Switzerland AG) ले ती सामान बेच्न ल्याएको होइन रहेछ र उसले प्रदर्शनीस्थलमा कुनै बिक्री सम्झौता गर्ने कार्यक्रम पनि रहेनछ।

उक्त सामान नेपालमा दर्ता रहेको भोतें प्रा. लि. को प्रदर्शनी कक्षमा राखी प्रदर्शनी गरिएको रहेछ।

प्रदर्शनी सकिए पछि स्विट्जरल्यान्ड कम्पनी (Switzerland AG) ले ती सामान फिर्ता लैजान त्यस्तै प्रदर्शनीका लागि नेपाल आएको जर्मन कम्पनी (Germany GmbH) ले भाडामा लिएको गोदाममा राखेछ।

नेपालमा सामान बिक्री नगर्ने प्रदर्शनी मात्र गर्ने हुनाले स्विट्जरल्यान्ड कम्पनी (Switzerland AG) को नेपालमा व्यावसायिक उपस्थिति रहेको मानिदैन र स्थायी संस्थापन पनि हुँदैन। उसले आफ्ना सामान भोतें प्रा. लि. र जर्मन कम्पनी (Germany GmbH) को गोदाम वा जो कसैको गोदाममा राखेकोले स्थायी संस्थापन सिर्जना गर्दैन।

नेपालमा दर्ता रहेको भोतें प्रा. लि. को प्रदर्शनी व्यावसायिक कार्य भएको र बासिन्दा निकाय भएकाले स्थायी संस्थापनको अवधारणा यस कम्पनीमा लागू नै हुँदैन।

जर्मन कम्पनी (Germany GmbH) ले भने नेपालमा आफ्नो गोदाममा आफ्नो सामानमात्र राखेको भए उसको पनि व्यावसायिक उपस्थिति मानिदैनथ्यो। तर स्विट्जरल्यान्ड कम्पनी (Switzerland AG) को सामान पनि गोदाममा राखेकाले उसको त्यो कार्य व्यावसायिक उपस्थितिमा गणना हुन्छ र स्थायी संस्थापन हुन्छ।





***Figure 12 Instances of warehouse or storage as PE***

## (५) कच्चा पदार्थ वा तयारी मालको भण्डारण मात्र गरेमा स्थायी संस्थापन नहुने

कुनै गैर बासिन्दा निकायको स्वामित्वमा रहेको सामान नेपालमा रहेको अर्को निकायले प्रोसेसिङ्ग (Processing) गर्ने गरी आफ्नै वा अरू कसैको वा जसले प्रोसेसिङ्ग गर्ने हो उसैको गोदाममा कच्चा पदार्थ वा तयारी मालको भण्डारण गरेमा पनि त्यो भण्डारण वा प्रदर्शनी सरह नै मानिन्छ, स्थायी संस्थापन हुँदैन।

**उदाहरण ४.२.६-** मानौं, अस्ट्रिया साझेदारी (Austria OG) को नेपालमा कारखाना रहेछ। अस्ट्रिया सिमित साझेदारी (Austria KG) ले आफैं कच्चा पदार्थ खरीद गरी अस्ट्रिया साझेदारी (Austria OG) को नेपालमा रहेको कारखानामा तयारी वस्तु उत्पादन गरी नेपालबाट लैंजादो रहेछ।

अस्ट्रिया सिमित साझेदारी (Austria KG) ले नेपालभित्र वा नेपाल बाहिर जहाँसुकै सामान खरीद गरेको भए तापनि सामान खरीद गरेकै आधारमा स्थायी संस्थापन हुँदैन। त्यसैगरी आफ्नो सामान प्रोसेस गर्न अर्कैको कारखानामा दिएर तयारी वस्तु लैजादाँ पनि स्थायी संस्थापन सिर्जना हुँदैन। यसकारणले अस्ट्रिया सिमित साझेदारी (Austria KG) को नेपालमा व्यवसाय रहेको मानिंदैन।

कारखाना सञ्चालक अस्ट्रिया साझेदारी (Austria OG) को भने नेपालमा कारखाना भएको हुनाले स्थायी उपस्थिति हुन्छ र नेपालमा स्थायी संस्थापन रहेको मानिन्छ।





***Figure13 Storage for the conversion by third party is not a PE***

(६) **आफ्ना लागि मात्रै सामान खरीद गर्न खरीद कार्यालय खोलेकोमा स्थायी संस्थापन नहुने**

गैर बासिन्दा निकायले आफ्ना लागि मात्रै सामान खरीद गर्न नेपालमा खरीद कार्यालय खोलेको भए तापनि, त्यो खरीद कार्यालय स्थायी संस्थापन हुँदैन।

> **उदाहरण ४.२.७-** मानौं, तिब्बतमा व्यापार गर्ने इटाली कम्पनी (Italy Spa.) ले नेपाली सामानहरू खरीद गर्न काठमाण्डौमा खरीद शाखा खोल्यो। नेपालभर खरीद गरी काठमाण्डौमा एकत्र गरिएका सामान तिब्बतको आफ्नो शाखामा व्यापारका लागि पठाइन्छ। खरीदमात्र नेपालमा भएको हुनाले यो स्थायी संस्थापन होइन।





***Figure 14 Purchase only is not a business nor a PE***

(७) **आफ्नै व्यवसायका लागि गरिने Preparatory Work स्थायी संस्थापन नहुने**

आफ्नै उत्पादन वा सामानका विज्ञापन वा प्रवर्द्धनात्मक कार्यहरू व्यावसायिक काम अगाडिका सहायक कार्य (Preparatory Work) हुने हुनाले स्थायी संस्थापन हुँदैन। यस्ता कार्यका लागि नेपालमा खोलिएका सम्पर्क कार्यालय (Liaison Office) पनि स्थायी संस्थापन हुँदैनन्। तर आफ्नै बाहेक अन्य व्यक्तिका विज्ञापन वा प्रवर्द्धनात्मक कार्य गर्ने व्यवसाय वा सम्पर्क कार्यालयको आवरणमा व्यावसायिक कार्य सञ्चालन भने स्थायी संस्थापन हो।

> उदाहरण ४.२.८- मानौं, सर्बियाको सरकारी कम्पनी (Serbia Jp.) ले आफ्नो उत्पादनको नेपालमा व्यापार गर्न चाहेको रहेछ, तर नेपाली उपभोक्तालाई उसका उत्पादनको जानकारी नभएकाले नेपालमा निर्यात गर्न नसकिएको कुरा चाल पाएछ। कम्पनीले नेपालभर आफ्ना उत्पादनको विज्ञापन गर्न एक सम्पर्क कार्यालय खोली विज्ञापनका विभिन्न तौरतरिका अपनाएछ। सम्पर्क कार्यालयले विज्ञापन र उपभोक्ता सर्वेक्षण बाहेकका बिक्रीजन्य कुनै

काम गर्दो रहेनछ।

विज्ञापनजन्य कार्यहरूका कारण सो सर्बियाली कम्पनीको नेपालमा व्यावसायिक उपस्थिति मानिदैन र स्थायी संस्थापन पनि हुँदैन।

सर्बियाको सरकारी कम्पनी (Serbia Jp.) ले आफ्नो साथसाथै अन्य सर्बियाली वा अरू मुलुकका कम्पनी वा आफ्नै सम्बद्ध निकायको विज्ञापन पनि गरेको भए त्यो उपस्थिति व्यावसायिक उपस्थिति मानीन्थ्यो र स्थायी संस्थापन सिर्जना हुन्थ्यो।





***Figure 15 Marketing or advertisement or own business is not PE***

**उदाहरण ४.२.९-** मानौं, पोल्यान्ड कम्पनी (Poland Sp. z o.o.) सफ्टवेयरमा आधारित विज्ञापन गर्दो रहेछ। कम्पनीले नेपाली कम्पनीहरूका विज्ञापन जम्मा गर्न एक नेपाली कम्पनीसँग सम्झौता गरेको रहेछ। नेपाली कम्पनी विज्ञापन जम्मा गर्दो रहेछ र ती विज्ञापन पोल्यान्ड कम्पनीमा पठाइ दिँदो रहेछ। पोल्यान्ड कम्पनीले ती विज्ञापनहरू नेपाली र विदेशी ग्राहकको प्रवृत्ति पहिचान गरेर विकास गरिएको सफ्टवेयर मार्फत सम्भाव्य ग्राहकसमक्ष देखाइ दिँदो रहेछ।

पोल्यान्ड कम्पनीले आफ्ना उत्पादनको विज्ञापन नगरी अरूका विज्ञापनजन्य कार्य गरेकाले यो तयारीजन्य वा सहायक कार्य (Preparatory or Auxiliary Work) होइन, सामान्य व्यवसाय हो। यसले नेपालमा स्थायी संस्थापन सिर्जना हुन्छ।

**(८) आफ्नो लागि मात्रै सूचना संग्रह गर्ने कार्य सम्पर्क कार्यालय मार्फत वा सोझै गरे तापनि स्थायी संस्थापन नहुने**

व्यवसायमा उत्पादक तथा व्यवसायीका सूचना उपभोक्तालाई तथा उपभोक्ताका सूचना व्यवसायीलाई चाहिन्छ। उत्पादकका उत्पादनजन्य सूचना विज्ञापन भए जस्तै उपभोक्ता व्यवहार (Consumer Behavior) का सूचना उत्पादकलाई आवश्यक पर्दछ। गैर बासिन्दा निकायले आफ्ना लागिमात्रै यस्ता सूचना संग्रह गर्ने कार्य नेपालमा खोलिएको सम्पर्क कार्यालयमार्फत वा सोझै गरे तापनि त्यो स्थायी संस्थापन होइन। तर आफू सहित वा आफू बाहेक अन्य व्यक्तिका लागि सूचना संग्रह गर्ने कार्य भने व्यावसायिक अनुसन्धान वा सेवा बिक्री हुने हुनाले स्थायी संस्थापन हुन जान्छ।

**उदाहरण ४.२.१०-** मानौं, पोल्यान्ड सिमित साझेदारी फर्म (Poland sp.k.) ले आफ्ना उत्पादन दक्षिण एसियाली मुलुकमा कत्तिको रुचाइन्छ भनी अध्ययन गर्न खोजेको रहेछ। त्यसका लागि फर्मले नेपालमा उपभोक्ता अध्ययन सम्बन्धी अनुसन्धान कार्य गरेछ।

नेपालमा अनुसन्धान गरिए तापनि यसबाट प्राप्त सूचना सो साझेदारी फर्मले आफ्ना भावी व्यवसायमा प्रयोग गर्ने हुनाले यो नेपालमा सम्भाव्य व्यवसायको पूर्वयोजना र तयारीजन्य कार्य (preparatory work) हो। तयारीजन्य कार्य भएकाले यस्ता अनुसन्धान तथा सूचना संग्रहले नेपालमा व्यावसायिक उपस्थिति मानीदैंन र स्थायी संस्थापन पनि हुँदैन।

तर, फर्मको त्यो अध्ययनको सूचना तथा उपलव्धी पोल्यान्डका अन्य व्यवसायी वा जहाँकहीका व्यवसायीका लागि पनि हुने गरी गरिएको हो भने त्यस्तो उपस्थितिलाई तयारीजन्य कार्य (Preparatory Work) नभनी व्यावसायिक उपस्थिति मानीन्थ्यो र स्थायी संस्थापनमा गणना गरिन्थ्यो।





***Figure 16 Information gathering or data collection issues***

**(९) नेपालको व्यवसायसँग सम्बन्धित नभएको सहायक कामहरू मात्रै नेपालमा भएमा स्थायी संस्थापन नहुने**

गैर बासिन्दा निकायको नेपालको व्यवसायसँग सम्बन्धित नभएको अन्य कुनै तयारीजन्य तथा सहायक कामहरू मात्रै नेपालमा भएमा त्यो स्थायी संस्थापन हुँदैन।

**उदाहरण ४.२.११-** मानौं, मलेसिया कम्पनी (Malaysia Bhd.) ले चीनको तिब्बतमा कुनै काम गर्दौ रहेछ। तिब्बती उचाइका कारणले त्यहाँ काम गर्न जाने कर्मचारीहरूलाई उचाई सम्बन्धी प्रशिक्षण दिन नेपालको कुनै हिमाली जिल्ला उपयुक्त मानीएछ। तालिमको कार्य सो गैर बासिन्दा निकायको व्यावसायिक कार्य नभएको तर नेपालमा गरिएको तालिमको उपयोग भने तिब्बतमा काम गर्ने कर्मचारीलाई उपयोगी हुने हुनाले यो तिब्बती कामका लागि सहायक कार्य (Preparatory Work) भएकाले सो तालिम कार्यले नेपालको स्थायी संस्थापन स्थापना गर्दैन। आवश्यकता अनुसार सो तालिमका लागि नेपालमा स्थायी रूपले तालिम केन्द्र नै भए तापनि त्यस्ता सहायक कार्यले स्थायी संस्थापन सिर्जना गर्दैन।

तर, सो तालिम केन्द्रमा सो निकाय बाहेक अन्य निकायका व्यक्तिहरूलाई पनि तालिम दिइने अवस्थामा भने त्यो व्यावसायिक क्रियाकलाप भएकाले स्थायी संस्थापन हुन्छ।





***Figure 17 Preparatory work of own business is not a PE***

## (१०) **Fixed place of business का आधारमा सिर्जना हुने स्थायी संस्थापनको कर अवधि गणना**

व्यवसाय गर्ने स्थान (Fixed place of business) का आधारमा सिर्जना हुने स्थायी संस्थापनको सुरुवात तयारीजन्य वा सहायक कार्यहरू सम्पन्न गरी व्यावसायिक कार्य गरेका मितिदेखि नै गणना हुन्छ। त्यस्तो स्थानबाट व्यवसाय बन्द गरेका दिन त्यस्तो व्यवसायको अन्त्य भएको मानिन्छ। त्यसकारण यस समूहका स्थायी संस्थापनको पहिलो आय वर्ष व्यवसाय सुरु गरेका दिनदेखि लगत्तैको आषाढ मसान्तसम्म हुन्छ। व्यवसाय बन्द भएको अवस्थामा श्रावण १ गतेदेखि व्यवसाय बन्द गरेको मितिसम्मको अवधि अन्तिम आय वर्ष हुन्छ। यस्तो गणनामा अस्थायी बन्द गरिएको अवस्थामा पनि व्यवसाय चालु सरह नै गणना हुन्छ।

# परिच्छेद-५
# एजेन्सी स्थायी संस्थापन निर्धारण गर्ने तरिका
# (Method of Determination of Agency PE)

## ५.१ परिभाषा

नेपालमा रहेको व्यवसाय स्थानबाट गैर बासिन्दा निकायले सञ्चालन गरेको व्यवसाय स्थायी संस्थापन हुने भए तापनि कुनै गैर बासिन्दाले नेपालकै कुनै व्यक्तिलाई आफ्नो व्यवसायको रूपमा प्रयोग गरी व्यवसाय सञ्चालन गरेमा कर आधारमा सिधैं फरक पर्न जान्छ। नेपालमा सञ्चालन गरिएको व्यवसायको सञ्चालन तरिका फरक पर्दैमा कर तिर्ने व्यक्ति नै करको दायराबाट बाहिर पर्ने वा भित्र पर्ने अवस्था निराकरण गर्न Anti-avoidance Measure का रूपमा स्थायी संस्थापनमा एजेन्सी समावेश गरिएको हो। एजेन्सी स्थायी संस्थापनको अवधारणाले व्यक्ति फरक पार्दैमा कर आधारमा कुनै फरक पर्दैन र कर कानूनले समान समानता (Horizontal Equity) कायम गर्दछ।

आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कद) को उपखण्ड (१) अनुसार **"व्यवसाय सञ्चालन गर्ने सामान्य क्रममा स्वतन्त्र हैसियतले कार्य गर्ने साधारण एजेण्टबाहेक कुनै एजेण्टमार्फत कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमा व्यवसाय गर्ने स्थान"** स्थायी संस्थापन हुन्छ। उक्त परिभाषा अनुसार गैर बासिन्दा निकायको नेपालको व्यवसाय स्वयं सञ्चालन नगरी कुनै एजेन्ट मार्फत गरेको भएमा पनि व्यवसायको मुख्य धनी सोही विदेशी निकायलाई नै कर लाग्दछ।

> **उदाहरण ५.१.१-** मानौं, बर्मा कम्पनी (Myanmar Ltd.) ले म्यानमारमा उत्पादित आफ्नो सामान नेपालभरका खरीदकर्ताहरूलाई बिक्री गर्न नेपालमा दर्ता रहेको खोप लिमिटेडलाई नियुक्त गरेको रहेछ। खोप लिमिटेडले गरेको बर्मा कम्पनीको कारोबार बर्मा कम्पनीको स्थायी संस्थापनको रूपमा गणना हुन्छ।

## ५.२ आश्रित एजेन्ट (Dependent Agent)

### (१) गैर बासिन्दा निकायको कुनै व्यक्ति मार्फत गरिएको व्यवसायको संरचना

कुनै गैर बासिन्दा निकायको नेपालको व्यवसाय कुनै व्यक्तिमार्फत गरिएको अवस्थामा त्यस्तो संरचना एजेन्सी स्थायी संस्थापन (Agency Permanent Establishment) हुन्छ। एजेन्सी

व्यवसायमा गैर बासिन्दा निकायको नेपालमा रहेको व्यवसायको अवधि गणना गरिरहनु पर्दैन। स्थायी संस्थापन प्रयोजनका लागि एजेन्सीको अवधारणामा आश्रित एजेन्ट (Dependent Agent) मात्र समावेश हुन्छ, स्वतन्त्र एजेन्ट (Independent Agent) समावेश हुँदैन। यस प्रयोजनका लागि गैर बासिन्दा निकायको नेपालको व्यवसाय गरिदिने एजेन्ट, मध्यस्थकर्ता वा ब्रोकर जे जस्ता नामको भए तापनि अर्काको सामान कमिसनका आधारमा काम गर्ने सबै व्यक्तिहरू पर्दछन्।

**उदाहरण ५.२.१-** मानौं, पाकिस्तान लिमिटेड (Pakistan Limited) ले नेपालमा आफ्नो उत्पादन बिक्री गर्न नेपालमा दर्ता रहेको दाहाल एण्ड दाहाल फर्मलाई जिम्मा लगाएको रहेछ। दाहाल एण्ड दाहालले नेपाली खरीदकर्ताहरू खोज्ने, बिक्री सम्झौता गर्ने र पाकिस्तान लिमिटेड (Pakistan Limited) लाई सामान आपूर्ति गर्न सिफारिस गर्ने गरेको रहेछ। दाहाल एण्ड दाहालको मुख्य व्यवसाय यही कम्पनीको नेपाल व्यापारमा सहयोग पुऱ्याउने गरेको रहेछ।

पाकिस्तान लिमिटेडको नेपाल व्यापारको काम दाहाल एण्ड दाहाल फर्म मार्फत भएको र फर्मको मुख्य काममध्ये यो सहयोगात्मक कार्य नै एउटा काम भएकाले उसको कार्य आश्रित एजेन्टको कार्य हो। आश्रित एजेन्टबाट काम भएकाले दाहाल एण्ड दाहाल फर्म मार्फत भएको पाकिस्तान लिमिटेडको व्यापार नेपालमा भएको व्यावसायिक क्रियाकलाप हो र सो व्यापार पाकिस्तान लिमिटेडको स्थायी संस्थापन हुन्छ।

पाकिस्तान लिमिटेड र दाहाल एण्ड दाहाल फर्मबीच भएको सम्झौतामा एजेन्सी वा मध्यस्थकर्ता वा ब्रोकर वा सहयोगी वा यस्तै कुनै शब्द लेखिएको भए तापनि वा फर्मले पाउने शुल्कको नाम सेवा शुल्क, कमिसन, बोनस, पारिश्रमिक जेसुकै भनेको भए तापनि यसले स्थायी संस्थापन सिर्जना हुन्छ।





***Figure 18 Agency is in-between supplier and buyer***

## (२) आश्रित एजेन्ट सिर्जना हुने आधारहरु

आश्रित एजेन्ट (Dependent Agent) मात्र स्थायी संस्थापन हुने हुनाले स्वतन्त्र एजेन्ट स्थायी संस्थापन हुँदैन। मुख्य कम्पनीको व्यवसायको मुख्य निर्णय उही कम्पनीले गर्ने र त्यस्ता निर्णयको कार्यान्वयनको मात्र अधिकार भएको एजेन्ट आश्रित एजेन्ट हो। आफ्नो व्यवसायको मुख्य कार्य सो गैर बासिन्दा निकायका लागि गर्ने व्यक्ति आश्रित एजेन्ट हुन्छ। आश्रित एजेन्ट निम्न चार तरिकाबाट सिर्जना हुन सक्दछः

- मुख्य कम्पनीसँग भएको सम्झौता (Actual Authority) अनुसार सो मुख्य कम्पनी (वा सम्बद्ध निकाय) का व्यावसायिक कार्य गरेमा।
- सम्झौतामा सबै व्यावसायिक कार्यको अधिकार नभए तापनि नेपालमा मुख्य कम्पनी (वा सम्बद्ध निकाय) को व्यावसायिक सम्झौता गर्ने अधिकार (Explicit Actual Authority) भएमा।
- सम्झौतामा नेपालमा मुख्य कम्पनी (वा सम्बद्ध निकाय) का व्यावसायिक सम्झौता गर्ने अधिकार नभएमा पनि व्यवहारिक रूपमा त्यस्तो सम्झौता गर्ने (Apparent Authority) गरेको अवस्थामा।
- कुनै प्रकारको सम्झौता नभएको वा सम्झौता भए तापनि व्यावसायिक कार्यको अधिकार नभएको अवस्थामा पनि मुख्य कम्पनी (वा सम्बद्ध निकाय) का लागि सामान्यतः पूरै खरीद आदेश ग्रहण गर्ने (Collection of purchase order) गरेको अवस्थामा।





***Figure 19 Instances of dependent agent***

## (३) स्वतन्त्र एजेन्टहरू (Independent Agents)

आफ्नो व्यवसायको क्रममा स्वतन्त्र रूपले काम गर्ने व्यक्तिहरू भने स्थायी संस्थापन प्रयोजनका लागि आश्रित मानिदैनन्। निम्न अवस्थाका एजेन्ट कर प्रयोजनमा स्वतन्त्र एजेन्ट हुन्छन्:

- आफ्नै सामान्य व्यवसाय गरेका व्यक्तिले गरेका कामहरू (Working in the ordinary course of business)।
- सो व्यक्तिको मुख्य व्यवसायको रूपमा सो गैर बासिन्दा निकायको कार्य नभएको (Not working wholly or mainly for principal)।
- सो एजेन्टको व्यावसायिक निर्णयमा गैर बासिन्दा निकायको सामान्य नियन्त्रण नभएको (Not under common control with principal)।

## (४) स्वतन्त्र एजेन्टहरूका आधारमा स्थायी संस्थापन नहुने

गैर बासिन्दा निकायको एजेन्टले माथि भनिएका कार्यहरू नेपाल बाहिर गरेको अवस्थामा वा नेपालमा सामान खरीद गर्न सहयोग गर्ने एजेन्सीका कारणले भने सो गैर बासिन्दा निकायको नेपालमा स्थायी संस्थापन रहेको मानिंदैन।

**उदाहरण ५.२.२-** मानौं, लाओ लिमिटेड (Laos Ltd.) ले नेपालबाट सामान आयात गर्न नेपाली कम्पनीलाई जिम्मेवारी दिएको रहेछ। खरीदको कार्यमा सहयोग गरेको तर नेपालमा बिक्री वा रुपान्तरको कार्य नभएकाले लाओ लिमिटेडको स्थायी संस्थापन सिर्जना हुँदैन।





***Figure20 Foreign supply by Nepali agent is <u>not</u> a PE***

## (५) सहायक कम्पनी वा व्यक्ति मार्फत गरिने कार्यको आधारमा एजेन्सी स्थायी संस्थापन

सहायक कम्पनी वा अरू कसैले मुख्य कम्पनीको कामको प्रत्यक्ष बिक्रीमा सहयोग पुऱ्याएमा त्यस्तो क्रियाकलाप एजेन्सी हुन्छ।

**उदाहरण ५.२.३-** मानौं, इजरेल लिमिटेड (Israel Ltd.) को नेपालमा सहायक कम्पनीको रूपमा लयैं प्रा. लि. स्थापना भएको रहेछ। लयैं प्रा. लि. का कार्यहरू मध्ये देहायका कामहरूको इजरेल लिमिटेडसँगको सम्बन्ध देहाय बमोजिम हुन्छ:

- इजरेल लिमिटेडले अन्य नेपाली फर्म कम्पनी वा व्यक्तिमार्फत सो कार्य गराएको अवस्थामा एजेन्सी स्थायी संस्थापन हुने रहेछ भने सो सहायक कम्पनीका ती कार्यहरूले इजरेल लिमिटेडको स्थायी संस्थापन सिर्जना गर्दछ।
- इजरेल लिमिटेडले अन्य नेपाली फर्म कम्पनी वा व्यक्तिमार्फत सो कार्य गराएको अवस्थामा एजेन्सी स्थायी संस्थापन नहुने अवस्थामा सो सहायक कम्पनीका ती कार्यहरूले इजरेल लिमिटेडको स्थायी संस्थापन सिर्जना गर्दैन।
- सहायक कम्पनी लयैं प्रा. लि. र मुख्य कम्पनी इजरेल लिमिटेड (Israel Ltd.) बीचमा कारोबार भएकै आधारमा स्थायी संस्थापन सिर्जना हुँदैन। कारोबारको परिमाणीकरण बजार मूल्य भन्दा फरक मूल्यमा कारोबार भएमा पनि स्थायी संस्थापन हुँदैन बरु मूल्य हस्तान्तरण (Transfer Pricing) हुन सक्तछ।





***Figure 21 Subsidiary working for head office is Agency PE***

## ५.३ आयात, एजेन्सी वा व्यवसाय (Import, Agency or Business)

### (१) स्वतन्त्र कारोबार वा स्वतन्त्र आयात मानिने आधारहरु

गैर बासिन्दा बिक्रेता र बासिन्दा आयातकर्ताबीचको कारोबारमा बासिन्दा आयातकर्ता भएकै भरमा सो विदेशी विक्रेताको आय नेपालमा भएको मानीदैंन। एजेन्सी व्यवसाय पनि हुँदैन। स्वतन्त्र कारोबार वा स्वतन्त्र आयात मानिन्छ। यसका लागि सो गैर बासिन्दा निर्यातकर्ता र बासिन्दा आयातकर्ताबीचको कारोबारमा देहायका अवस्था पूरा भएको हुनु पर्दछः

- आयातकर्ताले आफ्नै स्वामित्वमा रहने गरी आयात गरेको,
- बजार मूल्य (Arms-Length price) मा भएको कारोबार,
- निर्यात पछि सो सामानमा निर्यातक गैर बासिन्दाको कुनै नियन्त्रण नरहेको,
- आयातकर्ताको बजारीकरणको कार्य स्वयं गर्ने गरेको, निर्यातकर्ताले बजारीकरणको कुनै सहयोग गर्ने नगरेको, र
- निर्यातको कागजातका आधारमा आयातकर्ताले भुक्तानी गरेको र आयातकर्ताको बिक्री वा उपयोगसँग भुक्तानीको सम्बन्ध नरहेको।

### (२) आयात कारोबारमा एजेन्सी स्थायी संस्थापन हुने आधारहरु

आयातकर्ताले आफ्नै स्वामित्वमा रहने गरी आयात गरेको भए तापनि देहायकामध्ये कुनै काम भएको कारोबार एजेन्सी स्थायी संस्थापन हुनेछः

- बजार मूल्य (Arms-length Price) भन्दा फरक मूल्यमा कारोबार भएको वा बजार मूल्यमा नै कारोबार भए तापनि आयातकर्ताले कमिसन वा सम्झौतामा वा व्यवहारिक रूपमा तोकिएको दरमा शुल्क वा प्रतिफल पाउने गरेको,

- नेपालमा आयात भए पछि पनि सो सामानमा निर्यातक गैर बासिन्दाले कुनै आर्थिक, कानूनी, व्यावसायिक वा त्यस्तैखालको (Economic, Legal, Commercial or Similar) नियन्त्रण रहेको,
- निर्यातकर्ताले बजारीकरणको सहयोग गर्ने गरेको वा बजारीकरणको कार्यमा निर्यातकर्ता र आयातकर्ता दुवै संलग्न हुने गरेको तथा निर्यातकर्ताले ग्राहक खोजिदिने वा दुवै मिलेर खोज्ने गरेको, वा
- आयातकर्ताले आयातका क्रममा गरेको भुक्तानी पश्चात पनि निर्यातकर्ताको बिक्री वा उपयोगसँग वारेन्टी बाहेकका सम्बन्ध रहेको, अवधि समाप्त हुने सामान (Expired Goods) मा भविष्यका निर्यातमा सामानको छुट (Quantity Discount) वा मूल्य घटाएर (Trade Discount) वा अन्य प्रबन्धमार्फत निर्यातकर्ताले जिम्मेवारी लिने गरेको।





***Figure 22 Independent import as Agency - PE***

## (३) निहित स्वामित्वको आधारमा एजेन्सी स्थायी संस्थापन हुने

माथि उल्लिखित कारणहरूले गर्दा एजेन्टले आफ्नो मुख्य कम्पनीको सामान आयात गरेर वा मुख्य कम्पनीको नेपालमा रहेको गोदामबाटै वा मुख्य कम्पनीका लागि नेपालभित्रै खरीद गरेको सामान बिक्री गरेमा पनि कर प्रयोजनमा समान व्यवहार हुन्छ। मुख्य कम्पनीबाट सामान आयात गरेर बिक्री गरेका अवस्थामा त्यसरी आयात गरिएको सामानमा सो कानूनी अधिकार (Title) आयातकर्तामैं देखिए तापनि मूल्य जोखिम (Pricing Risk) नभएमा निहित स्वामित्व निर्यातकर्तासँगै रहने हुँदा एजेन्सी स्थायी संस्थापन सिर्जना हुन्छ।

**उदाहरण ५.३.१-** मानौं, वत्स इम्पेक्स र नेदरल्यान्ड कम्पनी (Netherlands bv) बीच नेपालमा सामान बिक्री प्रबन्धको जिम्मेवारी दिने गरी सम्झौता भएको (वा सम्झौता नभए तापनि व्यवहारिक रूपमा उक्त जिम्मेवारी दिएको अवस्था) रहेछ। सम्झौता अनुसार वत्स इम्पेक्सले बिक्री गरेको सामानको मूल्य कम्पनीले तय गरेको मूल्य हुने र इम्पेक्सलाई बिक्री गरिएको मूल्य पनि कम्पनीले तोक्ने गरेकाले इम्पेक्सको मुनाफा अनुपात कम्पनीले तोके सरह हुँदो रहेछ।

नेदरल्यान्ड कम्पनी (Netherlands bv) को सामान आयात गर्दा आफ्नो नाम देखाए तापनि सामानमाथिको स्वामित्व वस्तुगत रूपमा कम्पनीमा नै रहेकाले वत्स इम्पेक्सको कार्य एजेन्सी स्थायी संस्थापन हुन्छ।





***Figure 23 Sales or delivery is Agency PE***

(४) **विदेशमा दर्ता रही ट्रेडमार्क भएको सामान नेपालमा दोस्रो दर्ता भएकै आधारमा एजेन्सी स्थायी संस्थापन हुँदैन।**

# परिच्छेद-६
# निर्माण स्थायी संस्थापन निर्धारण गर्ने तरिका
# (Method of Determination of Site PE)

## ६.१ परिभाषा

विदेशी गैर बासिन्दा निकायको नेपालमा रहेको व्यवसाय निरन्तर (Ongoing) स्वरूपको नभएको तर अस्थायी (Temporary) तवरको भएमा त्यस्ता व्यवसायको आयमा कर लगाउन निर्माण स्थायी संस्थापन (Site – PE) वा सेवा स्थायी संस्थापन (Service – PE) को रूपमा पहिचान गरिएको हो। आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कद) को उपखण्ड (४) अनुसार **"कुनै व्यक्तिले नब्बे दिन वा सोभन्दा बढी समयसम्म निर्माण गर्ने, जडान गर्ने वा स्थापना गर्ने आयोजनामा संलग्न रहेको स्थान तथा सो आयोजनाको सुपरिवेक्षण सम्बन्धी क्रियाकलापहरू सञ्चालन गरेको स्थान"** स्थायी संस्थापन हुन्छ। उक्त परिभाषा अनुसार निर्माण स्थायी संस्थापनमाः

- नब्बे दिन वा सोभन्दा बढी समयको निर्माण अवधि हुनुपर्दछ।
- निर्माण, जडान वा स्थापना वा ती कार्यहरूको सुपरिवेक्षण सम्बन्धी क्रियाकलापमध्ये कुनै वा सबै क्रियाकलापमा संलग्न हुनुपर्दछ।
- उक्त क्रियाकलाप नेपालमा भएको हुनुपर्दछ।

### क. निर्माण (Construction)

निर्माण (Construction) कार्य भन्नाले गैर बासिन्दा निकायले नेपालभित्र गरेको जुनसुकै प्रकारको निर्माण कार्यलाई जनाउँछ। भवन, सडक, पुल, टनेल, बाँध, नहर जेसुकै निर्माण, पुनःर्निर्माण (Renovation), पाइप लाइन, खनाइका काम (Excavation) वा ड्रेजिङ्ग (Dredging) पनि यस प्रयोजनमा निर्माणमा गणना हुन्छ। सामान्य मर्मत (Repair) वा रिडेकोरेसन कार्य भने निर्माणमा समावेश हुँदैन, सेवा स्थायी संस्थापन हुन्छ।

### ख. जडान (Installation)

जडान (Installation) कार्यमा निर्माणसँग सम्बन्धित कुनै उपकरण वा संयन्त्र जडान कार्य पर्दछ भने स्थापना (Assembly) मा विभिन्न उपकरण वा संयन्त्र जोडी प्राविधिक रूपमा एकीकरण गर्ने कार्य समावेश हुन्छन्।

### ग. निर्माण सुपरिवेक्षण (Supervision)

निर्माण सुपरिवेक्षण (Supervision) मा निर्माण, जडान वा स्थापना कार्यको प्राविधिक सुपरिवेक्षण गर्ने कार्य समावेश हुन्छ। यसमा साइटको निर्माण योजना (Site-planning) का क्रियाकलाप पनि समावेश हुन्छन्। सुपरिवेक्षण कार्य सेवा भए तापनि निर्माणसँग सम्बन्धित भएमा भने निर्माण स्थायी संस्थापन (Site – PE) मा समावेश हुन्छ।

## ६.२ निर्माण स्थायी संस्थापनको निर्धारण

गैर बासिन्दा निकायको एकभन्दा बढी व्यावसायिक काम भएका अवस्थामा प्रत्येक कामलाई बेग्लाबेग्लै मानी स्थायी संस्थापन गणना गर्नुपर्दछः

- व्यवसाय गर्ने स्थान (Fixed base Business PE) को अवधिसँग निर्माण वा सेवाको कार्य वा अवधि जोड्न पर्दैन।
- एकभन्दा बढी निर्माण स्थल भएमा प्रत्येक स्थलहरूलाई बेग्लाबेग्लै गणना गर्नुपर्दछ।

**उदाहरण ६.२.१-** मानौं, न्युजिल्यान्ड कम्पनी (New Zealand Ltd) ले नेपालमा निम्नानुसार तीन वटा निर्माणका ठेक्का लिएको रहेछः

- २०७६ माघ १ देखि साढे दुई महिना निर्माण अवधि भएको छाब्दी बाराही, ढोरबाराही र गुणादी बाराही जोड्ने सडक निर्माण,
- २०७६ फाल्गुण ३० देखि साढे दुई महिना निर्माण अवधि भएको छाङ्गा बाराही मत्स्य पोखरीमा रेलिङ्ग जडान, र
- २०७७ जेठ १ देखि दुई महिना सुपरिवेक्षण अवधि भएको निर्बु बाराही अत्याधुनिक टावरको निर्माण सुपरिवेक्षण।

न्युजिल्यान्ड कम्पनी (New Zealand Ltd) का कुनै निर्माण कार्यको अवधि नब्बे दिन ननाघेका कारण सो कम्पनीको स्थायी संस्थापन सिर्जना हुँदैन।





***Figure 24 Individual site to be considered for PE***

## ६.३ निर्माण स्थायी संस्थापनको अवधि (र आय) गणना गर्दा लिइने आधारहरु

प्रत्येक निर्माण साइटलाई बेग्लाबेग्लै मानी अवधि (र आय) गणना गर्दा कतिपय अवस्थामा कामको संख्या वा भौगोलिक अवस्थामा आधारित नभएर सारभूत अवस्थामा आधारित हुन्छ। यसका लागि निम्नानुसार गणना गर्नुपर्दछ:

### (१) एउटै निर्माण सम्झौता अन्तर्गतका विभिन्न ठाउँमा हुने कामहरू एउटै निर्माण स्थायी संस्थापन मानी गणना गर्नुपर्ने

प्रत्येक स्वतन्त्र निर्माण कार्यहरू बेग्लाबेग्लै गणना गर्नुपर्दछ। तर, एउटै निर्माण सम्झौता अन्तर्गतका विभिन्न ठाउँमा हुने कामहरू स्वतन्त्र निर्माण मानिदैनन्। ती निर्माणहरूलाई एउटै निर्माण मानी अवधि र आय गणना गर्नु पर्दछ।

**उदाहरण ६.३.१-** मानौं, अफगान कं. लि. (Afghanistan Co. Ltd.) ले नेपालका बाह्र जिल्लाका सत्ताइस स्थानमा दूरसञ्चार टावर जडान गर्ने ठेक्का पाएको रहेछ। सो कम्पनीले काम गर्ने जिल्लाको संख्या बाह्र र ठाउँको संख्या सत्ताइस भए तापनि यी टावर जडानका कामहरू स्वतन्त्र काम होइनन्, यो एउटै निर्माण कार्य हो।

### (२) अन्तरसम्बन्धित ठेक्काहरू बेग्लाबेग्लै भएतापनि एउटै निर्माण स्थायी संस्थापन मानी गणना गर्नुपर्ने

नयाँ कामका एकभन्दा बढी निर्माण सम्झौताहरूका कामहरू एक अर्कामा प्रत्यक्ष वा सारभूत रूपमा सम्बन्ध भएका तर बाह्य रूपमा अप्रत्यक्ष सम्बन्ध भएका सबै निर्माणहरू एउटै मानेर अवधि र आय गणना गर्नु पर्दछ।

**उदाहरण ६.३.२-** मानौं, अर्जेन्टिना साझेदारी (Argentina S.C.P.A.) टनेल निर्माणमा अनुभवी फर्म रहेछ। यसले विश्वका विभिन्न मुलुकमा फरक फरक भौगोलिक परिवेशमा टनेल निर्माणको काम गरेको रहेछ। तर हिमालयको क्षेत्रमा उसको अनुभव रहेनछ। नेपालमा टनेल रोडको व्यावसायिक वा प्राविधिक अनुभव छैन। यातायात व्यवस्था विभागसँग भएको सम्झौता अनुसार स्वतन्त्र स्वरूपका दुई टनेल ठेक्का भए तापनि निर्माण व्यवसायीको नेपालको भौगोलिक अनुभव र सडक विभागको अनुभवहिनताका कारण जुन ठेक्कामा जुन काम पहिला गरिन्छ त्यसको ज्ञान सिप र असजिलोको अनुभवबाट दोस्रो ठेक्कामा सोही काम सुधारिएको अर्कै तरिकाबाट गरिन्छ। यस्ता अन्तरसम्बन्धित ठेक्काहरू बेग्लाबेग्लै भए तापनि र खर्चका साइट लेजर बेग्लाबेग्लै राखिए तापनि एउटै ठेक्का सरह मानी अवधि र आय गणना गर्नु पर्दछ।

**(३) एकभन्दा बढी स्वतन्त्र निर्माण सम्झौताहरूलाई एउटै निर्माण सरह मानी गणना गर्नुपर्ने**

एकै स्थानमा उही सामान वा सेवा प्रयोग गरेर निर्माण हुने एकभन्दा बढी स्वतन्त्र निर्माण सम्झौताहरूलाई एउटै निर्माण सरह मानी अवधि र आय गणना गर्नु पर्दछ।

**उदाहरण ६.३.३-** मानौं, चिली कम्पनी (Chile LTDA) ले भवन निर्माणको स्ट्रक्चरल सुपरभिजन गर्ने एउटा करार र भवनभित्रको स्यानिटरी कार्यको सुपरभिजन गर्न अर्को करार गरेको रहेछ।

सुपरभिजन कामको प्रकृति अनुसार यी कामहरू अन्तरसम्बन्धित भएकाले यी दुवै सुपरिवेक्षण सम्झौता जोडेर अवधि र आय गणना गर्नु पर्दछ।

**(४) निर्माण वा जडान कार्यमा आंशिक हस्तान्तरण भए तापनि एउटै निर्माण मानी गणना गर्नुपर्ने**

कुनै निर्माण वा जडानको कार्यको आंशिक हस्तान्तरण (Partial taking over provision) भएकै आधारमा एकभन्दा बढी निर्माण भन्न मिल्दैन, एउटै निर्माण हुन्छ।

**उदाहरण ६.३.४-** मानौं, ग्रिस साझेदारी (Greece O.E.) ले प्रत्येक महिना एउटा घर हस्तान्तरण गर्ने गरी पन्ध्र वटा फेब्रिकेटेड आवास भवन बनाउने गरी सम्झौता गरेको रहेछ। सम्झौता अनुसार काम सुरु भएको प्रत्येक महिनामा एक-एक फेब्रिकेटेड घर हस्तान्तरण भएछ। निर्माण वा जडानको कार्यको आंशिक हस्तान्तरण (partial taking over provision) को कार्यले सम्झौताका पक्षहरूलाई फरक नपारे पनि यी पन्ध्र घरको निर्माण एउटै सम्झौता हुन्छ। पन्ध्र महिना नै निर्माण अवधि मानिन्छ।

## (५) परस्पर स्वतन्त्र निर्माण सरह भए तापनि एक आपसमा अन्तरसम्बन्धित निर्माणहरूलाई एउटै निर्माण मानी गणना गर्नुपर्ने

विभिन्न व्यक्तिहरूसँग भएको सम्झौता अनुसार परस्पर स्वतन्त्र निर्माण सरह भए तापनि एक आपसमा अन्तरसम्बन्धित निर्माणहरूलाई स्वतन्त्र सम्झौता मानीदैंन, एउटै निर्माण मानिन्छ।

**उदाहरण ६.३.५-** मानौं, सानो चक्र ठूलो चक्र स्वरूपको तीन सय आधुनिक आवासीय भवनको हाउजिङ्ग निर्माण गर्नका लागि सिद्धि नरसिंह जग्गा एकीकरण आयोजनाले लुभुमा जग्गा एकीकरण र बाँडफाँड गरेछ। चार सय वर्ष अघिको ढाँचा र आधुनिक सुविधा पाइने हुनाले जग्गा एकीकरण योजनाको जग्गा सजिलै तीन सय जनालाई बिक्री भएछ। सो जग्गामा आधुनिक एकै खालका भवन निर्माणको कार्य टर्की कम्पनी (Turkey A.O.) ले पाएछ। हरेक जग्गा धनीले टर्की कम्पनी (Turkey A.O.) सँग बेग्लाबेग्लै निर्माण ठेक्का गरेछन्।

हाउजिङ्गका घरहरूका धनीहरूसँग बेग्लाबेग्लै निर्माण सम्झौता भए तापनि एउटै स्थानमा बन्ने घरहरू भएकाले सारभूत रूपमा त्यो एउटै निर्माण हो। यी सबै घरहरूको निर्माण अवधि र आय गणना हुन्छ।

## ६.४ निर्माण स्थायी संस्थापनको अवधि गणना गर्ने तरीका

स्थायी संस्थापन निर्धारण गर्न निर्माण व्यवसायको निरन्तर अवधि नब्बे दिन वा सोभन्दा बढी हुनु पर्दछ। निर्माण सम्झौतामा निर्माण अवधिको निर्धारण विभिन्न तरिकाबाट गर्ने गरिएको देखिन्छ। कतिपय अवस्थामा सम्झौताका विभिन्न भागहरूमा सम्झौताका पक्षहरूको विषयगत आवश्यकता अनुसार विभिन्न खालका अवधि समावेश गरेको देखिन्छ। निर्माण कार्यको साइट हस्तान्तरण गरी तयारीजन्य र सहायक कार्य सुरु भएकै मिति (Commencement Date) मा सो निर्माण सुरु भएको मानिन्छ र निर्माण गरिएको सम्पत्ति हस्तान्तरण (Taking Over) भएका दिन सो निर्माण सम्पन्न भएको मानिन्छ। निर्माण सच्याउने अवधि (Defect Liablity Period) निर्माण अवधिमा गणना गरिंदैन।

कतिपय अवस्थामा निर्माणको कार्यमा मुख्य निर्माण व्यवसायीले आफ्नो कामको केही वा पूरै अंश अरू व्यवसायीलाई उपठेक्का (Sub-contract) दिएको हुन सक्दछ। यस्ता उपठेक्का (Sub-contract) को काम बासिन्दा निर्माण व्यवसायी वा गैर बासिन्दा निर्माण व्यवसायी दुवै खालका व्यवसायीलाई दिएको हुन सक्दछ। निर्माणको कार्य पूरै वा आंशिक रूपमा उपठेक्का (Sub-contract) मार्फत गराएमा मूल व्यवसायीको व्यावसायिक अवधिमा सो अवधि पनि

गणना गर्नु पर्दछ। गैर बासिन्दा निर्माण व्यवसायीको हकमा अवस्था अनुसार उपठेक्का (Sub-contract) पनि स्थायी संस्थापन हुन सक्दछ।

**उदाहरण ६.३.६-** मानौं, स्विडेन साझेदारी (Sweden KB) ले नेपालको सडक निर्माणको कामको ठेक्का लिएको रहेछ। सडक निर्माण ठेक्काको अवधि दुई वर्ष रहेछ। साझेदारी फर्मले निर्माण सुरु भएको पहिलो दुई महिनामा साइट मोबिलाइजेसन लगायतका काम गरेछ। निर्माण कार्यको सुरुवात भए पछिको आठ महिनाको निर्माण कार्य थाइल्यान्ड कम्पनी (Thailand Co.) लाई उपठेक्का (Sub-contract) दिएको रहेछ। थाइल्यान्ड कम्पनी (Thailand Co.) ले उसको भागको काम गरिसकेपछिको बाँकी चौध महिनाको निर्माण नेपाली निर्माण व्यवसायी भार्गव प्रा. लि. ले उपठेक्का (Sub-contract) पाएको रहेछ।

यस अवस्थामा मुख्य निर्माण व्यवसायी स्विडेन साझेदारी (Sweden KB) को नेपालमा निर्माण व्यवसायका लागि उपस्थित भएको अवधि दुई वर्ष नै हुन्छ। यो अवधि नब्बे दिनभन्दा बढी भएकाले स्विडेन साझेदारी (Sweden KB) को निर्माण स्थायी संस्थापन नेपालमा सिर्जना हुन्छ।

थाइल्यान्ड कम्पनी (Thailand Co.) ले उपठेक्का (Sub-contract) को कामका लागि नेपालमा आठ महिना निर्माण कार्य गरेको छ। सो अवधि पनि ऐनमा तोकिएको अवधि नब्बे दिन र नेपाल थाइल्यान्डको कर सन्धि अनुसार तोकिएको अवधि १८३ दिनमध्ये लामो अवधि १८३ दिनभन्दा बढी भएकाले थाइल्यान्ड कम्पनी (Thailand Co.) को पनि नेपालमा स्थायी संस्थापन सिर्जना हुन्छ।





***Figure 25 Sub-contract may be separate Site - PE***

**उदाहरण ६.३.७-** मानौं, इन्डोनेसिया कम्पनी (Indonesia PT) ले नेपालको सडक निर्माण ठेक्काहरूको सुपरिवेक्षण गर्ने ठेक्का पाएको रहेछ। सो कम्पनीले आफ्नो कामलाई तीन भागमा वर्गीकरण गरेर बेग्लाबेग्लै परामर्शदाताहरूलाई उपठेक्का दिएछः

- सुरुको आठ महिनाको सुपरिवेक्षण कार्यलाई मङ्गोलिया कम्पनी (Mongolia XK) सँगको उपठेक्का (Sub-contract) मार्फत पूरा गरेछ।
- त्यसपछिको चौध महिनाको सुपरिवेक्षण कार्यलाई नेपालमा दर्ता भएको च्यौवन प्रा. लि. सँगको उपठेक्का (Sub-contract) मार्फत पूरा गरेछ।
- अन्तिमको दुई महिनाको सुपरिवेक्षण कार्य हङ्गेरी कम्पनी (Hungarykft.) सँग उपठेक्का (Sub-contract) मार्फत पूरा गरेछ।

निर्माण सुपरिवेक्षणको कार्य भएकाले यो निर्माण स्थायी संस्थापन (Site PE) मा गणना हुन्छ, सेवा स्थायी संस्थापनमा होइन।

- मङ्गोलिया कम्पनी (Mongolia XK) को सुपरिवेक्षण अवधि नब्बे दिनभन्दा बढी भएकाले यो कम्पनीको नेपालमा स्थायी संस्थापन सिर्जना हुन्छ।
- नेपाली कम्पनी स्वयं नै बासिन्दा व्यक्ति भएकाले स्थायी संस्थापनको गणना हुँदैन।
- हङ्गेरी कम्पनी (Hungarykft.) को सुपरिवेक्षण अवधि नब्बे दिन ननाघेकाले सो कम्पनीको स्थायी संस्थापन सिर्जना हुँदैन।

मुख्य सुपरिवेक्षक इन्डोनेसिया कम्पनी (Indonesia PT) को निर्माण अवधि दुई वर्ष नै मानिने हुँदा स्थायी संस्थापन सिर्जना हुन्छ।

**<u>Construction Contract</u>**





***Figure26 Domestic sub-contractor needs to counted for the period***

कुनै निर्माणको कार्य तोकिएको अवधिभित्र निर्माण रोकिएको अवस्थामा (Suspended Construction) सो अवधि निर्माण अवधिमा गणना हुँदैन। तर, निर्माण रोकिएको कारण अस्थायी प्रकृतिको वा प्राविधिक रूपले नै काम रोक्ने कार्यसूचि भएमा त्यस्तो अवधि भने निर्माण अवधिमा नै गणना हुन्छ।

कुनै निर्माण कार्यमा सामानको आपूर्ति र जडान समावेश भएको र जडान गरिने सामानको उत्पादन नेपाल बाहिर हुन सक्दछ। नेपालको निर्माणमा सो सामान जडान हुने र नेपालको निर्माणको सुरुवात भएपछि मात्र सम्झौतामा उल्लेख भएको स्पेसिफिकेसन बमोजिम सो सामान उत्पादन गरिने हुनाले नेपाल बाहिरको निर्माणको अवधि पनि सम्बन्धित निर्माण साइटमा गणना हुन्छ।

**उदाहरण ६.३.८-** मानौं, सतही नदीको बहावमा आधारित जलविद्युत आयोजनाले नेपालमा पहिलो पल्ट लिफ्टिङ्ग सहित वर्षको छ महिना पूरा क्षमता चलाउने (Q50) गरी सुखाखोला जलविद्युत आयोजनाले इलेक्ट्रिकल इक्विप्मेन्टको काम लेवनान कम्पनी (Lebanon S.A.R.L.) लाई ठेक्का दिएको रहेछ। कम्पनीले आयोजना स्थलको अवलोकन पश्चात डिजाइनको काम गरी स्वीकृत भएको डिजाइन अनुसार लेवनानमा रहेको कारखानामा इलेक्ट्रिकल इक्विप्मेन्ट उत्पादन गरी नेपालमा ल्याएर जडान र परीक्षण गर्नुपर्ने गरी सम्झौता भएको रहेछ।

कम्पनीले स्थलगत अवलोकन, अध्ययन र डिजाइनका लागि पच्चीस दिन, लेवनानमा उपकरण उत्पादन गर्न २७५ दिन र सो उपकरण पावरहाउसमा जडान र परीक्षण गर्न साठी दिन गरी जम्मा ३६० दिन लगाएछ। उक्त निर्माण ठेक्काको प्रयोजनका लागि लेवनान कम्पनी (Lebanon S.A.R.L.) को निर्माण अवधि ३६० दिन नै मानिन्छ।

कुनै निर्माणअवधि दुई आय वर्षमा पर्ने भएमा आषाढ मसान्तसम्मको अवधि अघिल्लो आयवर्ष र श्रावण देखिको अवधि अर्को आय वर्ष गणना हुन्छ।





***Figure 27 More than one income year for Site - PE***

# परिच्छेद-७
# सेवा स्थायी संस्थापन निर्धारण गर्ने तरिका
# (Method of Determination of Service PE)

## ७.१ परिभाषा

व्यवसायको प्रकृतिका कारणले सेवा व्यवसाय सम्बन्धित व्यवसायीले कार्यालय नै खोलेर वा आफ्ना कर्मचारी खटाएर वा अरूलाई काममा लगाएर पनि पूरा गर्न सक्दछ।

आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कद) को उपखण्ड (३) अनुसार **"कुनै बाह्र महिनाको अवधिमा एकै पटक वा पटक-पटक गरी नब्बे दिनभन्दा बढी कुनै व्यक्तिले कर्मचारीमार्फत वा अन्य प्रकारले प्राविधिक, व्यावसायिक वा परामर्श सेवा प्रदान गरेको कुनै देशको एक वा एकभन्दा बढी स्थान"** स्थायी संस्थापन हुन्छ। यो परिभाषा अनुसार प्राविधिक, व्यावसायिक वा परामर्श सेवामात्र स्थायी संस्थापनका लागि गणना गरिन्छ। निर्माण सुपरिवेक्षण सम्बन्धी सेवा निर्माण स्थायी संस्थापनमा गणना हुन्छ।

## ७.२ अवधि गणना गर्ने तरीका

### (१) विगत बाह्र महिनाको अवधिमा नब्बे दिनभन्दा बढी नेपालमा उपस्थिति हुनुपर्ने

सेवा स्थायी संस्थापन गणनामा विगत बाह्र महिनाको अवधिमा नब्बे दिनभन्दा बढी नेपालमा उपस्थिति गणना गर्नुपर्दछ।

### (२) नेपालमा उपस्थिति भएका दिनदेखि काम सम्पन्न हुँदाका मितिसम्म नेपाल बसाईको अवधि गणना गर्नुपर्ने

नेपालमा उपस्थिति गणनामा सो सेवाको कार्यान्वयन गर्न नेपाल आउने गैर बासिन्दा निकायका कर्मचारी वा सेवाप्रदायक गैर बासिन्दाको काम गरिदिने व्यक्तिको नेपालमा उपस्थिति भएका दिनदेखि सेवा प्रवाहको काम सम्पन्न हुँदाका मितिसम्म त्यस्ता व्यक्तिको नेपाल बसाईको अवधि गणना गर्नुपर्दछ। उपस्थिति गणना देहाय अनुसार हुन्छः

- गैर बासिन्दा निकायका कर्मचारी वा अन्य व्यक्ति सो सेवा प्रदान गर्न नेपाल प्रवेश गरेको दिनदेखि फिर्ता गएको मितिसम्मको अवधिमध्ये सेवा सम्पन्न मितिसम्मको अवधि।
- उही दिन एकभन्दा बढी कर्मचारीहरू नेपालमा उपस्थित भएमा दोहोरो नपर्ने गरी प्रत्येक दिनलाई एक दिन गणना हुने (Solar-days instead of Person-days)।
- एक पटक नब्बे दिन नाघेकोले स्थायी संस्थापन भएको सेवा सो आय वर्ष पछाडीका आय वर्षमा जति दिन उपस्थित भए तापनि दिन गणना गरिरहन नपर्ने।

- गैर बासिन्दा निकायले बासिन्दा वा गैर बासिन्दा व्यक्तिलाई उपठेक्का दिएको अवस्थामा त्यस्तो उपठेक्काको अवधि पनि माथि कर्मचारी सरह गणना हुने।

**(३) नेपालको उपस्थितिको हरेक दिनको विगत बाह्र महिनाभित्रको अवधि गणना गर्नुपर्ने**

विगत बाह्र महिनाको अवधि गणना गर्दा सेवा प्रवाह गर्ने व्यक्तिहरूको नेपालको उपस्थितिको हरेक दिनको विगत बाह्र महिनाभित्रको अवधि गणना गर्नु पर्दछ। यस्तो गणना सेवा प्रवाहको पूरै अवधिभित्र गणना गर्नु पर्दछ।

**उदाहरण ७.२.१-** मानौं, बेल्जियम संयुक्त उपक्रम (Belgium ESV) ले नेपालमा भाइरस अनुसन्धान सम्बन्धी काम पाएको रहेछ। उपक्रमका कर्मचारीहरूको नेपाल आगमन र बहिर्गमनको मिति तथा स्थायी संस्थापनका लागि उपक्रमको नेपालमा रहेको उपस्थितिको अवधि निम्नानुसार गणना हुन्छः

| कर्मचारीको नाम | आएको मिति | फर्केको मिति | बसेको दिन | स्थायी संस्थापनको अवधि |
|---|---|---|---|---|
| Mr. A | 01-Jan | 12-Jan | 12 | 12 |
| Mr. B | 15-Jan | 18-Jan | 4 | 16 |
| Mr. C | 15-Apr | 19-Apr | 5 | 21 |
| Ms. D | 15-Aug | 12-Sep | 29 | 50 |
| Mrs. A | 01-Nov | 05-Dec | 35 | 85 |
| Mrs. F | 28-Dec | 10-Jan | 14 | 89 |
| Mr. A | 11-Jan | 20-Jan | 10 | 89 |

क. नेपालको सेवा प्रवाहको कार्य पूरै वा आंशिक रूपमा उपठेक्का (Sub-contract) मार्फत गराएमा मूल व्यवसायीको व्यावसायिक अवधिमा सो अवधि पनि गणना गर्नु पर्दछ। अवस्था अनुसार निर्माण स्थायी संस्थापनमा दिइएका उदाहरण सरह उपठेक्का (Sub-contract) पनि स्थायी संस्थापन हुन सक्दछ।

ख. कुनै सेवा कार्य दुई आय वर्षमा पर्ने भएमा आषाढ मसान्त सम्मको अवधि अघिल्लो आय वर्ष र श्रावण देखिको अवधि अर्को आय वर्ष गणना हुन्छ।





***Figure28 More than one income year for Site - PE***

**(४) एकभन्दा बढी प्रत्येक व्यावसायिक कामलाई बेग्लाबेग्लै मानी स्थायी संस्थापन गणना गर्नुपर्ने**

गैर बासिन्दा निकायको एकभन्दा बढी व्यावसायिक काम भएको अवस्थामा प्रत्येक कामलाई बेग्लाबेग्लै मानी स्थायी संस्थापन गणना गर्नु पर्दछः

- व्यवसाय गर्ने स्थान (Fixed base Business PE) को अवधिसँग सेवाको कार्य वा अवधि जोड्न पर्दैन।
- एकभन्दा बढी सेवा भएमा प्रत्येक सेवालाई बेग्लाबेग्लै गणना (***निर्माण स्थायी संस्थापनको निर्धारणः Figure 24***) गर्नु पर्दछ। प्रत्येक सेवालाई बेग्लाबेग्लै मानी अवधि (र आय) गणना गर्दा कतिपय अवस्थामा कामको संख्या वा भौगोलिक अवस्थामा आधारित नभएर सारभूत अवस्थामा आधारित हुन्छ। एउटै सेवा सम्झौता अन्तर्गतका विभिन्न ठाउँमा हुने कामहरू एउटै सेवा मानी अवधि र आय गणना गर्नु पर्दछ।

# परिच्छेद-८

## अन्य सान्दर्भिक विषयहरूमा स्थायी संस्थापन निर्धारण गर्ने तरिका

## (Method of Determination of PE on Other Relevent Issues)

### ८.१ अमूर्त सम्पत्ति (Intangible Assets)

**(१) अमूर्त सम्पत्तिको बिक्री वा रोयल्टी पाउने गरी सम्झौता गरेकै आधारमा स्थायी संस्थापन नहुने**

अमूर्त सम्पत्ति (Inward use of intangible assets) को आम्दानी दुई प्रकारले हुन्छः सम्झौता अवधिको पूरै प्रतिफल एकै पटक लिने (Sales) र सम्झौता अवधिभरि प्रति इकाई गणनाका आधारमा लिने (Royalty)। कतिपय अवस्थामा प्रचलित कानूनी कार्यविधि अनुसार उत्पादित सामानको ब्रान्ड नेपालमा दर्ता गर्नुपर्ने हुन्छ। गैर बासिन्दाले नेपालमा गरेको अमूर्त सम्पत्तिको बिक्री वा रोयल्टी पाउने गरी सम्झौता गरेकै आधारमा स्थायी संस्थापन सिर्जना हुँदैन।

**उदारहण ८.१.१-** मानौं, फिलिपिन्स कम्पनी (Philippines Co.) ले विशेष प्रविधिबाट सामान उत्पादन गर्दो रहेछ। उसको सो प्रविधिबाट सामान उत्पादन गर्ने गरी दुई बेग्लाबेग्लै नेपाली कम्पनीसँग सम्झौता भएको रहेछ। प्रविधि हस्तान्तरणको अवधि पाँच-पाँच वर्ष हुने गरी सम्झौता भएको रहेछ ।

पहिलो कम्पनीले पाँचै वर्षका लागि लाग्ने शुल्क एकै पटक तिरेर सो विशेष प्रविधिबाट उत्पादन सुरु गरेछ भने दोस्रो कम्पनीले आफ्नो बिक्री रकमको २ प्रतिशत तिर्ने सहमति भएको रहेछ।

फिलिपिन्स कम्पनी (Philippines Co.) को प्रविधि नेपालका दुई कम्पनीमा पाँच वर्षसम्म निरन्तर रहे तापनि प्रविधि हस्तान्तरण र रोयल्टीका कारण सो कम्पनीको नेपालमा व्यावसायिक उपस्थिति रहेको मानीदैंन र स्थायी संस्थापन सिर्जना हुँदैन।

**(२) व्यवसाय गर्ने खास अधिकार (License) प्रयोगार्थ भएको उपस्थिति स्थायी संस्थापन हुने**

गैर बासिन्दा व्यक्तिको नेपालमा व्यवसाय गर्ने खास अधिकार (Outward intangible assets as license) पाएको व्यक्तिले उक्त अधिकार बमोजिमको कार्य अन्य व्यक्तिलाई प्रयोग गर्न सम्झौता गरेको अवस्थामा भने उसको व्यावसायिक उपस्थिति नेपालमा रहेको मानिन्छ र स्थायी संस्थापन सिर्जना हुन्छ। यस्तो अधिकार विदेशी व्यक्तिको भएको र बासिन्दाले सो

अधिकार प्रयोग गर्न सोही विदेशी गैर बासिन्दा वा अन्य व्यक्तिमार्फत काम गराएको अवस्थामा लाइसेन्सको प्रयोग गर्न भएको उपस्थिति स्थायी संस्थापन हुन्छ।

**उदाहरण ८.१.२-** मानौं, अस्ट्रेलिया कम्पनी (Australia NL) ले नेपालमा टेलिकम व्यवसाय गर्ने लाइसेन्स प्राप्त गरेको रहेछ। उक्त टेलिकमको व्यवसाय सो कम्पनीले आफैले गरे वा अरू मार्फत गरे तापनि नेपालमा क्रियाकलाप हुने हुनाले त्यो व्यवसायको स्थान नेपालमा मानिन्छ र स्थायी संस्थापन सिर्जना हुन्छ।

## ८.२ उप-ठेक्का (Sub-contracting)

नेपाली व्यवसायी वा विदेशी व्यवसायी मुख्य व्यक्ति रही सो व्यक्तिबाट उप-ठेक्का लिने व्यक्तिले मूल ठेक्का लिए सरह नै कसबाट ठेक्का लिएको हो त्यसको वास्ता नगरी नेपालमा उसको व्यावसायिक उपस्थिति गणना गरिन्छ। त्यसकारण कुनै उप-ठेक्काको कार्य गर्ने व्यक्ति माथि व्यवस्था गरिएका कुनै आधारमा स्थायी संस्थापन हुने अवस्था रहेमा सो उपठेक्काबाट नै स्थायी संस्थापन रहेको व्यक्तिमा गणना हुन्छ।

नेपालको कुनै कामको कुनै विदेशी व्यवसायी मुख्य व्यक्ति भई आफ्नो काम अर्को गैर बासिन्दा निकायलाई उपठेक्का दिएको अवस्थामा सो उप-ठेक्का पाउने गैर बासिन्दा निकाय स्थायी संस्थापन भए वा नभए जे भए तापनि मुख्य व्यक्तिको नेपालमा व्यावसायिक उपस्थिति गणना गर्दा सो उपठेक्का पाउने व्यक्तिले काम गरेको अवधि पनि गणना हुन्छ।

## ८.३ विषेश अवस्थाहरु

(१) स्थायी संस्थापन संस्थागत निकाय भएकाले प्राकृतिक व्यक्ति (Individual) को स्थायी संस्थापन हुँदैन। त्यसकारण प्राकृतिक व्यक्तिको एकल फर्मको नेपालमा रहेको कुनै व्यावसायिक उपस्थिति पनि स्थायी संस्थापन हुँदैन। त्यस्तो प्राकृतिक व्यक्ति वा एकल फर्मलाई प्राकृतिक व्यक्ति नै मानेर आयकर लाग्दछ।

(२) कुनै गैर बासिन्दा निकायको एकै कर्मचारीको कामले पनि अन्य अवस्था पूरा भएमा मूल कम्पनीको नेपालमा रहेको स्थायी संस्थापन हुन्छ।

(३) सहायक कम्पनी (Subsidiary Entity) को काम मुख्य कम्पनीको नेपालको व्यवसाय सम्पन्न गर्नु नै भए तापनि नेपालमा स्थापना भएको बासिन्दा निकाय हुने हुनाले सहायक कम्पनी भएकै आधारमा मुख्य कम्पनीको स्थायी संस्थापन हुँदैन। तर स्थायी संस्थापन हुन सक्ने मुख्य कम्पनीको कुनै काम सहायक कम्पनीले गरेमा भने सो व्यवसाय मुख्य कम्पनीको स्थायी संस्थापन हुन्छ।

(४) शाखा कार्यालय (Branch Offices) स्थायी संस्थापन हुन्छ। तर व्यावसायिक कार्य नगर्ने सम्पर्क कार्यालय (Liaison Office) भने स्थायी संस्थापन हुँदैन।

(५) साझेदारी फर्मलाई नेपालमा निकायकै रूपमा लिने हुनाले सम्बन्धित मुलुकमा वित्तीय पारदर्शी (Fiscally Transparent Arrangement) का रूपमा गणना भए तापनि नेपालमा भने त्यस्ता फर्मको व्यवसाय स्थायी संस्थापन हुन्छ।

## ८.४ संयुक्त उपक्रम (Joint Venture)

(१) आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ड) अनुसार आयकर प्रयोजनका लागि संयुक्त उपक्रम (Joint Venture) कम्पनी मानिन्छ। दर्ता नभएको अवस्थामा पनि कम्पनी मानिने सो व्यवस्था अनुसार संयुक्त उपक्रमको प्रभावकारी व्यवस्थापन नेपालमा नै रहने हुनाले बासिन्दा कम्पनी मानिन्छ। त्यसकारण, नेपालमा काम गर्न संगठन भएको कुनै संयुक्त उपक्रम बासिन्दा निकायको रूपमा व्यवहार हुन्छ।

(२) संयुक्त उपक्रमका साझेदारहरू र संयुक्त उपक्रमबीचको कारोबार कर प्रयोजनका लागि आयकर ऐन, २०५८ को दफा ४५ र दफा ५६ अनुसार गणना हुन्छ। उपक्रमका साझेदारहरू सो उपक्रमको कामका लागि हुने उपस्थिति यस निर्देशिकाका अन्य व्यवस्था अनुसार स्थायी संस्थापन हुने अवस्था रहेमा हरेक साझेदार व्यक्तिगत रूपमा स्थायी संस्थापन हुन जान्छन्, उपक्रमका साझेदार भएकै आधारमा स्थायी संस्थापन सिर्जना हुँदैन।

## ८.५ बहु स्थायी संस्थापन

गैर बासिन्दा निकायको नेपालमा रहेका कामहरूको अवस्था अनुसार एकभन्दा बढी कामका लागि एकभन्दा बढी स्थायी संस्थापन हुन सक्दछ। अवस्था अनुसार कतिपय कामले स्थायी संस्थापन सिर्जना गर्ने र सँगै गरिएका अरू कामले स्थायी संस्थापन सिर्जना नगर्न पनि सक्दछन्।

**उदाहरण ८.५.१-** मानौं, इरान आम कम्पनी (Iran SSM) ले नेपालमा एक कारखाना खोलेको रहेछ। कारखाना बाहेक आफ्नै सामानको मात्र विज्ञापन गर्ने गरी सो कम्पनीको नेपालमा विज्ञापन कार्यालय र दुई वटा निर्माण ठेक्काको काम पनि पाएको रहेछ। निर्माण ठेक्कामध्ये पहिलो ठेक्काको अवधि साढे दुई महिनाको र दोस्रो ठेक्काको निर्माण अवधि चार महिनाको रहेछ। यसरी इरान आम कम्पनी (Iran SSM) को चार थरी व्यावसायिक उपस्थिति रहेको देखिन्छ।

स्थायी संस्थापन प्रयोजनका लागि (निर्माण कार्य कारखानाको कामसँग सम्बन्धित भएको

अवस्थामा बाहेक) इरान आम कम्पनी (Iran SSM) को अवस्था निम्नानुसार हुन्छः

- कारखाना स्थायी स्थलको रूपमा स्थायी संस्थापन हुन्छ।
- विज्ञापन कार्यालय स्थायी संस्थापन हुँदैन।
- पहिलो निर्माण कार्यको अवधि नब्बे दिनभन्दा घटी भएकाले स्थायी संस्थापन हुँदैन।
- दोस्रो निर्माण कार्यको अवधि नब्बे दिन वा सोभन्दा बढी भएकाले स्थायी संस्थापन हुन्छ।





***Figure 29 Multiple PEs and non-PEs***

# परिच्छेद-९
# दोहोरो कर मुक्ति सम्झौता र स्थायी संस्थापन
# (Double Taxation Avoidance Agreemant & Permanent Establishment)

## ९.१ परिचय

स्थायी संस्थापनको अवधारणा दोहोरो कर मुक्ति सम्बन्धमा स्थापित मान्यता र सिद्धान्तहरूमा आधारित रहेको छ। दोहोरो कर उन्मुक्ति सम्बन्धमा लिग अफ नेसन्स (League of Nations) को सन् १९२७, १९३३, १९४३ र १९४६ मा भएका विभिन्न Conventions को आधारमा मस्यौदा तयार गरेकोमा सन् १९६३ मा सम्पन्न The Draft Double Taxation Convention on Income and on Capital र सन् १९७७ को The OECD Model Double Taxation Convention on Income and on Capital (OECD Model Tax Convention) ले यस विषयलाई विस्तृतरूपमा अगाडि बढाउने काम गरेको पाइन्छ। साथै संयुक्त राष्ट्र संघको The United Nations Model Double Taxation Convention between Developed and Developing Countries (the United Nations Model Convention) ले समेत दोहोरो कर मुक्ति सम्बन्धमा भएका विगतका प्रयासहरूलाई निरन्तरता दिदैं आएको छ। हाल अन्तर्राष्ट्रिय कर सिद्धान्तको रूपमा OECD Model Tax Convention को धारा ७ मा भएको स्थायी संस्थापनलाई कर लगाइने व्यवस्था दुई मुलुकहरूबीच हुने कर सन्धिको महत्वपूर्ण आधारको रूपमा रहेको छ। स्थायी संस्थापनलाई कर लगाइने यस विषयलाई The United Nations Model Convention मा समेत समावेश गरेको पाइन्छ।

## ९.२ संयुक्त राष्ट्र संघको नमूना (the United Nations Model Convention)

The United Nations Model Convention को धारा ५ मा प्रकरण (१) देखि (९) सम्म स्थायी संस्थापन सम्बन्धी व्यवस्था गरिएको छ। यस नमुना अन्तर्गत धारा ५ मा "स्थायी संस्थापन" सम्बन्धमा भएका मुख्य व्यवस्थाहरूलाई देहायमा उल्लेख गरिएको छ।

**प्रकरण १-** "स्थायी संस्थापन" भन्नाले प्रतिष्ठानको व्यवसाय पूर्ण वा आंशिक रूपमा सञ्चालन गरिने निश्चित स्थान सम्झनुपर्छ।

**प्रकरण २-** "स्थायी संस्थापन" भन्ने शब्दले विशेष गरी देहायका कुराहरूलाई समेट्नेछः

क. व्यवस्थापनको स्थान;

ख. शाखा;

ग. कार्यालय;

घ. कारखाना;

ङ. कार्यशाला;

च. खानी, तेल वा ग्याँसको कुवा, खानी वा प्राकृतिक स्रोतहरूको उत्खननको कुनै अन्य स्थान।

**प्रकरण ३-** "स्थायी संस्थापन" भन्नाले यसै गरी निम्न लिखित कुराहरूलाई पनि समेट्दछः

क. कुनै भवन स्थल, निर्माण, जडान वा संयोजन आयोजना वा त्यस्तो स्थल वा आयोजनासँग सम्बद्ध सुपरिवेक्षण क्रियाकलाप, छ (६) महिना भन्दा बढी अवधि निरन्तर रहेमा मात्र त्यस्तो स्थल, आयोजना वा क्रियाकलाप;

ख. एउटा संविदाकारी राष्ट्रको कुनै बासिन्दाले सम्बन्धित आर्थिक वर्षमा सुरु वा अन्त्य हुने कुनै बाह्र (१२) महिनाको अवधिभित्र कुल १८३ दिन भन्दा बढी अवधि वा अवधिहरूको लागि एउटा संविदाकारी राष्ट्रभित्र कुनै प्रतिष्ठानले परामर्श सेवा लगायतका सेवा आफ्ना कर्मचारी वा अन्य जनशक्ति मार्फत प्रदान गरेकोमा, त्यस्तो परामर्श सेवा लगायतका सेवाहरू।

**प्रकरण ४-** यस धाराको उपरोक्त व्यवस्थाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि "स्थायी संस्थापन" भन्ने शब्दभित्र निम्नलिखित कुराहरू परेको मानिने छैनः

क. कुनै प्रतिष्ठानको स्वामित्वमा रहेको वस्तु अथवा व्यापारिक सामग्री प्रदर्शन वा भण्डारणको प्रयोजनको लागि मात्र सुविधाहरूको प्रयोग भएकोमा;

ख. भण्डारण वा प्रदर्शनको लागि मात्र प्रतिष्ठानको स्वामित्वमा रहेको वस्तु अथवा व्यापारिक सामग्री मौज्दात राखेकोमा;

ग. कुनै अर्को प्रतिष्ठानले प्रशोधन गर्ने प्रयोजनको लागि मात्र केवल प्रतिष्ठानको स्वामित्वमा वस्तु वा व्यापारिक सामग्रीको मौज्दात राखेकोमा;

घ. प्रतिष्ठानको निमित्त वस्तु वा व्यापारिक सामग्री खरीद गर्ने वा सूचनाहरू संकलन गर्ने प्रयोजनको लागि मात्र कुनै कारोबारको निश्चित स्थल स्थापना गरेकोमा;

ङ. प्रतिष्ठानको निमित्त अन्य कुनै क्रियाकलाप सञ्चालन गर्ने प्रयोजनका लागि मात्र कुनै कारोबारको निश्चित स्थल स्थापना गरेकोमा;

च. खण्ड (क) देखि (ङ) बमोजिमका क्रियाकलापहरूको कुनै संयोजनको लागि मात्र कुनै कारोबारको निश्चित स्थल स्थापना गरेकोमा। तर यस संयोजनबाट उत्पन्न व्यवसायको निश्चित स्थानको समग्र क्रियाकलाप प्रारम्भिक वा सहायक प्रकृतिको हुनु पर्नेछ।

## ९.३ आर्थिक सहयोग एवम् विकास संगठनको नमुना (The OECD Model Tax Convention)

The OECD Model Tax Convention को धारा ५ मा प्रकरण (१) देखि (८) सम्म स्थायी संस्थापन सम्बन्धी व्यवस्था गरिएको छ। यस नमुनाको धारा ५ मा "स्थायी संस्थापन" सम्बन्धमा भएका मुख्य व्यवस्थाहरूलाई देहायमा उल्लेख गरिएको छ।

**प्रकरण १-** "स्थायी संस्थापन" भन्नाले प्रतिष्ठानको व्यवसाय पूर्ण वा आंशिक रूपमा सञ्चालन गरिने निश्चित स्थान सम्झनुपर्छ।

**प्रकरण २-** "स्थायी संस्थापन" भन्ने शब्दले विशेषगरी देहायका कुराहरूलाई समेट्नेछः

छ. व्यवस्थापनको स्थान;
ज. शाखा;
झ. कार्यालय;
ञ. कारखाना;
ट. कार्यशाला;
ठ. खानी, तेल वा ग्याँसको कुवा, खानी वा प्राकृतिक स्रोतहरूको उत्खननको कुनै अन्य स्थान।

**प्रकरण ३-** कुनै भवन स्थल, निर्माण वा जडान आयोजना बाह्र (१२) महिनाभन्दा बढीको अवधिसम्म निरन्तर रहेमा मात्र स्थायी संस्थापनले समेट्दछ।

**प्रकरण ४-** यस धाराको उपरोक्त व्यवस्थाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि "स्थायी संस्थापन" भन्ने शब्दभित्र निम्नलिखित कुराहरू परेको मानिने छैनः

क. प्रतिष्ठानको स्वामित्वमा रहेका वस्तु वा व्यापारिक सामानको भण्डारण, प्रदर्शन वा वितरणको प्रयोजनको लागि मात्र सुविधाको प्रयोग;
ख. भण्डारण, प्रदर्शन वा वितरणको प्रयोजनको लागि मात्र प्रतिष्ठानको स्वामित्वमा रहेका वस्तु वा व्यापारिक सामानको मौज्दात राखेकोमा;
ग. कुनै अर्को प्रतिष्ठानले प्रशोधन गरिने प्रयोजनको लागि मात्र केवल प्रतिष्ठानको स्वामित्वमा रहेका वस्तु वा व्यापारिक सामानको मौज्दात राखेकोमा;
घ. प्रतिष्ठानको निमित्त वस्तु वा व्यापारिक सामान खरीद गर्ने वा सूचनाहरू संकलन गर्ने प्रयोजनको लागि मात्र व्यवसायको निश्चित स्थल स्थापना गरेकोमा;
ङ. प्रतिष्ठानको निमित्त अन्य कुनै क्रियाकलाप सञ्चालन गर्ने प्रयोजनका लागि मात्र व्यवसायको निश्चित स्थल स्थापना गरेकोमा;

च. खण्ड (क) देखि (ङ) बमोजिमका क्रियाकलापहरूको कुनै संयोजनको लागि मात्र लागि मात्र व्यवसायको निश्चित स्थल स्थापना गरेकोमा। तर यस संयोजनबाट उत्पन्न व्यवसायको निश्चित स्थानको समग्र क्रियाकलाप प्रारम्भिक वा सहायक प्रकृतिको हुनु पर्नेछ।

## ९.४ नेपालले विभिन्न मुलुकहरूसँग गरेको कर सन्धिहरूमा भएका व्यवस्था र सोको प्रभाव

(१) नेपालले हालसम्म एघार मुलुकसँग द्विपक्षीय कर सन्धि र एउटा बहुपक्षीय कर सन्धि गरेको छ। आयकर कानूनमा भएको व्यवस्था र कर सन्धिमा भएका व्यवस्था एक आपसमा फरक परेमा सम्बन्धित मुलुकका बासिन्दा निकायका लागि कर सन्धिमा भएको व्यवस्था लागू हुन्छ।

(२) नेपालले हस्ताक्षर गरेको दोहोरो कर मुक्ति सम्झौतामा कुनै व्यक्तिले निर्माण, जडान, स्थापना गर्ने आयोजनामा संलग्न रहेको स्थान तथा सो आयोजनाको सुपरिवेक्षण क्रियाकलाप सञ्चालन गरेको स्थान स्थायी संस्थापन हुने व्यवस्था गरेको छ।

(३) कुनै व्यक्तिले कर्मचारीमार्फत वा अन्य प्रकारले कुनै देशको एक वा एकभन्दा बढी स्थानमा प्राविधिक, व्यावसायिक वा परामर्श सेवा प्रदान गरेको कारणले स्थायी संस्थापन रहेको मानिने गरी नेपालले सम्झौता गरेको छ। यस विषयमा सो देशमा संलग्न हुनपर्ने दिनको संख्या भने सम्झौता भएको देशमा फरक फरक छ।

(४) नेपालले स्थायी संस्थापनको आय गणना गर्ने प्रयोजनको लागि केही देशसँग Force of Attraction Rule समेत अवलम्बन गरेको छ।

(५) Shipping and Air Transport Enterprises को सम्बन्धमा नेपालले सम्झौता गरेको सबै सम्झौतामा त्यस्तो व्यवसाय सञ्चालन गर्ने व्यक्ति रहेको देशमा कर लाग्ने उल्लेख भएको छ।

(६) कर सन्धिमा कतिपय समान व्यवस्था रहेका छन्। ती समान व्यवस्था पनि आयकर ऐन, २०५८ मा भएको व्यवस्थासँग पनि समान रहेका छन्। आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कद) मा दिएको स्थायी संस्थापनको मुख्य परिभाषा समान छ। एघार वटा मुलुकसँग नै कर सन्धिका धारा ५ को पहिलो अनुच्छेदमा व्यवसाय गर्ने स्थायी स्थान नेपालमा रहेको र सोही स्थानबाट सो मुलुकका गैर बासिन्दा निकायले व्यवसाय सञ्चालन

गरेमा त्यो स्थायी संस्थापन मानिने व्यवस्था गरिएको छ। एघार वटा मुलुकसँग भएको कर सन्धिमा स्थायी संस्थापनका लागि देहायका समान व्यवस्था गरिएको छः

- A place of management
- A branch
- An office
- A factory
- A workshop
- A mine, an oil or gas well, a quarry or any other place of extraction of natural resources (in case of Pakistan and Qatar, additional word "exploitation" and in case of Mauritius and Qatar, additional word "exploration")
- A warehouse(in case of China, India and Thailand additional phrase " in relation to a person providing storage facilities for others")
- A sales outlet (only with India, Pakistan and Qatar)
- A farm or plantation (except Norway)
- Insurance business if collected premium, excluding reinsurance premium.

(७) ऐनमा निर्माण स्थायी संस्थापनका लागि निर्माण अवधि नब्बे दिन र सेवा स्थायी संस्थापनको लागि विगत बाह्र महिनाको अवधिमा नब्बे दिनभन्दा बढीको अवधिको व्यवस्था भए तापनि कर सन्धिमा निर्माण स्थायी संस्थापन र सेवा स्थायी संस्थापनको अवधि गणना सम्बन्धमा केही फरक व्यवस्था रहेको छ। कर सन्धि भएका एघार मुलुकको अवधि गणनाको अवस्था देहाय अनुसार रहेको छः

| | **Site – PE** |
|---|---|
| More than six months | Austria, Norway |
| More than 183 days | Bangladesh, China, India, Mauritius, Qatar, Thailand |
| More than 90 days | Sri Lanka |
| Period or periods aggregating more than 183 days within any twelve-month period | Korea, Pakistan |
| | **Service – PE** |
| More than 183 days within any twelve-month period | Austria, Bangladesh, China, India, Mauritius, Norway, Pakistan, Qatar, Thailand |
| More than 90 days within any twelve-month period | India, Sri Lanka |
| No service – PE in DTAs | Korea |

(८) पाकिस्तानसँग भएको कर सन्धिको धारा १२ अनुसार प्राविधिक सेवा शुल्क रोयल्टी सरह कर व्यवहार हुने हुनाले पाकिस्तानी बासिन्दा निकायले नेपालमा उपस्थित भएर प्रदान गरेको सेवा बाहेकका प्राविधिक सेवा शुल्क लिने गरी भएका सेवाजन्य कार्यमा स्थायी संस्थापनको व्यवस्था लागू हुँदैन।

(९) निम्नानुसारका आयहरू स्थायी संस्थापनकै व्यवसायका रूपमा आर्जन गरिएको अवस्थामा बाहेक गैर बासिन्दा व्यक्तिले आर्जन गरेमा व्यवसायजन्य आय हुँदैनन् र यी आय भएकै आधारमा कुनै गैर बासिन्दा निकायको स्थायी संस्थापन हुँदैनः

| कर सन्धिको धारा | आयको प्रकार | आयकर ऐन, २०५८ को व्यवस्था |
|---|---|---|
| ६ | स्थिर सम्पत्तिबाट प्राप्त आय | दफा ९ भाडा, प्राकृतिक स्रोत |
| ७ | स्वतन्त्र एजेन्ट | कमिसन, बिक्री बोनस |
| ८ | अन्तर्राष्ट्रिय उडान | दफा ७० अन्तर्राष्ट्रिय उडान |
| १० | ब्याज आय | दफा ९ ब्याज आय |
| ११ | लाभांश आय | दफा ९ लाभांश आय |
| १२ | रोयल्टी आय | दफा ९ रोयल्टी आय |
| १३ | पुँजिगत लाभ | दफा ९, ३६ गैरव्यावसायिक करयोग्य सम्पत्तिबाट प्राप्त खुद लाभ |
| १६ | संचालक र उच्च व्यवस्थापकको पारिश्रमिक | सेवा शुल्क नमानिने तर रोजगारीको आय मानिने |

## ९.५ स्थायी संस्थापनलाई कर लगाइने सम्बन्धमा दोहोरो कर मुक्ति सम्झौतामा भएका व्यवस्थाहरु

नेपालले गरेको दोहोरो कर मुक्ति सम्झौताहरूमा कर लगाउने सम्बन्धमा भएका मुख्य मुख्य बुँदाहरू देहायमा उल्लेख भए बमोजिमका व्यवस्थाहरू गरिएको छ।

(१) दोहोरो कर मुक्ति सम्झौताको धारा ७(१) बमोजिम कुनै गैर बासिन्दा निकायले नेपालमा स्थायी संस्थापनको माध्यमबाट गरेको व्यवसायको मुनाफामा धारा ७(२) बमोजिम नेपालमा कर लगाइने व्यवस्था गरेको छ।

(२) नेपाल सरकारले गरेको सबै सम्झौतामा लाभांश बापत प्राप्त आयमा विभिन्न दरले स्रोत देशमा कर लाग्ने उल्लेख भएको छ।

(३) नेपालले सम्झौता गरेको राष्ट्रको सरकार तथा केन्द्रीय बैंकलाई ब्याज बापत भुक्तानी गरेको ब्याजमा स्रोत देशमा कर नलाग्ने गरी सम्झौता गरेको छ।

(४) नेपाल सरकारले गरेको सबै सम्झौतामा रोयल्टी बापत प्राप्त आयमा एकमुष्ट १५ प्रतिशतले स्रोत देशमा कर लाग्ने उल्लेख भएको छ।

(५) कुनै खेलाडी तथा कलाकारले जुन देशमा आय आर्जन गरेको छ सोही देशमा कर लाग्ने व्यवस्था गरी सम्झौता भएको छ। तर कुनै खेलाडी वा कलाकारलाई भुक्तानी गरिएको रकम सार्वजनिक कोष (Public Funds) बाट गरिएको छ भने स्रोत भएको देशमा कर नलाग्ने व्यवस्था सहित नेपालले सम्झौता गरेको छ।

(६) शिक्षक वा प्राध्यापकले अर्को देशमा शिक्षण वा प्राध्यापन पेशामा संलग्न रही गरेको आय आर्जनमा निश्चित अवधिको लागि कर नलाग्ने व्यवस्था समावेश गरी दोहोरो कर मुक्ति सम्झौता गरेको छ।

(७) नेपालले गरेको सम्झौतामा कुनै व्यक्तिले अर्को देशमा आर्जन गरेको आयमा कर भुक्तानी गर्दा आय आर्जन गरेको देशमा दाखिला गरेको कर आफू बासिन्दा रहेको देशको आयकरमा मिलान गर्न पाउने व्यवस्था समावेश भएको छ। तर यसरी दाखिला गरेको करको मिलान नेपालको (बासिन्दा देशको) प्रचलित करको दर भन्दा बढी नहुने गरी अर्थात Ordinary Credit Method अपनाएको छ।

नेपालले गरेको दोहोरो कर मुक्ति सम्झौता गरेका देशसँग लाभांश, ब्याज तथा रोयल्टी आयमा लाग्ने करको दर निम्नानुसार रहेको छ।

| क्र.सं. | देशको नाम | लाभांशमा कर | ब्याजमा कर | रोयल्टीमा कर |
|---|---|---|---|---|
| १. | भारत | ५%, १०% | १०% | बढीमा १५% |
| २. | नर्वे | ५%, १०%, १५% | १०%, १५% | बढीमा १५% |
| ३. | थाईल्याण्ड | १५% मा नबढ्ने | १०%, १५% | बढीमा १५% |
| ४. | श्रीलंका | १५% मा नबढ्ने | १०%, १५% | बढीमा १५% |
| ५. | मौरिसस | ५%, १०%, १५% | १०%, १५% | बढीमा १५% |
| ६. | अष्ट्रिया | ५%, १०%, १५% | १०%, १५% | बढीमा १५% |
| ७. | पाकिस्तान | १०%, १५% | १०%, १५% | बढीमा १५% |
| ८. | चीन | १०% मा नबढ्ने | १०% | बढीमा १५% |
| ९. | दक्षिण कोरिया | ५%, १०%, १५% | १०% | बढीमा १५% |
| १०. | कतार | १०% मा नबढ्ने | १०% | बढीमा १५% |

| | | | | |
|---|---|---|---|---|
| ११. | बंगलादेश | १०%, १५% | १०%, १५% | बढीमा १५% |

***नोटः*** *लाभांशमा लाग्ने करको फरक दर उल्लेख भएको देशसँग पुँजीको लगानीको प्रतिशतको आधारमा करको दर फरक रहने व्यवस्था भएको। तथापि नेपालको आयकर ऐन अनुसार लाभांशमा लाग्ने करको दर सम्झौतामा उल्लिखित दर भन्दा कम रहेको अवस्थामा कम दरले नै कर लागदछ। अर्थात वर्तमान अवस्थामा, सम्झौतामा बढी दर उल्लेख गरिएको भएतापनि बासिन्दा निकायले लाभांश भुक्तानी गर्दा ५% का दरले कर कट्टी गर्नुपर्ने हुन्छ।*

# परिच्छेद-१०

# स्थायी संस्थापन दर्ता तथा अन्य व्यवस्थाहरू

# (Registration of Permanent Establishment & Other Provisions)

## १०.१ स्थायी संस्थापन दर्ता सम्बन्धी व्यवस्था

गैर बासिन्दा निकायको नेपालमा रहेको स्थायी संस्थापन नेपालमा कम्पनी ऐन, २०६३ को दफा १५४ अनुसार शाखा दर्ता भएको वा नभएको दुवै अवस्थामा स्थायी संस्थापनको रूपमा कर प्रयोजनमा दर्ता हुन सक्दछ। शाखा कार्यालयको रूपमा दर्ता भएका निकाय भएमा सोही शाखा नै स्थायी संस्थापनको रूपमा कायम गरिन्छ। नेपालमा कुनै व्यवसाय गर्ने गैर बासिन्दा निकायले त्यस्तो व्यवसाय सुरु गर्नु अगावै स्थायी लेखा नम्बर प्राप्त गर्नुपर्दछ। देहायका स्थायी संस्थापनको स्थायी लेखा नम्बरमा दर्ता गर्ने सामान्य समय र प्रक्रिया देहाय अनुसार हुनेछ।

**(१) व्यवसायको स्थान नेपालमा भएका आधारमा सिर्जना हुने स्थायी संस्थापन (Fixed-base PE)**

- नेपालमा गरिने व्यवसायको Preparatory works का लागि नेपालमा उपस्थिति भए पछि सो उपस्थितिको प्रमाणपत्रको आधारमा, वा
- Preparatory works आवश्यक नपर्ने व्यवसायका लागि सो व्यावसायिक काम सुरु गर्नु अगाडि व्यवसाय दर्ताको आधारमा, वा
- नेपालमा व्यवसाय दर्ता भए पछि सो दर्ता प्रमाणपत्रको आधारमा।

**(२) एजेन्सी स्थायी संस्थापन (Agency PE)**

- एजेन्टले गैर बासिन्दा निकायको एजेन्सी व्यवसाय सुरु गर्नु अगाडि एजेन्सी सम्झौतापत्रको आधारमा, वा
- एजेन्ट र उसको गैर बासिन्दा निकायबीच त्यस्ता व्यवसाय गर्ने प्रत्यक्ष सम्झौता नभएको तर व्यवहारिक रूपमा एजेन्टले नै सो गैरबासिन्दा निकायको प्रतिनिधित्व गर्ने गरेको अवस्थामा एजेन्टले पेश गरेको घोषणापत्रको आधारमा।

(३) **निर्माण स्थायी संस्थापन (Site PE)**

- निर्माण वा निर्माण सुपरिवेक्षण (Supervision) सम्झौता सम्पन्न भए पछि सम्झौतापत्र वा सम्बन्धित निर्माण धनी (Developer/Employer) ले जारी गरेको अनुरोधपत्रको आधारमा, वा
- सुरु सम्झौता अवधि नब्बे दिनभन्दा कम भएका सम्झौताको हकमा म्याद थप भई नब्बे दिन नाघ्ने अवस्था सिर्जना भए पछि।

(४) **सेवा स्थायी संस्थापन (Service PE)**

- सेवा सम्झौता सम्पन्न भए पछि सम्झौतापत्र वा सम्बन्धित सेवाग्राहीले जारी गरेको अनुरोधपत्रको आधारमा, वा
- विगत बाह्र महिनाको अवधिमा नब्बे दिन वा सोभन्दा बढी अवधि नेपालमा उपस्थित भए पछि सम्झौतापत्र वा सम्बन्धित सेवाग्राहीले जारी गरेको अनुरोधपत्रको आधारमा।

## १०.२ स्थायी संस्थापनको स्थायी लेखा नम्बर दर्ता तथा अन्य प्रक्रियाहरु

(१) कर प्रयोजनका लागि मूल ठेक्का (Contract) वा सह-ठेक्का (Sub-contract) को काममा कुनै फरक नहुने हुनाले सह-ठेक्का गर्ने गैरबासिन्दा निकायले पनि सामान्य करदाता सरह स्थायी लेखा नम्बरमा दर्ता हुनु पर्दछ। सह-ठेकेदार (Sub-contractor) को स्थायी संस्थापन स्थायी लेखा नम्बरमा दर्ता गर्दा विभागले मूल ठेकेदार (Main-contractor) र निजको सम्बन्ध तथा मूल ठेकेदारको स्थायी संस्थापनको अवस्था पनि यकिन गर्नु पर्दछ।

(२) स्थायी लेखा नम्बर प्राप्त गर्ने र जारी गर्ने प्रयोजनका लागि कुनै गैर बासिन्दा निकायको एउटा स्थायी लेखा नम्बर हुनेछ।

(३) यस निर्देशिका अनुसार बेग्लाबेग्लै स्थायी संस्थापन हुने अवस्था भएमा ती हरेक स्थायी संस्थापनलाई बेग्लै व्यक्तिसरह मानी आय गणना गर्नुपर्दछ। एक व्यवसायको कर आधार (Tax-attributes) अर्को व्यवसायमा मिलान गर्न पाइने छैन।

(४) स्थायी संस्थापनका आधारमा एक पटक स्थायी लेखा नम्बर प्राप्त गरिसकेको व्यक्तिको सो व्यवसाय बन्द, समाप्त वा सम्पन्न भएमा स्थायी लेखा नम्बर खारेज गर्नुपर्दछ। तर एक कामको लागि स्थायी लेखा नम्बर प्राप्त गरेको व्यक्तिले प्रचलित कानून बमोजिम अर्को काम गर्ने भएमा सो अर्को कामबारे निर्देशिकाको अनुसूची-१ मा तोकिएको विवरण सम्बन्धित कार्यालयमा पेश गरी साविककै स्थायी लेखा नम्बरबाट काम गर्न सम्बन्धित कार्यालयले

निर्देशिकाको अनुसूची-२ बमोजिम स्वीकृत दिएमा सोही स्थायी लेखा नम्बर प्रयोग गरी अर्को काम गर्न सक्नेछ। एकभन्दा बढी कामको स्वीकृत पाएका स्थायी संस्थापनले आफ्नो आय विवरण आयकर ऐन, २०५८ बमोजिम प्रत्येक कामहरूका लागि छुट्टाछुट्टै हुने गरी पेश गर्नु पर्नेछ।

(५) स्थायी संस्थापनको आयमा नेपालमा तिरेको वा कर सहुलियत पाएको रकममा सम्बन्धित बासिन्दा मुलुकमा कर मिलान सुविधा प्राप्त गर्न चाहेमा त्यसको प्रमाणीकरणका लागि निर्देशिकाको अनुसूची-३ को ढाँचामा सम्बन्धित कार्यालयमा अनुरोध गर्न सक्नेछ। विभागले सो स्थायी संस्थापनको आयमा लागेको कर वा कर सहुलियतको रकम अनुसूची-४ को ढाँचामा प्रमाणीकरण गरी दिनुपर्नेछ।

(६) स्थायी संस्थापनको रूपमा दर्ता हुनुपर्ने व्यक्ति दर्ता नभएकै आधारमा करको दायित्वबाट उन्मुक्ति पाउँदैन।

## १०.३ स्थायी संस्थापन दर्ताको लागि उपस्थितिको अवधि गणना

(१) स्थायी संस्थापन हुनका लागि गैर बासिन्दा निकायको नेपालमा रहेको उपस्थितिको अवधि गणना गर्नुपर्ने र अवधि गणना गर्नु नपर्ने दुई थरीको हुन्छ। व्यवसाय गर्ने स्थान (Fixed Place of business) र एजेन्टमार्फत हुने व्यवसाय (Business through agency) मा स्थायी संस्थापनको नेपालमा रहेको उपस्थिति गणना गर्नुपर्दैन। तर, दुवै अवस्थामा व्यवसायको प्रकृति अनुसारको अवधिलाई ध्यान दिनु पर्दछ। कुनै नयाँ व्यवसाय सुरुवात भएको अवस्थामा सुरुदेखि नै नेपालमा व्यवसाय रहेको मानिन्छ। कुनै उपकरणको विदेशी विक्रेताले सो सामान जडान गरिदिने कार्यमा सो जडान बेग्लै व्यावसायिक कार्य नहुने अवस्थामा सानातिना उपस्थिति (Occasional Presence) नै भए तापनि व्यवसाय मानीदैंन।

(२) एजेन्सी व्यवसायको अवस्थामा पनि अवधि गणना गरिदैंन तर सो एजेन्टले व्यवसाय भन्न मिल्ने गरी काम गरेको अवस्थामा मात्र स्थायी संस्थापन हुन्छ। त्यसकारणले नै आश्रित एजेन्सीलाई मात्र स्थायी संस्थापनमा वर्गीकरण गरिन्छ।

(३) निर्माण र निर्माण कार्यको सुपरिवेक्षण (Construction and construction supervision) र सेवा प्रवाह (Rendering service) को अवस्थामा भने नेपालमा उपस्थितिको अवधि गणना हुन्छ।





***Figure 30 Period issue on PE***

## १०.४ स्थायी संस्थापनको स्थायी लेखा नम्बर स्थगन

आयकर ऐन, २०५८ को दफा ७८क. मा उल्लेखित अवस्था पूरा भएमा स्थायी संस्थापनको दर्ता स्थगन गर्न सकिने व्यवस्था गरिएको छ। यसको स्थगन प्रक्रिया सम्बन्धमा आयकर नियमावली, २०५९ को नियम २३क. मा देहायको व्यवस्था गरिएको छ।

*२३क. (१) ऐनको दफा ७८क. को उपदफा (१) बमोजिम स्थायी लेखा नम्बर स्थगन गर्न चाहने व्यक्ति वा निकायले आफूले लिएको स्थायी लेखा नम्बर स्थगन गर्नुपर्ने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र कारण खुलाई विभाग समक्ष निवेदन दिनु पर्नेछ।*

*(२) उपनियम (१) बमोजिम निवेदन दिंदा सो अवधिसम्मको आय विवरण तथा कर दाखिला गरेको हुनु पर्नेछ।*

*(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा विभागले निवेदन पेश गरेको मितिले तीस दिनभित्र स्थगन भएको वा स्थगन नहुने भए सोको जानकारी दिनु पर्नेछ।*

# परिच्छेद-११
# स्थायी संस्थापनमा कर
# (Tax on Permanent Establishment)

## ११.१ विदेशी स्थायी संस्थापनको करयोग्य आय

आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कण) मा स्थायी संस्थापनलाई विदेशी स्थायी संस्थापनको रूपमा परिभाषित गरिएको छ। विदेशी स्थायी संस्थापनको करयोग्य आयमा बासिन्दा कम्पनीलाई लाग्ने कर सरह नै कर लाग्दछ। त्यस्ता स्थायी संस्थापन र मूल कम्पनीबीच सम्पत्ति बापतका खर्च, शिरोभार (Overhead) खर्च, आय तथा दायित्वको बाँडफाँड गर्ने तरिका निर्धारण भएको हुनु पर्दछ। स्थायी संस्थापनको मुनाफा र लाभ गणना गर्न आवश्यक पर्ने केही आधारबारे देहायमा विश्लेषण गरिएको छ।

- **स्वतन्त्र निकाय (Independent entity):** विदेशी स्थायी संस्थापन कर प्रयोजनका लागि मूल कम्पनीभन्दा स्वतन्त्र निकाय मानिन्छ।
- **पुँजी लगानी (Capital investment):** स्थायी संस्थापनमा लगानी गरेको रकमलाई सो स्थायी संस्थापनको पुँजी सरह कर व्यवहार गरिन्छ। तर स्थायी संस्थापनमा मूल कम्पनी वा सम्बद्ध व्यक्तिले ऋण लगानी गरेको अवस्थामा सो ऋणलाई मूल कम्पनीको स्थायी संस्थापनमा भएको लगानी सरह व्यवहार गरिन्छ। तर त्यस्तो ऋण Arm's Length अवधारणा अनुसार अन्य तेस्रो पक्षसँग स्थायी संस्थापनकै लागि लिएको अवस्थामा भने ऋण रकमको नै व्यवहार गरिन्छ। Arm's Length अवधारणा बमोजिमको ऋण नै भएतापनि मूल कम्पनीको कुल सम्पत्ति र पुँजीको अनुपातभन्दा कम अनुपातमा पुँजी लगानी गरेको भए सो ऋणलाई पुँजी सरह व्यवहार गरी बाँकी रकमलाई मात्र ऋण मानिन्छ। तर ब्याजका सम्बन्धमा भने आयकर ऐन, २०५८ को दफा १४(२) बमोजिम हुन्छ।

**उदाहरण ११.१.१-** मानौं, कुनै विदेशी कम्पनीको नेपालमा कारखाना रहेछ। मूल कम्पनीमा पुँजी दायित्वको अनुपात २:१.१ रहेछ। सो कारखानाका लागि मूल कम्पनीले गरेको लगानीको स्वरूप निम्नानुसार फरक फरक हुन सक्दछ र तिनीहरूको कर व्यवहार निम्नानुसार हुन्छ।

- कारखाना दर्ता गर्दा पुँजी कायम गरेको पूरै रकम कुनै विशेष शर्त नराखी मूल कम्पनीले सो कारखाना पठाएको अवस्थामा पूरै रकमलाई स्थायी संस्थापनको पुँजी

योगदान मानिन्छ।

- कारखाना दर्ता गर्दा पुँजी कायम गरेको पुरै रकमलाई मूल कम्पनीले ऋणको रूपमा उपलब्ध गराउने शर्त राखेर मूल कम्पनीले सो कारखाना पठाएको अवस्थामा २:१.१ को अनुपातको रकमलाई स्थायी संस्थापनको पुँजी योगदान र ऋण मानिन्छ। ऋण मानीएको भागको ब्याज दर Arm's Length अवधारणा बमोजिमको भए नभएको यकिन गरिन्छ। ब्याजको रूपमा खर्च पाउने रकमको खर्च कट्टी गर्दा भने ऐनको दफा १४ को उपदफा (२) को व्यवस्था लागू हुन्छ।
- कारखानाका लागि मूल कम्पनीले बैंक वा अन्य कुनै ऋण लगानी गर्ने तेस्रो व्यक्तिसँग यही कारखानाको लागि भन्ने शर्त राखी सो ऋण मूल कम्पनीले सो कारखानामा त्यही ऋण पठाएको अवस्थामा सो ऋणको ब्याज तेस्रो पक्षका लागि मूल कम्पनीले नै पाउने भएमा पनि पुरै ऋणलाई स्थायी संस्थापनको ऋण नै मानिन्छ। तर मूल कम्पनीले ब्याज प्राप्त गर्ने कारणले ब्याजको रूपमा खर्च पाउने रकमको खर्च कट्टी गर्दा भने ऐनको दफा १४ को उपदफा (२) को व्यवस्था लागू हुन्छ।

- **सम्पत्तिको बाँडफाँड (Allocation of assets):** स्थायी संस्थापनको आर्थिक अधिकारमा रहेका सम्पत्ति बापतको खर्च (ह्रास, नोक्सानी, खर्च) स्थायी संस्थापनको हुन्छ।
- **खर्चको बाँडफाँड (Allocation of expenses):** स्थायी संस्थापनको कारोबारमा मात्र लागेका खर्च स्थायी संस्थापनको खर्च मानिन्छ। तर मूल कम्पनीले गरेका अप्रत्यक्ष खर्चमध्ये आयकर ऐन, २०५८ को दफा ३३ बमोजिम बाँडफाँड भएको हदसम्मको खर्च स्थायी संस्थापनको खर्च मानिन्छ।
- **आयको बाँडफाँड (Allocation of income):** स्थायी संस्थापनको कारोबारबाट भएका आय स्थायी संस्थापनको आय मानिन्छ। तर मूल कम्पनीले स्थायी संस्थापनबाट प्राप्त गरेका वा गर्नुपर्ने आय बाँडफाँड गरी सो हदसम्मको आय स्थायी संस्थापनको आय मानिन्छ।
- **मूल्य हस्तान्तरण (Transfer Pricing):** मूल कम्पनी वा सम्बद्ध व्यक्तिसँग स्थायी संस्थापनबाट भएको कारोबार (खरीद, हस्तान्तरण वा भुक्तानी) Arm's Length अवधारणा बमोजिमको हुनुपर्दछ। Arm's Length मा भएका कारोबार भए तापनि मूल कम्पनीसँगका स्वतन्त्र कारोबारमा अन्य व्यक्तिसँगका कारोबार सरह भुक्तानीमा कर कट्टी लगायतका कर व्यवहार हुन्छ।

- **एजेन्सी स्थायी संस्थापन (Agency PE):** एजेन्सीमार्फत कारोबार गरेका कारण सिर्जना भएको स्थायी संस्थापनमा सो एजेन्टको आफ्नो कारोबार र स्थायी संस्थापनको कारोबारलाई छुट्टाछट्टै व्यक्ति मानिने छ। एजेन्टको स्थायी संस्थापन मानिने कारोबारमा माथि उल्लेख भएका सबै अवधारणा लागू हुन्छन्।

माथिका अवधारणाका आधारमा विदेशी स्थायी संस्थापनको व्यवसायको करयोग्य आय निर्धारण गरिन्छ र त्यस्तो करयोग्य आयमा ऐनको अनुसूची-१ बमोजिमको करको दर लागू हुन्छ।

## ११.२ विदेशी स्थायी संस्थापनलाई लाग्ने कर सम्बन्धी व्यवस्था

आयकर ऐन, २०५८ को दफा ६८ मा विदेशी स्थायी संस्थापनको आयमा लाग्ने कर वा त्यस्ता निकायले विदेश पठाएको आयमा लाग्ने करका सम्बन्धमा उल्लेख गरेको छ। ऐनको दफा ६८ मा विदेशी स्थायी संस्थापनसँग सम्बन्धित विभिन्न पक्षको सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएको छ।

### (१) कुनै विदेशी स्थायी संस्थापनको आयमा लाग्ने कर दाखिला गर्ने जिम्मेवारी सोही स्थायी संस्थापनको हुने

गैर बासिन्दा व्यक्तिको नेपालस्थित कुनै विदेशी स्थायी संस्थापनको सम्बन्धमा त्यस्तो व्यक्तिले शाखा, कार्यालय, बिक्री कक्ष, व्यापारिक गोदाम, निर्माण साईट आदिको माध्यमबाट नेपालमा व्यवसाय सञ्चालन गरेमा त्यस्तो व्यवसायबाट भएको आयमा कर दाखिलाको लागि व्यक्तिको स्थायी संस्थापन नै जिम्मेवार रहन्छ। विदेशी स्थायी संस्थापनले नेपालमा सञ्चालन गरेको कारोबारको हदसम्मको आयमा नेपालमा कर लाग्दछ।

आयकर ऐन, २०५८ को दफा ६८ को उपदफा (१) बमोजिम **"दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनका अन्य व्यवस्थाको अधीनमा रही गैर बासिन्दा व्यक्तिको नेपालस्थित कुनै विदेशी स्थायी संस्थापनको आयमा लाग्ने कर दाखिला गर्ने जिम्मेवारी सोही स्थायी संस्थापनको हुनेछ"** भन्ने व्यवस्था गरेको छ। ऐनको यस व्यवस्थाले विदेशी स्थायी संस्थापनले नेपालमा गरेको कारोबारबाट भएको आयको कर तिर्ने दायित्व सोही विदेशी स्थायी संस्थापनमा निहित गरिएको छ।

यस सम्बन्धी प्रावधान तलको उदाहरणबाट खुलाइएको छ।

**उदाहरण ११.२.१-** मानौं, स्पेनको Dare Devil Inc. साहसिक कार्यद्वारा मनोरञ्जन गराउने कम्पनी रहेछ। उक्त कम्पनीले नेपालमा शाखा सञ्चालन गरी नेपाली तथा नेपालमा आउने विदेशी पर्यटकलाई Sky Jump गराई मनोरञ्जन उपलब्ध गराउँदै आएको रहेछ। आर्थिक वर्ष २०७५।७६ मा Dare Devil Inc. कम्पनीको नेपालको शाखाले रु.१ करोड करयोग्य आय प्राप्त गरेको रहेछ। Dare Devil Inc. कम्पनी विदेशी निकाय भएको र त्यसले शाखाद्वारा नेपालमा कार्य सञ्चालन गरेकोले उक्त शाखा नेपालको आयकर ऐन अनुसार विदेशी स्थायी संस्थापन हुन्छ। आ.व.२०७५।७६ मा भएको करयोग्य आयमा कर तिर्ने दायित्व स्पेनस्थित Dare Devil Inc. को नभई नेपालमा अवस्थित शाखा अर्थात विदेशी स्थायी संस्थापनको हुन्छ। Dare Devil Inc. कम्पनीको नेपालको शाखाले उक्त आयमा स्वदेशी कम्पनी सरह कर तिर्नु पर्दछ। यसको अतिरिक्त Dare Devil Inc. ले स्पेनमा पठाएको आयमा समेत विदेश पठाएको आयमा लाग्ने कर दाखिला गर्ने दायित्व समेत नेपाल स्थित Dare Devil Inc. को शाखा कार्यालय अर्थात विदेशी स्थायी संस्थापनको हुन्छ।

(२) **विदेशी स्थायी संस्थापनको आयबाट नियन्त्रित विदेशी निकायको आय छुट्याई गणना गर्नुपर्ने**

आयकर ऐन, २०५८ को दफा ६९ मा नियन्त्रित विदेशी निकायको आयमा लाग्ने करका सम्बन्धमा व्यवस्था गरेको छ। नेपालको बासिन्दा व्यक्तिको विदेशस्थित कुनै निकायमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा हित रहेको र आफै वा सम्बद्ध व्यक्ति समूह मार्फत नियन्त्रण कायम गरेको रहेछ भने त्यस्तो निकाय नियन्त्रित विदेशी निकाय हुन्छ। सोही दफाले नियन्त्रित विदेशी निकायको करयोग्य आय गणना गर्दा सो निकायलाई बासिन्दा निकाय भए सरह मानी आय गणना गर्न सक्ने व्यवस्था गरेको छ।

आयकर ऐन, २०५८ को दफा ६८ को उपदफा (२) मा **"विदेशी स्थायी संस्थापनको आयबाट दफा ६९ बमोजिम सो स्थायी संस्थापनको स्वामित्व भएको व्यक्तिको आय छुट्याउनु पर्नेछ"** भन्ने व्यवस्था गरेको छ।

यस दफा बमोजिम कुनै विदेशी निकायको नेपालस्थित स्थायी बासिन्दाले करयोग्य कारोबार गरी आय प्राप्त गरेको छ र उक्त विदेशी निकायमा नेपाली बासिन्दा व्यक्तिको हित रहेको छ भने त्यस अवस्थामा विदेशी स्थायी संस्थापनको पूरै आयबाट नेपाली बासिन्दाको हित बराबर समानुपातिक रूपले हुने रकम छुट्याउनु पर्नेछ।

## (३) विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा नेपालस्थित सो स्थायी संस्थापनलाई कर लगाईने

आयकर ऐन, २०५८ को दफा **६८ को उपदफा (३) बमोजिम "गैर बासिन्दा व्यक्तिको नेपाल स्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा दफा ३ को खण्ड (ख) मा उल्लेख भए बमोजिमको स्थायी संस्थापन उपर कर लाग्नेछ"** भन्ने व्यवस्था गरेको छ। ऐनको दफा ३ ले कुनै गैर बासिन्दा व्यक्तिको विदेशी स्थायी संस्थापनको रूपमा नेपालमा अवस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा नेपालस्थित विदेशी स्थायी संस्थापनलाई कर लगाउने व्यवस्था गरेको छ।

ऐनको दफा ६८ को उपदफा (१) ले विदेशी स्थायी संस्थापनलाई व्यवसाय सञ्चालनबापत प्राप्त आयमा कम्पनी सरह कर लगाउने व्यवस्था छ। स्थायी संस्थापन देशको कम्पनी ऐन लगायत अन्य ऐनबाट दर्ता नभएको हुने हुँदा त्यस्ता स्थायी संस्थापनले आर्जन गरेको आय लाभांशको रूपमा वितरण नहुने र विदेशी स्थायी संस्थापनको प्रमुख निकाय जुन देशमा छ सोही देशमा व्यवसायबाट आर्जित आय Repatriate हुने गर्दछ। यसरी Repatriate रकममा कर लगाउने व्यवस्था यस दफाले गरेको छ। उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ।

**उदाहरण ११.२.२-** मानौं, ईटालीको बुर्लोस्की कन्स्ट्रक्सन कम्पनी सडक निर्माण गर्ने कम्पनी रहेछ। उक्त कम्पनीले नेपालमा सडक निर्माण गर्ने ठेक्का प्राप्त गरेको रहेछ। उक्त कम्पनीले आ.व.२०७५।७६ मा ९ महिनाको अवधिमा आफूले प्राप्त गरेको ठेक्का बापतको सडक निर्माण गर्ने कार्य सम्पादन गरेको रहेछ। सडक निर्माण गर्ने कार्यमा उक्त कम्पनी ९ महिना संलग्न रहेकोले नेपालको ऐन अनुसार स्थायी संस्थापन मानिन्छ। सडक निर्माण बापत उक्त कम्पनीले रु.१ करोड करयोग्य आय प्राप्त गरेको रहेछ। यस अवस्थामा उक्त कम्पनी विदेशी स्थायी संस्थापन भएकोले आर्जन गरेको रु.१ करोडमा २५ प्रतिशतले कम्पनीलाई लाग्ने करको दर अनुसार हुने रु.२५ लाख आयकर तिर्नु पर्दछ। रु.२५ लाख आयकर तिरेपछि बाँकी रहेको रकम रु.७५ लाख उक्त कम्पनीको Head Office मा पठाएको रकम विदेशी स्थायी संस्थापनले विदेशमा पठाएको आय मानिने र उक्त आयमा ऐनको अनुसूची-१ को दफा २ को उपदफा (६) अनुसार ५ प्रतिशतले कर भुक्तानी गर्नुपर्दछ। स्थायी संस्थापनले कर तिरेको सबै आय आफ्नो मूल कम्पनीमा पठाउँदा विदेश पठाएको आय मानिने रकममा ऐनको दफा ३(ख) को व्यक्तिको रूपमा कर लाग्दछ।

## (४) विदेशी स्थायी संस्थापनले विदेश पठाएको रकम सो स्थायी संस्थापनले सो वर्षमा वितरण गरेको लाभांश रकम बराबर नै हुने

आयकर ऐन, २०५८ को दफा ६८ को उपदफा (४) मा **"गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले कुनै आय वर्षमा विदेश पठाएको आय सो विदेशी स्थायी संस्थापनले सो वर्षमा वितरण गरेको लाभांश रकम बराबर हुनेछ"** भन्ने व्यवस्था गरेको छ। सो बमोजिम कुनै गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले गैर बासिन्दा निकायलाई नेपालको कारोबारबाट भएको आय विदेश पठाएको रहेछ भने यसरी पठाएको आय (Repatriated Income) मा कर लाग्दछ। यसरी विदेश पठाएको आय (Repatriated Income) अन्य कुनै गैर बासिन्दा निकायको नेपालस्थित सम्बद्ध निकायले भुक्तानी गरेको लाभांश सरह नै हुन्छ। सम्बद्ध निकायले भुक्तानी गर्ने लाभांशमा कर तिर्ने दायित्व विदेशस्थित निकायको हुन्छ भने विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा विदेशी स्थायी संस्थापनले नै कर तिर्नुपर्दछ। विदेश पठाएको आय (Repatriated Income) को सम्बन्धमा ऐनको दफा ३ को खण्ड (ख) बमोजिम नै कर लाग्ने र यसरी लाग्ने करको दर अनुसूची–१ को दफा २ को उपदफा (६) ले व्यवस्था गरेको छ। यसरी विदेशी स्थायी संस्थापनले विदेश पठाएको रकमलाई सो स्थायी संस्थापनले सो वर्षमा वितरण गरेको लाभांश रकम बराबर नै हुने व्यवस्था ऐनले गरेको छ। उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ।

| |
|---|
| **उदाहरण ११.२.३** मानौं, भारतको कसमस बीमा कम्पनीले नेपालमा शाखा कार्यालय स्थापना गरी नेपालमा सामान्य बीमा व्यवसाय गरि आएको रहेछ। नेपालमा शाखा कार्यालय खोली बीमा व्यवसाय गरेकोले उक्त शाखा कार्यालय ऐन अनुसार विदेशी स्थायी संस्थापन हुन्छ। उक्त कम्पनीले आ.व.२०७५।७६ मा नेपालमा सामान्य बीमा कारोबार गरी रु.१ करोड आय आर्जन गरेको रहेछ। उक्त शाखाले कम्पनीलाई लाग्ने आयकरको दर अनुसार उक्त आयमा रु.३० लाख कर दायित्व भुक्तान गरी बाँकी रहेको रु.७० लाखमध्ये रु.५० लाख भारतस्थित आफ्नो मुख्य कार्यालयमा पठाएको रहेछ भने त्यसरी पठाइएको आयमा (-Repatriated Income) मा अनुसूची–१ को दफा २ को उपदफा (६) अनुसार ५ प्रतिशतले हुने रकम रु.२ लाख ५० हजार नेपालको शाखाले कर बापत दाखिला गर्नु पर्दछ। |

## ११.३ स्थायी संस्थापन र स्वतन्त्र निकायको अवधारणा

स्थायी संस्थापन यसको स्वामित्व भएको नियन्त्रक निकायभन्दा स्वतन्त्र निकाय मानिन्छ। स्थायी संस्थापनमा आयकर ऐन, २०५८ को दफा ५२ मा उल्लेख भएका करका सिद्धान्त लागू हुन्छन्। स्थायी संस्थापनको आयमा संस्थागत आयकर र विदेश पठाएको आयमा कर

लाग्दछ। स्थायी संस्थापनको सम्पत्तिको स्वामित्व सोही स्थायी संस्थापनको मानिन्छ, स्थायी संस्थापनलाई नियन्त्रण गर्ने नियन्त्रक निकायको स्वामित्वमा रहेको मानिदैंन। दायित्वको भार पनि यस्तै हुन्छ। स्थायी संस्थापनले विदेश पठाएको आयलाई ऐनको दफा ५३, ५४ र ५५ मा उल्लेख भए सरहको लाभांश सरह मानिने व्यवस्था ऐनको दफा ६८ मा रहेको छ।

**उदाहरण ११.३.१-** मानौं, क्यानाडा कर्पोरेसन (Canada Corp.) को नेपालमा निर्माण सम्बन्धी ठेक्काका कारण स्थायी संस्थापन सिर्जना भएको रहेछ। सो निर्माणका लागि सोही साइटका कारोबारहरू क्यानाडा कर्पोरेसन (Canada Corp.) सँग भएका कारोबार नमानीई स्थायी संस्थापनसँग भएका कारोबार मानिन्छन्। सम्झौता पत्र, खरीद, बिक्री, लिनुदिनु, ऋण, बैंक लगायतका कागजातमा क्यानाडा कर्पोरेसन (Canada Corp.) कै नाम भए तापनि ती कामहरू स्थायी संस्थापनका मानिन्छन्।

क्यानाडा कर्पोरेसन (Canada Corp.) को स्थायी संस्थापनले स्वतन्त्र निकाय सरह व्यावसायिक गतिविधिको लेखा राख्ने, आय विवरण तयार गरी दाखिला गर्ने, कर दाखिला गर्ने तथा अन्य क्रियाकलाप पूरा गर्नु पर्दछ। संस्थागत कर तिरेर बाँकी रकम मुख्य कम्पनी क्यानाडा कर्पोरेसन (Canada Corp.) वा अन्य सम्बद्ध व्यक्तिसमक्ष पठाउँदा ऐनको दफा ६८ बमोजिम कर तिर्ने जिम्मेवारी पनि सोही स्थायी संस्थापनको हुन्छ।

## ११.४ स्थायी संस्थापनले कागजातको अभिलेख राख्नुपर्ने

स्थायी संस्थापनले गरेका कारोबारको लेखा तथा सोसँग सम्बद्ध कागजात र अभिलेख आयकर ऐन, २०५८ को दफा ८१ मा तोकिएको तरिकाले नेपालमा राख्नु पर्दछ।

**८१(१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्तिले विभागबाट तोकिएको प्रकार, ढाँचा, लेखापरीक्षणको प्रमाणीकरण वा अन्य प्रकारले गर्नुपर्ने प्रमाणीकरण तथा प्रमाणित गर्ने कागजातहरूका अतिरिक्त देहाय बमोजिमका आवश्यक कागजातहरू नेपालमा खडा गरी राख्नु पर्नेछः–**

**(क) यस ऐन बमोजिम विभागमा पेश गर्नुपर्ने आय विवरण वा अन्य कुनै कागजातहरूलाई पुष्ट्याई गर्ने आवश्यक सूचना तथा कागजात,**

**(ख) निजले बुझाउनु पर्ने कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजात,**

**(ग) खर्च कट्टीलाई पुष्ट्याई गर्ने कागजात।**

(२) विभागले लिखित रूपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरू सम्बन्धित आय वर्ष समाप्त भएको मितिले पाँच वर्षको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कुनै कागजात नेपाली वा अंग्रेजी भाषामा नभएमा विभागले लिखित सूचना जारी गरी सम्बन्धित व्यक्तिलाई निजको आफ्नै खर्चमा त्यस्तो कागजातलाई प्रचलित कानून बमोजिम मान्यता प्राप्त अनुवादकबाट नेपाली भाषामा गरिएको अनुवादप्रति पेश गर्न लगाउन सक्नेछ।

(४) विभागले मापदण्ड र प्रक्रिया तोकी कुनै व्यक्तिले विद्युतीय माध्यमबाट बीजक जारी गर्न र उपदफा (१) बमोजिम राख्नु पर्ने कागजातहरू विद्युतीय माध्यमबाट राख्न स्वीकृति दिन सक्नेछ।

## ११.५ नियन्त्रक निकाय र स्थायी संस्थापनबीचको कारोवार

स्थायी संस्थापन र स्थायी संस्थापनको स्वामित्व भएको व्यक्ति वा सम्बद्ध व्यक्तिबीचको कारोबारलाई आयकर ऐन, २०५८ को दफा ५६ को उपदफा (१) र (२) बमोजिम चारित्रीकरण र परिमाणीकरण गर्नु पर्दछ।

५६(१) दफा ४५ को अधीनमा रही कुनै निकाय तथा सो निकायको हिताधिकारी बीच एक अर्कामा वितरणको कुनै तरिका वा अन्य कुनै किसिमले सम्पत्तिको स्वामित्वको हस्तान्तरणबाट सम्पत्ति निःसर्ग भएमा देहाय बमोजिम हुनेछः–

(क) सम्पत्ति हस्तान्तरणकर्ताले सो सम्पत्तिको निःसर्ग हुनुभन्दा तत्काल अघिको बजार मूल्य सरहको रकम सो निःसर्गबाट प्राप्त गरेको मानिनेछ, र

(ख) सम्पत्ति हस्तान्तरण गरिलिने व्यक्तिको सो सम्पत्ति प्राप्त गर्दा खण्ड (क) मा उल्लेख भए बराबरको रकम लागत परेको मानिनेछ।

(२) दफा ४५ को अधीनमा रही कुनै निकाय र सो निकायको कुनै हिताधिकारीबीच एक अर्कामा कुनै दायित्वको हस्तान्तरणबाट सो दायित्वको निःसर्ग भएमा देहाय बमोजिम हुनेछः-

(क) दायित्व हस्तान्तरणकर्ताको सो दायित्व निःसर्ग हुनुभन्दा तत्काल अघिको बजार मूल्य सरहको रकम सो दायित्व निःसर्ग गर्दा लागत परेको मानिनेछ, र

(ख) दायित्व हस्तान्तरण गरिलिने सो व्यक्तिले दायित्व लिँदा खण्ड (क) मा उल्लेख भए बराबरको रकम प्राप्त गरेको मानिनेछ।

उपर्युक्त दफामा भएको व्यवस्था अनुसार नियन्त्रक र स्थायी संस्थापनबीचको कारोबारमा आयकर ऐन, २०५८ को दफा ४५ को उपदफा (६) को अवस्था पूरा भएमा लागत मूल्यमा र सो अवस्था पूरा नभएमा बजार मूल्यमा सामान खरीद बिक्री भएको मानिन्छ।

**उदाहरण ११.५.१-** मानौं, जोर्डन कम्पनी (Jordan LLC) को नेपालमा शाखा कार्यालय रहेछ। कम्पनीको जोर्डनको पेट्रामा अवस्थित कारखानाका सामान सो शाखा कार्यालयले आयात गरी नेपालमा बिक्री गर्दो रहेछ।

जोर्डन कम्पनी (Jordan LLC) को शाखा कार्यालय नेपालमा रहेकाले सो शाखा कार्यालय नेपालमा रहेको स्थायी संस्थापन हुन्छ।

जोर्डन कम्पनी (Jordan LLC) ले स्थायी संस्थापनको रूपमा रहेको नेपाल शाखामा पठाएको सामान सो शाखाले बजार मूल्यमा आयात गरी खरीद गरेको मानिन्छ। आयात बापतको रकम व्यापारिक मौज्दातको निसर्गमा लागत कट्टीको रूपमा ऐनको दफा १५ बमोजिम खर्च कट्टी पाउँदछ।

## ११.६ स्थायी संस्थापनको निःसर्गमा कर

स्थायी संस्थापनकै निसर्ग भएमा त्यस्तो निसर्गमा आयकर ऐन, २०५८ को दफा ३७ बमोजिम लाभ गणना गर्नु पर्दछ।

**३७(१) कुनै सम्पत्ति वा दायित्वको निःसर्गबाट हुन गएको कुनै व्यक्तिको लाभ निःसर्गको समयमा सो सम्पत्ति वा दायित्व बापतको खर्चहरूको (आउट गोइङ्गस) योगभन्दा सो सम्पत्ति वा दायित्व बापत प्राप्त आम्दानीको योग बढी भए जतिको रकम मानी गणना गर्नु पर्नेछ।**

(२) **कुनै सम्पत्ति वा दायित्वको निःसर्गबाट हुन गएको कुनै व्यक्तिको नोक्सानी निःसर्गको समयमा सो सम्पत्ति वा दायित्व बापत प्राप्त आम्दानीहरूको योग भन्दा सो सम्पत्ति वा दायित्व बापतको खर्चको (आउट गोइङ्गस) योग बढी भए जतिको रकम मानी गणना गर्नु पर्नेछ।**

**उदाहरण ११.६.१-** मानौं, डेनमार्क कम्पनी (Denmark A/S) ले चतरा दोलालघाट स्टिमर वे निर्माणको ठेक्का लिएको रहेछ। निर्माणको काम सुरु गरेको आठ महिनामा उसको प्रगति पाँच महिना बराबरको काममात्र भएछ। कम्पनीले सो ठेक्का र सम्बन्धित सबै सम्पत्ति दायित्व बुल्गेरिया कम्पनी (Bulgaria AD) लाई बिक्री गरेछ। सुरु सम्झौता अनुसार स्टिमर वे निर्माणको कार्य तीन वर्षमा पूरा गर्नु पर्ने रहेछ।

डेनमार्क कम्पनी (Denmark A/S) को नेपालमा रहेको स्थायी संस्थापनको निसर्ग भएकाले बुल्गेरिया कम्पनी (Bulgaria AD) ले तिरेको रकम सो स्थायी संस्थापनको निसर्ग बापत आयकर ऐन, २०५८ को दफा ३९ अनुसारको आम्दानी (incomings) हुन्छ भने स्थायी संस्थापनको खुद सम्पत्तिको कराधार ऐनको दफा ३८ अनुसारको खर्च (outgoings) हुन्छ। यसरी स्थायी संस्थापनको निसर्गमा भएको ऐनको दफा ३७ बमोजिमको खुद लाभ (gain on disposal of permanent establishment) नेपालमा स्रोत भएको लाभ मानिन्छ र ऐनको दफा ९ अनुसार कर लाग्दछ।

## ११.७ सम्बद्ध व्यक्तिबीचको कारोवार

स्थायी संस्थापन र स्थायी संस्थापनको स्वामित्व भएको व्यक्ति वा सम्बद्ध व्यक्तिबीचको कारोबारलाई कानूनमा भएको व्यवस्था बमोजिम मूल्याङ्कन नभएमा अवस्था अनुसार आयकर ऐन, २०५८ को दफा ३३ (वा कर सन्धिको धारा ९) अनुसार मूल्य हस्तान्तरणको व्यवस्था लागू हुन्छ।

**३३(१) सम्बद्ध व्यक्तिहरू बीच कुनै व्यवस्था भएकोमा सो व्यवस्था सामान्य बजार व्यवहार (आर्म्स लेन्थ) अनुसार सञ्चालन गरिएको भए तिनीहरूको लागि कायम हुनसक्ने कर योग्य आय वा बुझाउन पर्ने कर प्रतिविम्बित हुने किसिमले ती व्यक्तिहरू बीच आय गणना गर्दा समावेश वा कट्टी गरिने रकमहरू विभागले लिखित रूपमा सूचना जारी गरेर वितरण, विनियोजन वा बाँडफाँड गर्न सक्नेछ।**

**(२) उपदफा (१) मा उल्लिखित कुनै कुरा गर्दा विभागले देहाय बमोजिम गर्न सक्नेछः–**

**(क) कुनै आय, नोक्सानी, रकम वा भुक्तानीको स्रोत र किसिमलाई पुनः चारित्रीकरण गर्न, वा**

**(ख) कुनै व्यवसाय सञ्चालन गर्न कुनै व्यक्तिले मुख्य कार्यालय खर्च लगायत गर्नु परेको विभिन्न खर्चबाट, सम्बद्ध व्यक्ति वा व्यक्तिहरूलाई फाईदा पुग्न गएकोमा त्यस्तो खर्च व्यवसायको कारोबारको तुलनात्मक आधारमा सम्बद्ध व्यक्तिहरू बीच बाँडफाँड गर्न।**

**उदाहरण ११.७.१-** मानौं, रोमानीया साझेदारी (Romania SNC) को नेपालमा शाखा कार्यालय रहेछ। कम्पनीको रोमानीयामा अवस्थित कारखानाका सामान सो शाखा कार्यालयले आयात गरी नेपालमा बिक्री गर्दो रहेछ। आयातको मूल्य निर्धारण गर्दा रोमानीयाको कारखाना स्थलको बिक्री मूल्य कायम नगरी नेपाली ग्राहकको मूल्य कायम

गरिने गरिएको रहेछ। नेपाली ग्राहकको मूल्यमा नै आयात भएकाले शाखा कार्यालयको कुनै आय बच्दो रहेनछ।

रोमानीया साझेदारी (Romania SNC) को शाखा कार्यालय नेपालमा रहेकाले सो शाखा कार्यालय नेपालमा रहेको स्थायी संस्थापन हुन्छ।

रोमानीया साझेदारी (Romania SNC) र यसको शाखा कार्यालयबीचको कारोबार स्वतन्त्र व्यक्ति सरहको नभई नेपाली ग्राहकको मूल्य रोमानीयामा रहेको कार्यालयमा नै गणना गरिएकाले यसमा मूल्य हस्तान्तरण (Transfer Pricing) व्यवस्था लागू हुन्छ। आयकर ऐन, २०५८ को दफा ५६ र दफा ३३ बमोजिम समायोजन गरिएको रकम स्थायी संस्थापनको खर्च कट्टी हुन्छ।

## ११.८ आय निर्धारणको तरिका

स्थायी संस्थापनको आयमा समावेश हुने रकम अन्य बासिन्दा सरह नै गणना हुन्छ। स्थायी संस्थापनको खर्च कट्टी गर्दा आयकर ऐन, २०५८ को दफा १३ देखि दफा २१ का व्यवस्था लागू हुन्छन्। तर स्वतन्त्र निकाय सरह मानीए तापनि स्थायी संस्थापन र यसको स्वामित्व भएको गैर बासिन्दा निकायबीचको केही कारोबारहरूलाई कर प्रयोजनमा मान्यता दिइदैंन।

- नियन्त्रक निकाय वा सम्बद्ध व्यक्तिले गरेको लगानीको ब्याज खर्च कट्टी हुँदैन। तर सो नियन्त्रक निकाय वा सम्बद्ध व्यक्तिले अन्य व्यक्तिबाट लिएको ऋण मध्ये स्थायी संस्थापनले प्रयोग गरेको अनुपातको ऋणको समानुपातिक ब्याज वा स्थायी संस्थापनकै लागि भनेर लिइएको ऋणको ब्याजको सोधभर्ना भने खर्च कट्टी पाउँछ।
- नियन्त्रक निकाय वा सम्बद्ध व्यक्तिको ब्रान्ड वा ट्रेडमार्क वा त्यस्तै अमूर्त सम्पत्तिमा कुनै रोयल्टी खर्च कट्टी पाउँदैन। तर सो नियन्त्रकले नै अन्य व्यक्तिको ट्रेडमार्क प्रयोग गरे बापत तिरेको समानुपातिक रकम वा स्थायी संस्थापनकै प्रयोगका लागि तेस्रो पक्षबाट लिएको ट्रेडमार्कको रोयल्टी खर्च कट्टी हुन्छ।
- नियन्त्रक वा सम्बद्ध व्यक्तिले स्थायी संस्थापन सञ्चालन गर्दा कुनै व्यवस्थापन शुल्क लिएको भएमा सो शुल्क खर्च कट्टी हुँदैन। तर नियन्त्रक वा सम्बद्ध व्यक्तिको वास्तविक व्यवस्थापन र प्रशासनिक खर्चहरूको समानुपातिक अंश खर्च कट्टी हुन्छ।

**उदाहरण ११.७.१-** मानौं, अल्जेरिया कम्पनी (Algeria Co.) को नेपालमा बिक्री शाखा रहेछ। नेपालको शाखाको बिक्री कम्पनीको कुल बिक्रीको २ प्रतिशत रहेछ। कम्पनीले

शाखा कार्यालयमा वार्षिक ७ प्रतिशत ब्याज लिने गरी रु.३ करोड ऋण दिएको रहेछ। उक्त ऋणको स्रोतमा रु.१ करोड अल्जेरियाको बैंकसँग ६ प्रतिशत ब्याजदरमा शाखा कार्यालयको व्यवसायका लागि भनेर लिएको, रु.१ करोड अफ्रिकन बैंकसँग ६ प्रतिशत ब्याजदरमा कम्पनीका विभिन्न व्यवसायका लागि लिएको रु.१५ करोडमध्येको र रु.१ करोड कम्पनीको आफ्नै स्रोतको रहेछ।

कम्पनीको आफ्नै ब्रान्ड लोगो रहेछ। आफ्नो लोगो बापत शाखा कार्यालयबाट वार्षिक रु.१ करोड लिने गरेको रहेछ। यसमा उत्पादित सामानमध्ये एउटा सामानको लोगो स्पेन कम्पनी (Spain S.A.) को रहेको र उक्त कम्पनीको लोगो बापत वार्षिक रु.३० लाख तिरेको रकम समावेश रहेछ।

कम्पनीले शाखा कार्यालयबाट वार्षिक रु.२ करोड व्यवस्थापन शुल्क लिने गरेको रहेछ र कम्पनीको वार्षिक व्यवस्थापन खर्च रु.५० करोड रहेछ।

माथि उपलब्ध सूचना अनुसार देहाय अनुसार शाखा कार्यालयको खर्च कट्टी पाइन्छः

- अल्जेरियाको बैंकसँग लिएको ऋण रु.१ करोडको ६ प्रतिशत र अफ्रिकन बैंकसँग लिएको ऋण रु.१ करोड ६ प्रतिशत ब्याज खर्च कट्टी हुन्छ।
- कम्पनीको आफ्नै ब्रान्ड लोगो बापत नेपालको शाखा कार्यालयबाट लिएको रु.१ करोड खर्च कट्टी हुँदैन, तर स्पेन कम्पनी (Spain S.A.) को लोगो बापत वार्षिक रु.३० लाख खर्च कट्टी हुन्छ।
- कम्पनीले नेपालको शाखा कार्यालयबाट लिएको रु.२ करोड व्यवस्थापन शुल्क खर्च कट्टी हुँदैन, तर कम्पनीको वार्षिक व्यवस्थापन खर्च रु.५० करोडको २ प्रतिशतले हुने रु.१ करोड भने खर्च कट्टी हुन्छ।

## ११.९ स्थायी संस्थापनले ऐनको दफा १२ र १२ख. बमोजिमको रकम खर्च कट्टी पाउने

स्थायी संस्थापनले आयकर ऐन, २०५८ को दफा १२ र १२ख बमोजिमको रकम खर्च कट्टी घटाउन पाउँछ।

**१२(१) कुनै व्यक्तिले कुनै आय वर्षमा आफ्नो करयोग्य आय गणना गर्दा यस दफाको प्रयोजनको लागि विभागबाट स्वीकृति प्राप्त कर छुट पाउने संस्थालाई चन्दा उपहार दिएको रकम घटाउने दाबी गर्न सक्नेछ।**

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त उपदफा बमोजिम कुनै आय वर्षमा घटाउन पाउने खर्च एक लाख रुपैयाँ वा त्यस्तो व्यक्तिको उक्त वर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ त्योभन्दा बढी हुने छैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै कार्यको लागि कुनै व्यक्तिले खर्च गरेको वा चन्दा दिएको रकम सो व्यक्तिको आय निर्धारण गर्दा खर्च बापत पूर्ण वा आंशिक रूपमा कट्टी गर्न पाउने गरी तोक्न सक्नेछ।

१२ख. कुनै व्यक्तिले कुनै आय वर्षमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा घटाउन सक्नेछ।

## ११.१०करको दर

### (१) स्थायी संस्थापनलाई बासिन्दा निकायरूपमा कर लाग्ने

स्थायी संस्थापन बासिन्दा निकाय मानिने हुनाले आय गणना र कर निर्धारणमा बासिन्दा निकायलाई लागू हुने सबै प्रावधानहरू लागू हुन्छन्। करयोग्य आयमा आयकर ऐन, २०५८ को अनुसूची १ को दफा २ अनुसार व्यवसायको प्रकृति अनुसारको करको दर लाग्दछ। कारोबारको प्रकृति अनुसार स्थायी संस्थापनले ऐनको दफा ११ का कर सहुलियत प्राप्त गर्दछ।

**उदाहरण ११.१०.१-** मानौं, इराक कम्पनी (Iraq Co.) ले नेपालमा घरायसी सामान उत्पादन गर्ने कारखाना २०७६ चैत्रमा खोलेको रहेछ। सो कारखाना खोल्दा पुँजीगत लगानी रु.२ अर्ब खर्च भएको रहेछ र ६०० नेपाली नागरिकलाई रोजगारी दिएको रहेछ।

इराक कम्पनी (Iraq Co.) को कारखाना भएकाले यो नेपालमा रहेको स्थायी संस्थापन हुन्छ। आयकर ऐन, २०५८ को दफा ११ अनुसार रु.१ अर्बभन्दा बढी लगानीको विशेष उद्योग खोलिएको अवस्थामा पहिलो पाँच वर्ष आयकर पूरै छुट हुन्छ। त्यसकारण, सो स्थायी संस्थापन कारखानाको पहिलो पाँच वर्ष कर छुट पाउने सुविधा अन्तर्गत कर दाखिला गर्नुपर्दैन।

### (२) स्थायी संस्थापनले विदेश पठाएको आयमा सोही स्थायी संस्थापनलाई कर लगाइने

स्थायी संस्थापनले संस्थागत कर भुक्तान गरी बाँकी रहेको आय विदेशी नियन्त्रक वा सम्बद्ध व्यक्तिलाई स्थानान्तरण गर्दा आयकर ऐन, २०५८ को दफा ५३ को उपदफा (४) अनुसार गणना गरिएको लाभांश सरहको रकममा ऐनको दफा ६८ तथा अनुसूची १ को दफा २ बमोजिम विदेश पठाएको आयमा सोही स्थायी संस्थापनलाई कर लाग्दछ। नियन्त्रकलाई कुनै कर लाग्दैन। विदेश पठाएको आयमा ऐनको दफा ५६ को उपदफा (३) को अवस्था विद्यमान भएमा (i.e. Repatriation of unrealized profits) त्यस्तो रकम स्थायी संस्थापनको आय गणना गर्दा समावेश गर्नु पर्दछ।

**उदाहरण ११.१०.२-** मानौं, इराक कम्पनीको माथिको उदाहरण ११.१०.१ मा कारखानाको व्यावसायिक आयमा आयकर ऐन, २०५८ को दफा ११ बमोजिम शत प्रतिशत नै कर सहुलियत हुने हुनाले कर लाग्दैन।

तर सो आय विदेश पठाएको अवस्थामा भने सो दफाको सहुलियत नभएकाले ५ प्रतिशत कर लाग्दछ।

**उदाहरण ११.१०.३-** मानौं, ग्लोबल लाईफ इन्स्योरेन्स कं. (Global Life Insurance Company) को शाखा कार्यालय नेपालको सम्बन्धित निकायबाट ईजाजत लिई नेपालमा व्यवसाय सञ्चालन गरिरहेको गैर बासिन्दा व्यक्तिको नेपालस्थित स्थायी संस्थापन हो। उक्त निकायले नेपालमा लगानी बीमा व्यवसाय गरी आर्जन गरेको आय सो कम्पनी आफैले वितरण गर्न नमिलेको कारण त्यस्तो रकम आफ्नो Parent Company लाई पठाएको खण्डमा उक्त रकम विदेशमा पठाएको आय मानिन्छ र त्यस्तो विदेशमा पठाउने आयमा ५ प्रतिशतका दरले कर कट्टी गरी बाँकी रकम मात्रै भुक्तानी गर्नुपर्दछ।

**उदाहरण ११.१०.४-** मानौं, सिङ्गापुर कम्पनी (Singapore Bhd.) र सो कम्पनीका सम्बद्ध व्यक्तिको नेपालमा रहेको शाखा कार्यालयसँग भएको कारोबार निम्नानुसार रहेछः

| | Singapore Bhd. | Singapore Sdn. Bhd. (100% subsidiary) | Malaysia branch Singapore Bhd. | Total |
|---|---|---|---|---|
| Opening Payables (Receivable) | 3,000,000 | 2,000,000 | (1,000,000) | 4,000,000 |
| Purchases | 5,000,000 | - | 2,000,000 | 7,000,000 |
| Sales | 2,500,000 | 3,000,000 | 2,500,000 | 8,000,000 |

| | | | | |
|---|---|---|---|---|
| Payments (received) during the year | 5,000,000 | 2,500,000 | (2,500,000) | 5,000,000 |
| Profit after tax | 6,500,000 | | | 6,500,000 |
| Closing payables | 7,000,000 | (3,500,000) | 1,000,000 | 4,500,000 |

नेपालमा रहेको शाखा कार्यालय नेपालको स्थायी संस्थापन हुने र सिङ्गापुर कम्पनी (Singapore Bhd.) र सो कम्पनीका सम्बद्ध व्यक्तिको वर्षको सुरुको तिर्न बाँकी रकम रु. ४० लाख रहेकोमा वर्षान्तमा सो रकम बढेर रु. ४५ लाख पुगेको रहेछ। तर स्थायी संस्थापनको आय रु. ६५ लाख भएकाले विदेश पठाएको आयमा निम्नानुसार कर गणना गर्नुपर्छः

| | |
|---|---|
| Opening payables | 4,000,000 |
| Closing payables | 4,500,000 |
| Increment in payables | 500,000 |
| Profits during the year | 6,500,000 |
| Repatriation of profits | 6,000,000 |
| Repatriation tax @5% | 300,000 |

## ११.११ कारोबार एकीकरण अवधारणा (Force of Attraction Rule)

गैर बासिन्दा निकायको नेपालको कारोबारहरूमध्ये कुनै कारोबारले स्थायी संस्थापन सिर्जना गरेको अवस्थामा उस्तै कामहरू जोडेर आय निर्धारण गरिने तरिका कारोबार एकीकरण अवधारणा (Force of Attraction Rule) हो। आय एकीकरणमा सो गैर बासिन्दा निकायको एकभन्दा बढी व्यावसायिक कारोबारले स्थायी संस्थापन सिर्जना भएमा सबै स्थायी संस्थापनहरू एउटै स्थायी संस्थापनले गरे सरहका सबै कारोबारहरू सोही स्थायी संस्थापनको आय मानिन्छ।सो गैर बासिन्दा निकायको कुनै व्यावसायिक कारोबारले स्थायी संस्थापन सिर्जना भएमा सो स्थायी संस्थापनले गरे सरहका सबै कारोबारहरू सोही स्थायी संस्थापनको आय मानिन्छ।

नेपालको दोहोरो कर मुक्ति सम्झौता भएका मुलुकहरू मध्ये मौरिसस्, पाकिस्तान, कतार, श्रीलङ्का र थाइल्यान्डका बासिन्दा निकायको स्थायी संस्थापनका हकमा आय एकीकरण अवधारणा (Force of Attraction Rule) अनुसार आय गणना हुन्छ।

**उदाहरण ११.११.१-** मानौं, कतार लिमिटेड (Qatar Company) ले नेपालमा रहेको एजेन्ट मार्फत रु.७ करोडको सामान बिक्री गरेछ रहेछ। कम्पनीले नेपाल सरकारको सामान

आपूर्ति गर्ने एउटा ठेक्का प्राप्त गरेछ र सो ठेक्कामा रु.४ करोड भुक्तानी पाएछ।

नेपाल र कतारबिच भएको कर सन्धिको धारा ७ को अनुच्छेद-१ अनुसार कतारका बासिन्दाको नेपालमा स्थायी संस्थापन भएको अवस्थामा सो स्थायी संस्थापनले गरे सरहका सबै व्यावसायिक कार्यहरू (Sales in that other State of goods or merchandise of the same or similar kind as those sold through that permanent establishment) जोडी स्थायी संस्थापनलाई कर लगाइने हुनाले उक्त स्थायी संस्थापनको बिक्री रु.११ करोड मानिन्छ।

**

# अनुसूचीहरु

अनुसूची - १

# साविकको स्थायी लेखा नम्बर प्रयोगको निवेदन

(निर्देशिकाको परिच्छेद १० सँग सम्बन्धित)

मितिः ... ... .... ...

श्रीमान प्रमुख कर अधिकृतज्यू

.... ... कार्यालय।

विषयः साविकको स्थायी लेखा नम्बरमा व्यवसाय अद्यावधिक गर्ने बारे।

महोदय,

हाम्रो देहायको स्थायी लेखा नम्बरमा देहाय अनुसारको व्यवसाय थप गर्नु पर्ने भएकाले थप हुने व्यवसायसँग सम्बद्ध कागजात सम्लग्न राखी व्यवसाय अद्यावधिक गर्न अनुरोध गर्दछौं।

| | |
|---|---|
| करदाताको नामः<br>स्थायी लेखा नम्बरः | |
| हालसम्मको व्यवसाय | |
| थप हुने व्यवसाय | |
| व्यवसाय थप हुन आवश्यक कागजातहरु | |
| व्यवसायको अनुमानीत अवधि | |

दस्तखत

---------------------

अख्तियार प्राप्त व्यक्तिको नामः

ठेगानाः

सम्पर्क नं.

अनुसूची - २

# स्थायी लेखा नम्बर अद्यावधिक सूचना

(निर्देशिकाको परिच्छेद १० सँग सम्बन्धित)

मितिः ... ... .... ...

स्थायी लेखा नम्बर अद्यावधिक गरिएको जानकारी

स्थायी लेखा नम्बर.... .... .... भएका करदाता श्री .. ... ... ... ... को स्थायी लेखा नम्बरमा देहाय बमोजिमका व्यवसाय थप गरिएको व्यहोरा प्रमाणित गरिएको छ।

| | |
|---|---|
| करदाताको नामः<br>स्थायी लेखा नम्बरः | |
| साविकको व्यवसाय | (विस्तृत विवरण) |
| अब कायम भएको व्यवसाय | (विस्तृत विवरण) |

प्रत्येक व्यवसायको बेग्लाबेग्लै व्यक्ति सरह आय गणना गरी आयकर ऐन, २०५८ को दफा ९६ अनुसार आय विवरण पेश गर्नु पर्नेछ।

दस्तखत

---------------------

कर अधिकृत

अनुसूची - ३

# कर मिलान सुविधा प्रमाणिकरणको निवेदन

(निर्देशिकाको परिच्छेद १० सँग सम्बन्धित)

मितिः ... ... .... ...

श्रीमान प्रमुख कर अधिकृतज्यू

.... ... कार्यालय।

विषयः कर तिरेको रकम र कर सहुलियत प्रमाणित गर्ने बारे।

हामीले नेपालमा रहेको स्थायी संस्थापनको रुपमा देहाय बमोजिम कर भुक्तानी गरेको र देहाय अनुसार कर सहुलियत पाउने हुनाले सो भुक्तानी र सहुलियत प्रमाणित गरि पाउन अनुरोध गर्दछौं।

| | |
|---|---|
| करदाता स्थायी संस्थापनको नामः<br>करदाताको मूल निकायको नामः<br>स्थायी लेखा नम्बरः | |
| आय वर्षः | |
| आयकर ऐन, २०५८ को दफा ११ बमोजिम कुनै सुविधा मिलान नगरी हुने आय रु. | |
| संस्थागत आयकरको दर | २५% |
| आयकर ऐन, २०५८ को दफा ११ बमोजिम गणना गरिएको कर सुविधा<br>आय रु.<br>सुविधाको कर रु. | |
| भुक्तानी गरेको आयकर रु. (शुल्क र व्याज बाहेक तर विदेश पठाएको आयमा लागेको कर सहित) | |

दस्तखत ---------------------

अख्तियार प्राप्त व्यक्तिको नामः

ठेगानाः सम्पर्क नं.

अनुसूची - ४

# कर मिलान सुविधा प्रमाणिकरण

(निर्देशिकाको परिच्छेद १० सँग सम्बन्धित)

मितिः ... ... .... ...

विषयः कर तिरेको रकम र कर सहुलियत प्रमाणीकरण।

श्री [स्थायी संस्थापनको नाम]

स्थायी लेखा नम्बर ।

श्री [मूल निकायको नाम] को नेपालमा रहेको स्थायी संस्थापनको देहाय बमोजिम कर भुक्तानी गरेको र देहाय अनुसार कर सहुलियत पाएको व्यहोरा प्रमाणित गर्दछौं।

| | |
|---|---|
| करदाता स्थायी संस्थापनको नामः<br>करदाताको मूल निकायको नामः<br>स्थायी लेखा नम्बरः | |
| आय वर्षः | |
| आयकर ऐन, २०५८ को दफा ११ बमोजिम कुनै सुविधा मिलान नगरी हुने आय रु. | |
| संस्थागत आयकरको दर | २५% |
| आयकर ऐन, २०५८ को दफा ११ बमोजिम गणना गरिएको कर सुविधा<br>आय रु.<br>सुविधाको कर रु. | |
| भुक्तानी गरेको आयकर रु.[शुल्क र व्याज बाहेक तर विदेश पठाएको आयमा लागेको कर सहित] | |

दस्तखत ---------------------

कर अधिकृत